दायित्व

(मासिक)

वर्ष १० | पौष २०५३ | पूर्णाङ्क - २७

प्रधान संपादक/प्रकाशक
रामप्रसाद पन्त

व्यवस्थापक
लक्ष्मी पन्त

संपादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा

विज्ञापन सहयोगी
विनोद डुंगेल

प्रतिनिधि
केशवराज पन्त
नारायण शर्मा

सहयोगी
उपेन्द्र डुंगेल
मुकुन्द शर्मा
बासु घिमिरे

कार्यालय
वा.नं. १- ६०१ चाबहिल, काठमाडौं
पो.ब.नं ६७६६, काठमाडौं

सहयोग : संस्थागत रु. ३०/-
व्यक्तिगत: रु. १०/-

अन्तर्वार्ता:

साहित्यिक उत्थानकोलागि अपवित्र गठबन्धन रहनु हुँदैन
-जगन्नाथ शर्मा त्रिपाठी ——— ३ — प्रस्तुति:- रामप्रसाद पन्त, ठाकुर शर्मा

कथा / बालकथा

हीरा ——— १३ — शंकर कोइराला
नीलो आकाश पारि ——— २८ — तेजप्रकाश श्रेष्ठ
कस्तो विवशता ! ——— ४१ — गुरुभक्त धिताल

निबन्ध / समालोचना

नेपाली उपन्यासमा सामाजिक चिन्तन: स्वरुप र दिशा ——— १५ — डा. ऋषिराज बराल
मनका रागहरू: भावनाका छालहरू ——— ३१ — इन्द्रकुमार श्रेष्ठ 'सरित्'

यात्रा / संस्मरण

कागको प्रतिशोध ——— ११ — रमेश विकल
अज्ञात युवति ——— ३५ — रामप्रसाद पन्त
आफ्नै खोजका पाइला सार्दा ——— ३९ — सूर्य सेन

कविता / गीत / गजल / मुक्तक

केदारमान व्यथित-१ / चेतबहादुर कुँवर-१ / दैवज्ञराज न्यौपाने-१ / हरिहर प्रदिप घिमिरे-९ / भरतराज शर्मा 'मन्थलीय'-१० / मोहन बन्जाडे-१२ / रामप्रसाद जोशी-१४ / मञ्जु काँचुली-२४ / कैलाशसिंह ठकुरी 'आँशु'-३० / मजुल-३० / वी.पी. शाही-३३ / गोकुल अधिकारी-३३ / पाण्डवराज कार्की-३७ /
साथमा- कृति परिक्रमा / दायित्व बोल्छ ! / साहित्यिक गतिविधि आदि ।

मुद्रक :- अल प्रिन्टिङ्ग प्रेस फोन नं. ४७४१०५, ५२६४९०, ५२६५१३

कम्प्यूटर
अल प्रिन्टिङ्ग प्रेस फोन नं. ४७४१०५, ५२६४९०, ५२६५१३ लगनखेल, बसन्तपुर

आवरण :- रमेश पौडेल

संपादकीय

☆ यस वर्षको समाप्ती संगसंगै प्रकाशनको एक दशक पुरा हुदैंछ । दशवर्षको लामो समयमा दायित्व प्रकाशनले समसामयिक अंङ्क को अलावा बालबालिका दशक अंक, जन आन्दोलन अंक, दायित्व महोत्सव अन्तरगत पुरस्कृत प्रतिभा विशेषांक,भारतीय नेपाली साहित्यिक विशेषांक, कविता विशेषांकहरू प्रकाशित गरिसकेकोछ । यी सबै अंक, विशेषांङ्कहरु कत्तिको फलदायी वा उपयोगी रहे पाठक, समालोचकहरुबाटै मूल्यांकन हुने कुरा हो ।

☆ अब प्रकाशन हुने २८ औं अंक कथा विशेषाङ्कको रुपमा प्रकाशित हुनेछ । र, यस अन्तरगत कथा/लघुकथाको अलावा (१) कथाबारेका समालोचनाहरू, (२) कथाको सैद्धान्तिक पक्ष र (३) तपाईको विचार अन्तरगत विभिन्न महानुभावहरुबाट आजको सन्दर्भमा कथा कस्तो हुनुपर्ने त ? भन्ने धारणाहरू समेत संकलन गरी प्रकाशित गर्ने प्रयास गरिने छ ।

☆ दायित्व मासिक रुपमा रजिष्टर्ड भएको कारण प्रकाशित अंकहरूमा पनि मासिक उल्लेख गर्ने हाम्रो परंपरा रहेको छ । तर पत्रिका भने मासिक रुपमा नभै त्रैमासिक वा चौमासिक रुपमा प्रकाशित हुने गरेको छ । यसका पछाडि दायित्व प्रकशनका विभिन्न व्यथाहरू लुकेका छन, कुनै आन्तरिक कुनै सर्वजनिक । आन्तरिक व्यथाहरु आफ्नै कमजोरी वा विश्वसनियता माथिका प्रश्नहरू भएकोले उल्लेख गर्न सान्दर्भिक नहोला । बाह्य व्यथाहरुलाई त प्रत्येक साहित्य साधकले बुझेको वा भोगेको हुनाले हामीले प्रस्ट पारि राख्न आवश्यक हुनेछैन ।

☆ साहित्यिक पत्रिका माथि प्रेश काउन्सिलको आशाजनक दृष्टि वा शुरुआत देखा परेको छ । केही नै नहुनु भन्दा त्यति मात्र हुनु पनि ठूलो कुरा हो । तर यसको गति बीच बाटोमा पुगेर रोकिने वा कछुवा गतिमा हिंड्ने चाहीं नहोस् र सहयोग वा पुरस्कारको उचित मापदण्ड तयार होस् । हाम्रो शुभकामना !

कामना

केदारमान 'व्यथित'

१ भूमिसंग असबद्ध आकाशमा
न त उडान भर्न खोजेको छु
मैले ।

२ न तृष्णिकालाई नदी ठानीरहने
मृगहरू कै नियतिलाई
भोग्न खोजेको छु
मैले ।

३. न दूर बनमा
बलिरहेको दावाग्निलाई
ताप्न जाने आसले
हिम-नदमा
नुहाउन नै खोजेको छु
मैले ।

४. पृथ्वी र आकाशको
नजोडिने दूरीलाई
इन्द्रेणी कै सेतुले
जोड्न खोजेको छु
मैले ।

५ केवल एउटै मात्र कामना छ
मेरो, -
अर्थ - आलोकका साथ
प्रकाश कै गति भएका
शब्दावलीहरू कै
सयोजनद्वारा
अलङ्कृत एवं चमत्कृत
उदय र
विस्तार कै तेजस्वितापूर्ण कथा
लेख्न चाहन्छु म आफ्नो देशको,
यसकारण कि विश्वको सन्मुख
नव-सूर्य कै रुपमा
आफ्नो पहिचान प्रस्तुत गर्न सकूँ म ।

दुई अभिव्यक्ति

डा.चेतबहादुर कुँवर

१. मेरो पौरखी जीवन
संघर्षमय जीवनका लहरहरूमा
सफलताको लागि
जीवन तड्पेको
आफै घसेको
आफै लडेको ।
म कसरी बिर्सु
ती दिन
मेरो बाल्य-जीवन
मेरो पौरखी जीवन ।

२. हुँदैन यहाँ
शून्य हुँदैमा जीवन यहाँ
सुकेको पात जस्तो हुँदैन
छाप छाड्दैमा यहाँ
अमरताको बाटो हुँदैन

गीत

घुन्टोभित्र कान्तिपुरी

-देवजराज न्यौपाने

हिउँदका दिन लागे जब हुस्सु लाग्यो
घुन्टोभित्र कान्तिपुरी छोपिएझैं लाग्यो ।

चाँडै सुत्छ सहर यो व्युँझदैन छिटै
काम नभै निकलदैन कोही पनि कतै
लुम्लुगाउँछन् केटाकेटी बूढाबूढी काँप्छन्
तन्नेरीका पाइला पनि अल्झिएझैं लाग्छन्

चिसो पानी छोयो कित झन्झनाउँछ जीउ
निकै तल ओलिएर परे पछि हिउ
बन पनि बैलाउँछ बैलाउँछ मन
हिउँदका दिन हुन्छन् सधैं यस्ता किन ?

पानीमाथि ऐना जन्छ ठिहिन्याउँछ झरी
सेलाएझैं घाम लाग्छन् तुसारामा परी
रात आन्छन् लम्बिएर छोटा हुन्छन् दिन
गलेवन्द भए हुन्थ्यो कानटोपी किन ?

साहित्यिक उत्थानकोलागि अपवित्र गठबन्धन रहनु हुँदैन ।

जगन्नाथ शर्मा त्रिपाठी

प्रत्येक आइतबार बिहान रेडियो नेपालबाट प्रसारित हुने धार्मिक कार्यक्रम अन्तर्गत गर्ग संहितामा केन्द्रित रहेर प्रवचन दिने प्रसिद्ध विद्वान् जगन्नाथ त्रिपाठीसंग केही जिज्ञासा लिएर हामी उहाँको हालको निवास ज्ञानेश्वर पुग्यौं । त्यसबेला उहाँले अगाडिपट्टि गर्ग संहिता पल्टाएर पलेंटिकसी बस्नु भएको थियो र कोखैमा बसेकी नातिनीको सम्बन्ध राख्ने एउटी नवयौवनालाई (जो मृत्यु र मृत शरीरदेखि डाराउँथिन्) तिमी जीवित मनुष्यदेखि डराऊ, मृत्यु वा मृतकदेखि किन डराउने भन्ने तत्वबोध गराउँदै हुनुहुन्थ्यो ।

वि.सं. १९९६ साल बैसाख २७ गते सुनखानी टोलखामा पिता पं. प्रभाकर त्रिपाठी र माता पद्म कुमारी त्रिपाठीको कोखबाट जन्मिनु भएका श्री त्रिपाठीले प्रारम्भिक शिक्षा स्व. पिताबाटनै ग्रहण गर्नु भयो भने तत् पश्चात् भारतको पश्चिम बंगाल प्रान्तबाट व्याकरणाचार्य, प्राचीन न्यायशास्त्री र साहित्य रत्न पं. राजजन पाण्डेसंग व्याकरणको उच्च अध्ययन गर्नु भयो । त्यसपछि काव्य तीर्थ, पुराण तीर्थ आदि गरेपछि विविध दर्शनका प्रकाण्ड विद्वान् पञ्चानन शास्त्रीबाट विविध दर्शनको तलस्पर्शी अध्ययन गर्नुभयो । अध्ययनको क्रममा उहाँले इलाहाबादबाट हिन्दी साहित्यमा विशारद र नेपाल फर्केपछि त्रि.वि.वि.बाट नेपालीमा स्नातकोत्तर को उपाधि ग्रहण गर्नुभयो ।

आफूलाई सामवेदी ब्राम्हणको रुपबाट परिचित गराउने श्री त्रिपाठीले भारतमा छंदा उच्चस्तरका असंख्य धार्मिक एवं संस्कृत लेखहरू प्रकाशित गर्नु भएको छ । यस्तै उत्कृष्ट लेख रचनाहरू प्रकाशित गरे बापत भारतको अयोध्यामा जगद्गुरु शंकराचार्यको हातबाट दोसल्ला ओढाई प्रदान गरिनु सम्भान्त विद्वान्, साहित्य रत्न र साहित्य भूषणको उपाधि समेत प्राप्त गर्नु भएको छ । नेपाल फर्केपछि उहाँले गो.प., मधुपर्क, प्रज्ञा, कविता, हिमानी, त्रिफला, रचना, सृष्टि, हंस लगायत वेगिन्ती पत्रिकाहरूमा असंख्य साहित्यिक एवं व्याकरण लेखहरू प्रकाशित गर्नुभएको छ । यति मात्र होइन उहाँले न्याय, मीमांसा, सांख्य, वेदान्त, योग आदि प्राचीन दर्शन र बौद्ध, जैन, चार्वाक आदि अर्वाचीन दर्शनहरू तथा साहित्य, पुराण, कर्मकाण्ड र धर्मशास्त्रको पनि सम्यग् ज्ञान प्राप्त गर्नु भएको छ ।

आफ्नो रचना दोहोऱ्याएर हेर्न बानी नभएका श्री त्रिपाठीका प्रकाशित धेरै र चनाहरूको रेकर्ड प्राप्त छैन र कति र चनाहरू हराएका छन् । तैपनि उहाँका संस्कृतका पाठ्यपुस्तक-२ पुरुषोत्तम महात्म्यको अनुवाद-१ चन्द्र सहस्रदर्शनोद्यापन-१ व्याकरणका पुस्तकहरू - ७ रुक्मिणी परिणयम् (महाकाव्य) को विवेचना-१ कवि धरणिधर कोइराला समग्र-१ गरी जम्मा १३ पुस्तकहरू प्रकाशित छन् । सम्मान वा पुरस्कारको हकमा शिक्षा पुरस्कार, 'वीरेन्द्र' पत्रिकामा उत्कृष्ट लेखकोलागि वीरेन्द्र पदक र केही स्वर्ण पदकहरू छन् ।

आडम्बरपूर्ण प्रचार नचाहने कामको माध्यमले मात्र परिचित हुन चाहने श्री त्रिपाठी मिलनसार, मृदुभाषी, नम्र र परोपकारी हुनुहुन्छ । हाल उहाँ त्रि.वि.वि. अन्तर्गत पद्म कन्या क्याम्पसमा स्नातकोत्तरतहका छात्राहरूलाई प्राध्यापन गर्नुहुन्छ ।

प्रस्तुत छन्- दुई दिनका करिब सात घण्टा बीचमा भएका वार्तालापहरूको सार संक्षेप:-

प्रश्न न. १- यहाँको लेखन प्रारम्भ कहिले र कुन विधाबाट भएको हो ? साथै सर्वप्रिय रचना कुन हो ?

त्रिपाठी - सन् १९५६ को अखिलतिर पारसमणि प्रधानको संपादकत्वमा निस्कने 'भारती',मा छापिएको 'वर्षा वर्णन' नामक अनुष्टुप छन्दमा लेखिएको कविता आरम्भिक रचना हो । बनारसबाट निस्कने 'दीपक' मासिक पत्रिका मार्फत् मेरो लेखनक्रम अगाडि बढ्यो भने दार्जिलिङबाट निस्कने ' दीयो' मा पनि मेरा प्रशस्त रचनाहरू छापिए । वास्तवमा म कुनै त्यस्तो सृजनशील साहित्यकार होइन । हुन त मसंग धेरै सामग्रीहरु छन् , विभिन्न विषयवस्तुको मैले अध्ययन गरेको छु र ध्वनि,रस, रीति अलकार आदिको अनुभव छ तापनि कविता वा त्यस्तो सृजनशील रचना प्रति मेरो रुचि छैन । व्याकरण र दर्शन मलाई औंधी प्रिय लाग्छन्, व्याकरण मुख हो भने दर्शन मस्तिष्क ।

सर्वप्रिय रचना यही हो भनेर त भन्न सक्तिन किनकि आफ्ना सृजना आफूलाई सबै प्रिय लाग्छन् तापनि निबन्ध र समालोचना लेख्ने भएकोले मेरो मुख्य एवं प्रिय विधा यसैलाई माने हुन्छ ।

प्रश्न नं २ - महाकवि देवकोटा, कवि शिरोमणि लेखनाथ र नाटककार समकालीन समय नेपाली साहित्यको लागि उर्वर समय थियो । त्यसपछिको साहित्यिक गति ह्रासोन्मुख हुँदैछ भन्ने अनुभव गरिदैछ । यहाँ के भन्नु हुन्छ ?

त्रिपाठी - ह्रास भन्ने कुरामा विभिन्न मतहरू छन् । केही प्रतिभाशालीहरू पनि नजन्मेका होइनन् तर यी तीनजना व्यक्ति यस्ता हस्ती निस्के कि उनीहरूको दाजोमा हिड्न सक्ने मानिसै भएन । यस्ता व्यक्तिहरू सधैं जन्मिँदैनन्, शताब्दीमा एकचोटी मात्र पैदा हुन्छन् । त्यस्तै व्यक्तिहरूमा गनिने विभूति हुन् यी त्रिमूर्तिहरू ।

भानुभक्तलाई लिऊँ-जीवनमा मोतीराम र भानुभक्तको एक चोटी मात्र भेट भयो । मोतीरामको अन्नप्राशन भानुभक्तले गराएका थिए भन्ने किम्वदन्ती छ । भानुभक्तपछि उनका छोराहरू ले केही लेखेनन्, केही गरेनन् । भानुभक्तले थालेको काम अगाडि बढाउने मोतीराम मात्र भए । यसरी भानुभक्त पछि मोतीरामको समयान्तरमा एउटा अन्तराल देखापर्‍यो त्यसैगरी मोतीराम पछि उदीयमान् प्रतिभाको रुपमा धेरै समय पछि लेखनाथ देखापरे । साधारण प्रयोगमा आउने शब्दहरू उपयोग गरेर लेखनाथले साहित्यिक गतिलाई धेरै अगाडि बढाए ।

देवकोटालाई प्रेरणा दिनेमा मूलतः लेखनाथ भए । साधारण शब्द प्रयोग गरेर ज्याउरे भाषामा लेखिएको साहित्यिक कृति सुना मदन लिएर लेखनाथ कहाँ जाने आँट देवकोटालाई थिएन । एकचोटी जसोतसो आँट गरेर देवकोटा लेखनाथ कहाँ गए । पहिले घुमाई फिराई कुरा गरिसकेपछि वल्लतल्ल रचना निकालेर देखाए । लेखनाथले देवकोटाको प्रस्फुटित हुन थालेको प्रतिभालाई पत्ता लगाएर भने - तिमीले ठूलो उत्साह गरेछौ, लेख्न ज्यादै राम्रो छ , यसलाई अगाडि बढाऊ । तिनी नहान् व्यक्तिहुन सक्छौ ।

यदि लेखनाथले 'यस्तो छुसी ज्याउरे पनि कहीं साहित्य हुन्छ ? तिमी त पढ्ने लेख्ने मान्छे पो ! पहिले राम्रोसंग पढ अनिमात्र लेख्न शुरु गर' भन्ने खालको मात्र कुरा गरेर पठाइदिएको भए सायद देवकोटाको उत्साह त्यसै मरेर जान्थ्यो । अर्थात् उनको प्रतिभा प्रस्फुटित हुन र मौलाउन सक्ने थिएन ।

पहिलेको शिक्षा प्रणाली बेग्लै खालको थियो । एकातिर संस्कृत शिक्षा थियो भने अर्कोतिर सेस्ता शिक्षा । सेस्ता शिक्षामा पाँच पास, छ पास गरी एघार पाससम्म हुन्थ्यो । त्यसबेला अंग्रेजी पढाइदैनथ्यो । एघार पासवाला दरबारका मीरसुब्बा सर्वोच्च न्यायालयका प्रधान न्यायाधीश र यतिसम्म कि बीर अस्पतालका औषधी बाँड्नेसम्म हुन्थे । हैजा, आँठे, बिफर, दादुरा त्यसबेलाका प्रमुख रोग थिए र गलगण्ड रोगीहरूको चाप पनि त्यसबेला प्रशस्त थियो । औषधीको प्रयोग अनुभवको आधारमा गरिन्थ्यो । औषधी विज्ञान सम्बन्धी बेग्लै शिक्षा दिने चलन थिएन ।

बेलायतबाट फर्कंदा जंगबहादुरमा अंग्रेजीको प्रभाव परेकोले राणाहरूलाई अंग्रेजी शिक्षादिने उद्देश्यले दरबार हाइ स्कूल खोले र बंगालीहरूलाई बोलाई अंग्रेजी शिक्षक नियुक्ति गरे । संस्कृत पढाउनेहरूमा वासुदेव भट्टराई र तिलमाधव देवकोटा थिए । यस्ता विद्वानहरूबाट समलाई शिक्षादीक्षा दिइयो । तर आइ.एस.सी.मा अध्ययन गर्दा गर्दै चन्द्र शमसेरले सैनिक तालिममा पठाए । ताकि ग श्रेणीको राणाले प्रसिद्धि कमाएर हामीलाई तल नपारोस् । समको 'मुटुको व्यथा' त्यसैको परिणाम हो । धेरै जसो बाट 'बाबु साहेब' ले सम्बोधन गरिने समले सैनिक तालिमबाट शरीरलाई अरू सुसंगठित बनाए र घोडा कुदाउनमा सिपालु भए तर प्रतिभालाई माछु भनेर किन मर्‍यो । स्वाध्ययनबाट नै उनी कालान्तरमा गएर नाट्य महारथी बन्न पुगे ।

सन् १९५३ तिरको कुरा हो - एकचोटी लेखनाथ, देवकोटा र सम दार्जिलिङमा आमन्त्रित गरिए । करिब २५/२६ दिनको बसाइमा त्यहाँ कहिले कस्को स्वागत त कहिले कस्को सम्मानमा विभिन्न साहित्य समारोहहरू गरिए । ठूलो उत्सव भयो । श्री त्रिपाठी भन्नुहुन्छ - त्यसबेला म त्यहाँ छात्रको रुपमा थिएँ र करिब १३/१४ वर्षको मेरो उमेर थियो । उहाँहरूसग मेरो औपचारिक परिचय त्यहीं भएको हो । त्यहाँ एउटा कार्यक्रममा समलाई दर्शकहरू मध्येबाट सेक्सपियरको एउटा नाटक अन्तर्गत एउटा दृश्यको अभिनय गर्न आग्रह गरियो । देख्दा गम्भीर र धैर्यशाली लाग्ने त्यस्ता व्यक्तिले त्यो अभिनय गर्ला भन्ने कसैले सोचेको थिएन तर समले सेक्सपियरकै पात्रले प्रयोग गरेका अंग्रेजी भाषाका डाइलगहरू हुबहु प्रयोग गरेर जस्ताको तस्तै अभिनय

गरेको देख्दा सारा दर्शक आश्चर्य चकित भए ।

ती विभूतिहरू एकै ठाउँमा बस्दा यस्ता प्रतीत हुन्थे -मानौ कि शुभ्र तपस्वी लेखनाथ बाबु हुन् र दायाँ बायाँ बस्ने एउटा सौम्य एवं सरल प्रकृतिको र अर्कोतिर ओजस्वी प्रकृतिका दुई छोरा हुन् ।

देवकोटालाई सिद्धान्तहीन र अस्थिर स्वभावका भनी आलोचनागर्ने समले अनेक ठाँउमा प्रतिस्पर्धा गरेर देवकोटाको प्रतिभालाई दबाउन प्रयास गर्थे तर सक्तैनथे । एकचोटी साहित्यिक चर्चाके क्रममा देवकोटाले एउटा महाकाव्य त म दशै दिनमा लेखिसक्छु भने । पुष्कर शमसेर, सम लगायतका केही व्यक्तिहरूले उनको खिल्ली उडाउँदै भने- लेखिसकेको कुनै काव्य दशै दिनमा लेखें भनेर पनि त देखाउन सक्छौ । प्रत्युत्तरमा देवकोटाले भने - नाम, विषय, पात्र र घटना कस्तो हुनु पर्ने सो अवगत भए म त्यसै परिधि भित्र रहेर तयार गर्ने छु । काम कुरो त्यसै अनुरुप भयो - नाम छानियो-सुलोचना । नायिका प्रधान महाकाव्य/, शत्रु मर्दन (बाबु) , चण्ड मर्दन, तिमिर मर्दन (दाजु भाइ) सुलोचना (बहिनी) अनंग (नायक) कथाको प्रकृति- वियोगान्त । यसै शर्त बमोजिम देवकोटाले महाकाव्य तयार गरेर सबैलाई चकित तुल्याइदिए ।

वास्तवमा देवकोटालाई समले प्रतिभालाई ठाउँमा लगाउन नसक्ने नियम र सिद्धान्त नभएको भनी आलोचना गर्थे । देवकोटाका यिनै अव्यवस्थितिको कारणबाट समलाई माथि उठ्न सजिलो भएको हो ।

प्रश्न नं.३ - चार दशक भन्दा बढी समयसम्म अध्यापन पेशामा लागेर यहाँले नेपाली भाषाको सेवा गर्नु भयो । यस अवधिमा नेपाली भाषाको विकासको गति कुन दिशातिर उन्मुख हुँदैछ- यहाँ को दृष्टिमा ?

त्रिपाठी -'हो, मैले करिब १५/१६ वर्षको उमेरदेखि अर्थात् माध्यमिक पाठशालामा पढाउँदाको अवस्थादेखि नै नेपाली भाषाको मूल्य र मान्यताप्रति गहीरो चिन्तन गर्न थालेको हूँ यसबाट मलाई के अनुभव हुँदै आयो भने- जिउँदो भाषा निरन्तर विकशित भै नै रहन्छ । तर त्यो भाषा कहिले सुमार्गतिर र कहिले कुमार्गतिर गैरहेको हुन्छ । त्यसलाई सम्हाल्नु पर्छ । हाम्रो भाषाले गति नलिएको होइन । हाम्रो भाषा उच्च र सुसंस्कृत छ । तर क्रमागत रुपमा विकृत हुँदै गैरहेको महसूश हुँदैछ । यहाँ बोलिने दोस्रो प्रचलित भाषाले पनि प्रभाव पारेको छ नेपाली भाषालाई । कसैले म त गयो है, भनेर हिड्यो भने तैले यसरी बोल्नुहुन्न भन्दैनौ हामीहरूले र भन्न मिल्दैन पनि । यस्तै अन्य भाषामा पनि प्रयोग हुने गरेको छ । जस्तै "सिपाहीयोंको लडाइ पर भेजा जाता है" हिन्दी भाषामा प्रयोग गरिने वाक्य हो यो । तसर्थ यहाँ बोलिने हिन्दी भाषा, हाम्रा गुरुजनहरू र हिन्दुस्तानमा लेखिएका हिन्दी भाषाटीका भएका संस्कृतका किताबहरूले पनि हाम्रो भाषालाई प्रभाव पारेकोछ ।

घटं भिन्द्यात् पटं छिन्द्यात् कुर्याद्रासभरोहणम्
येन केन प्रकारेण प्रसिद्धपुरुषो भवेत् ।

अर्थात् जसरी हुन्छ प्रसिद्धि कमाउने आजका हाम्रा विद्वान्हरूको सोचाइ भएर नै भाषाको अवनति हुन गएको छ । यहाँ भाषाको चिन्तन छैन, ठूला बडा जानिफकार विद्वान्हरूमा पनि । विद्वान्हरूले नजानेर गरे भन्ने कुरा होइन, आफूलाई बढी प्रसिद्ध पुरुष बनाउनकोलागि वितण्डा मच्चाउन थालिएको छ हामीकहाँ । यसरी नेपाली भाषा अव्यवस्थाको चरमसीमातिर गैरहेको छ ।

वैदिक कालपछिको अवस्था अकर्मण्यतातिर उन्मुख हुन थाल्यो, विभिन्न उपनिषद्हरू जन्मे । कारण- संस्कृत भाषामा पाली भाषाले पनि स्थान पाउन थाल्यो, अन्य भाषाहरू पनि समाविष्ट गर्न थालिए । संस्कृत भाषा छ्यासमिसे हुन थाल्यो । परिणाम स्वरुप पाणिनिको जन्म भयो । उनीले व्याकरण तयार गरे र सांस्कृतिक नियम बसाले । केहीको भनाइमा उनकै कारणले संस्कृत भाषाको उदात्त विकास रोकियो । स्वच्छन्दतामा अवरोध आयो । जसले जे सुकै भने पनि उनीले अस्तित्व मेटिन थालेको संस्कृत भाषाको संरक्षण गरे । हामीकहाँ पनि आज नेपाली भाषाको सरक्षणगर्न त्यस्तै पाणिनिको खोजी भैरहेको छ ।

हाम्रो भाषाका कति प्रचलित शब्दहरू संस्कृतमा छैनन् । त्यस्ता शब्दहरू संस्कृत शब्द जस्तै प्रयोग गरिन्छन् । जस्तै- एकत्रित, सम्मेलन, स्तरीय, सृजना आदि । यसैगरी 'मेरी एउटी बहिनी छे' (छ) ' दिदी' छिन् (छन्) 'तिमी छ्यौ' (छौ) 'तं छेस्' (छस्) यस्ता प्रयोगहरू व्यापक रुपमा प्रयोग हुनेगरेका छन् । धेरैले संख्या पुऱ्याउनकोलागि व्याकरण लेखेका छन् । तिनको उपयोगिता ज्यादै कम भएको छ । खास गरेर हेमराज गुरुज्यूको 'चन्द्रिका' उत्कृष्ट नेपाली व्याकरण हो । काश्यप संहिता र जीवक संहिता (चिकित्सा संबन्धी संहिता) मा उहाँले २६० पेजको

भूमिका लेख्नु भएको छ । त्यो हेरेपछि उहाँको विद्वत्ताको चरम उत्कर्ष थाहा हुन्छ । यसैगरी व्याकरण लेख्नेहरूमा दोस्रा लोकनाथ, तेस्रा पुष्कर शमशेर, चौथा गोपाल पाण्डे 'असीम' हुन् ।

यसको धेरै समयपछि एकेडेमीले चूडानाथ भट्टरायको संयोजकत्वमा व्याकरण समिति गठन गऱ्यो र लेख्ने जिम्मा रोहिणीप्रसाद भट्टराईलाई दियो । तर त्यो न त रोहिणी प्रसाद भट्टराई ले लेखे अनुसार निस्क्यो न त समितिको सोचाइ अनुसार नै भयो । त्यसैले त्यो व्याकरण निभ्रान्त बन्न सकेन । तथापि तेनका धेरै सिद्धान्तहरू नेपाली भाषाका नजिकमा पुगेका देखिन्छन् । अब आएर नेपाली भाषा माथि बितण्डा फैलाउने काम हुन थालेको छ । त्यो व्याकरणका लप्टाहरूले जानीबुझीकन यो गल्ती गरिरहेका छन् । आज प्रयोगमा आइरहेका यिनी, तिनी, उनी हाम्रा शब्द होइनन्, बंगाली हुन् । हाम्रा शब्दहरू त यी (इ) ती, उ, (आदरार्थी-ऊ) हुन् ।

सिबकाका दुई पाटा भए जस्तै मानिसका पक्ष पनि दुवै हुन सक्छन्-सकारात्मक र नकारात्मक । हामीले भाषाका विकृत पक्षलाई छाडेर राम्रो पक्षमा ध्यान दिनुपरेको छ । जब भाषाका अपठ्यारो स्थिति आउंछ त्यसबेला व्युत्पत्तिको शरण लिनुपर्छ । राम्रो भाषा संस्कृत भाषाको हुबहु अनुवाद होइन वरु हिजो आजका नेपाली व्याकरणहरूमा अंग्रेजी व्याकरणको सरणी चाहीं केही अंगालिएको देखिन्छ । साच्चै नै भाषाको विषयमा भन्नु पर्दा वि.स. १९७३ मा चन्द्रिका छापिनु भन्दा पहिले हिन्दी व्याकरण छापिएको थियो र त्यसबाट नेपाली भाषामा व्याकरण लेख्न सजिलो परेको अनुभव हुन्छ ।

उल्लेखित व्यक्तिहरूले व्याकरण लेखेपछि नेपाली भाषाको व्याकरण लेख्ने प्रक्रिया टुङ्गियो त ? होइन । अहिलेसम्म त नेपाली भाषाको व्याकरण एक छेउ पनि लेखिएको छैन । अरू धेरै लेख्न बाँकी छ । वास्तवमा भन्ने हो भने अहिलेसम्म पनि व्याकरण लेख्ने आधार तयार भएको छैन । नेपाली भाषाको विकृतावस्था दिन प्रतिदिन चरम चुलीतिर लाग्दैछ । यही क्रम रह्यो भने अबको पच्चीस वर्षपछि नेपाली व्याकरण लेख्ने आधार नै भेटिने छैन । किनकि तबसम्म नेपाली भाषा खिचडी जस्तै भैसकेको हुनेछ ।

भाषाको कुनै पनि शब्दको विकासको क्रममा त्यसको मूल अनुसारकै विकास प्रक्रिया निहित हुन्छ । जस्तै नदीका प्रवाहमा परेका विभिन्न आकारका ढुङ्गाहरू मध्ये सबैलाई नदीले बाटुलो लोहोरो बनाउन सक्तैन र ती कुँदिएका चिल्ला ढुङ्गाहरू उनीहरूको प्रारुप अनुसार विभिन्न आकृतिका बनेका हुन्छन् । शब्दको विकास प्रक्रिया पनि लगभग त्यस्तै हुन्छ ।

सफल नेपाली व्याकरण लेख्न कहाँ जाने ? कस्तो व्यक्ति छान्ने ? कसरी लेख्ने ? भन्ने प्रश्नहरू उठ्न सक्छन् । उत्तर सजिलो छ - नेपाली व्याकरण लेख्न कहीं जान, केही पढ्न र कुनै विदेशीलाई गुहार्नु पर्दैन । नेपाली भाषाको गहन अध्ययन गर्नेले नग्न रुपमा रहेकी मातृभाषालाई सूक्ष्म रुपमा हेर्न सक्नुपर्छ त्यस्तो सूक्ष्म दृष्टि राख्ने व्यक्तिलेमात्र सफल नेपाली व्याकरण लेख्न सक्छ । आगामी दिनहरूमा यो काम हुनैपर्छ, अन्यथा मैले भनिसकें- पच्चीस वर्षपछि नेपाली भाषाको मूल रुप हराएर जानेछ ।

प्रश्न न. ४ - यहाँका निबन्ध र समालोचनाहरू के कस्ता विषय वस्तुमा आधारित हुने गरेका छन् ?

त्रिपाठी - मेरा निबन्ध वस्तुपरक र समालोचना कृतिपरक, धार्मिक, साहित्यिक, दर्शन सम्बन्धी र व्याकरणमूलक हुने गरेका छन् । मैले लेखनाथको बारेमा केही लेखेको छैन । वास्तवमा उनको बारेमा लेख्ने कुनै विषयवस्तु नै पाउँदिन । केही लेख्न भावनाको गहिराई वा कल्पनाको उडान चाहिन्छ तर लेखनाथमा यस्तो संन्तुलन पाइन्छ, जस्मा टिप्पणीको अवसर नै छैन । त्यसैले उनका कृतिलाई श्रद्धाले पढिदिने मान्छेभए पुग्छ । तर देवकोटाको बारेमा मैले धेरै लेखेको छु । किनकि उनका कृतिहरूमा काल्पनिक उडान छ , भावनात्मक गहिराई छ । उनको शाकुन्तल महाकाव्यलाई मैले गहिरिएर अध्ययन गरेको छु र लेखेको छु । शाकुन्तल सम्बन्धी समालोचना गोरखापत्रमा प्रकाशित हुन थालेपछि त्यसैलाई आधार बनाई विभिन्न लेखकहरूबाट लेखिएका समालोचनाहरू यति आउन थाले कि गो.प.को सम्पादकीय शाखालाई सम्हाल्न पनि गाह्रो पऱ्यो ।

त्यसपछिका दिनहरुमा मैले सम, पारिजात आदिका कृतिहरूमाथि पनि केही समालोचना गरेको छु । तर ग्रन्थको रुपमा प्रकाशित गर्न सकेको छैन । मैले मूलतः तीन किसिमका समालोचनाहरू लेखेको छु- कृतिपरक समालोचना, विचारमूलक समालोचना र शास्त्रीय अध्ययनमूलक समालोचना । यी सबैलाई संलग्न गरेर ग्रन्थको रुपमा प्रकाशित गर्ने हो भने कृतिपरक समालोचना ७/८ सय पेज, विचारमूलक समालोचना एक हजार

पेज र शास्त्रीय अध्ययनमूलक समालोचना पाँच सय पेज का विशाल ग्रन्थ हुन सक्नेछन् ।

श्री ५ महेन्द्रको दार्शनिक विषयमा पनि मैले समालोचना गरेको छु । मैले उनलाई राजाको रुपमा नलिएर एउटा कविको रुपमा हेरेर समालोचना गरें । जस अनुसार मैले उनलाई 'महेन्द्र दार्शनिक होइनन्, दर्शन उनको विषय होइन' भनेर आफ्नो धारणा प्रकट गरें । त्यो उनले हेरेछन् । जसबाट प्रभावित भएर राजा महेन्द्रले मलाई दरबारमा बोलाएर लेखिएका कुराहरू हेरी आफू प्रभावित भएको कुरा बताए । र अरु धेरै लेख रचनाहरू लेख्ने प्रेरणा दिंदै आफ्ना तीनवटा किताब दिई पठाए । दरबार प्रवेशका नियमहरूलाई पालन गर्दै त्यहाँ पुग्न मलाई जति असजिलो लाग्यो त्यति असजिलो राजा महेन्द्रसंग वार्तालाप गर्दा भएन ।

प्रश्न नं. ५ - समालोचना के हो र कस्तो हुनुपर्छ भन्ने यहाँलाई लाग्छ ?

त्रिपाठी - समालोचना र आलोचना भनेको एउटै कुरा हो । किनभने कृतिमाथि गहिरिएर अध्ययन गरियो भने त्यो समालोचना हुन्छ । तर हिजो आज समालोचनालाई सकारात्मक पक्षमा र आलोचनालाई नकारात्मक पक्षमा लिने गरिन्छ । मानिस जतिसुकै ठूलो पदमा पुगेको होस् वा जतिसुकै ठूलो ओहदामा आसीन भएको होस् त्यसको स्थानलाई आदरभाव राखेर निस्पक्ष समालोचना गनुपर्छ । वास्तवमा व्यक्ति र कृतिलाई अलग गरेर समालोचना गरियो भने सच्चा समालोचना हुनजान्छ । संक्षेपमा भन्नुपर्दा समालोचना भनेको कसैको कृतिको तटस्थ मूल्याङ्कन हो ।

प्रश्न नं. ६ - यहाँको जीवनकालमा घटेको कुनै त्यस्तो उल्लेखनीय सुखद् वा दुःखद् घटना भए बताइदिनुहुन्छ कि ?

त्रिपाठी - यस प्रश्नले मलाई एउटा नीति श्लोक याद आयो -

अधमा धनमिच्छन्ति धनमानौ च मध्यमाः ।
उत्तमा मानमिच्छन्ति मानो हि महतां धनम् ॥

अर्थात् अधम पुरुषहरू धनको इच्छा गर्छन्, मध्यम पुरुषहरू धन र मान दुवै चाहन्छन्, तर उत्तम पुरुषहरू खालि मानको मात्र चाहना राख्छन् । त्यसकारण मानलाई नै ठूलो धन मानिएको छ । यस्तो शास्त्रीय कथन छ । जुन सत्य पनि हो । तर हिजो आज भने मलाई त्यो मान भनेको पनि के हो प्रश्न गर्न मन लाग्छ । ' हो' पहिले मानको ठूलो महत्व रहन्थ्यो र त्यो निस्पक्ष हुन्थ्यो । तर अहिले ठूलो समारोह गरेर, माला लगाएर, प्रसंशाका फूलहरू बर्षाएर गरिने सम्मान खै कुन्नी कस्तो सम्मान हो मैले बुझेको छैन । भारत बसाईको क्रममा मैले दुई पटक राम्रो सम्मान पाएको छु । दार्जिलिङ्गलाई आफ्नो मूल बासस्थान बनाएर म भारतका विभिन्न स्थानमा घुम्ने गर्थें, धार्मिक ग्रन्थहरूमाथि टीका टिप्पणी गर्थें, धार्मिक एवं व्याकरण सम्बन्धी लेख लेख्थें । यो प्रसंग कोट्याउंदा म त्यस्तो एउटा संस्थाको कुरा उठाउन प्रासंगिक ठान्छु-जसबाट म सम्मानित भएको छु । अयोध्यामा एउटा संस्कृत कार्यालय छ । त्यस कार्यालयबाट 'संस्कृतम्' भन्ने साप्ताहिक पत्रिका प्रकाशित हुने गर्थ्यो । त्यस कार्यालयको वार्षिक समारोह प्रत्येक विजया दशमीमा कामकाञ्ची पीठका जगद्गुरु शंकराचार्यको प्रमुख आतिथ्यमा हुने गर्थ्यो । त्यसै कार्यक्रममा श्री शंकराचार्यले दोसल्ला ओढाएर 'संभ्रान्त विद्वान्' को उपाधि पत्र दिएर २/२ पटकसम्म साहित्य रत्न र साहित्य भूषणले विभूषित गरेको प्रसंगलाई मैले सुखद् अनुभूतिको रुपमा लिएको छु । दुःखद् अनुभूतिको कुरा गर्दा मलाई त्यस्तो दुःखको क्षण आएको जस्तो लाग्दैन, किनकि यहाँ साना तिना दुःख भै नै रहन्छन् । मैले ती सबैलाई सामान्यरुपमा लिनेगरेको छु । अर्थाभावले खानै पाइन भने पनि वा कुनै त्यस्तो दुःखद् वियोग भयो भने पनि म त्यसलाई समान्य घटना ठान्छु ।

प्रश्न नं. ७ - यहाँलाई कुनै साहित्यिक संस्थाहरुबाट आमन्त्रण वा सम्मान प्राप्त भएको छ ? वा कुनै त्यस्तो संस्थासंग सम्बन्धित हुनुहुन्छ ?

त्रिपाठी - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान बृहद् आकारको साहित्यिक संस्था हो त्यो त्यति ठूलो संस्था भैकन पनि कार्यान्वयन पक्ष अपवित्र भएकोले कथकदाचित् प्रस्ताव आयो भने पनि जान इच्छुक छैन र गएर पनि सम्मानित होइएला भन्ने विश्वास मलाई छैन । श्री ५ महेन्द्रबाट जुन उद्देश्यले त्यो संस्था स्थापित भएको हो त्यस अनुरुप काम नहुने भएकोले त्यो संस्था उद्देश्य विहीन र गतिहीन हुन पुगेको छ । अहिले केही ख्याति प्राप्त विद्वान्हरू पनि अर्थको प्रलोभनमा परेर आफ्नो अस्तित्व गुमाउन पुगेकाछन् । नेपाल कै प्रबुद्ध विद्वान् मध्ये एक मानिने हालका उपकुलपतिले पनि कुनै महत्वपूर्ण काम गर्ने अवसर पाउनुभएको छैन । अहिले त प्रज्ञा प्रतिष्ठान अल्पज्ञानीले जागिर खाने वा बेरोजगारले रोजगार पाउने संस्था जस्तो भएको छ ।

सम्मानको कुरागर्दा मैले कुनै त्यस्तो उल्लेखनीय सम्मान त पाएको छैन तर शिक्षा पुरस्कार, केही स्वर्ण पदकहरू र 'बीरेन्द्र' पत्रिकामा उत्कृष्ट लेखकोलागि बीरेन्द्र पदक आदि पुरस्कारबाट म सम्मानित भएको छु। यस्तै म हाल भारती खरेल पुरस्कार, बलराम जोशी ज्ञान विज्ञान पुरस्कार र तिवारी साहित्य प्रतिष्ठानसंग सम्बन्धित छु। तिवारी साहित्य समितिको अध्यक्षमा स्वयं भीमनिधि तिवारीजीले नै मलाई नियुक्त गर्नु भएको थियो र उहाँको स्वर्गवासपछि पनि धेरै वर्षसम्म म त्यसपदमा रहीरहें। तर त्यहाँ बसेर कुनै महत्वपूर्णकाम गर्ने वातावरण मैले पाइन। अहिले त्यो पदमा डा. तानासर्मा हुनुहुन्छ वहाँले पनि केही गर्न सक्नु भएको छैन। वास्तवमा नेपाली जनता र सम, देवकोटा आदिका बीचमा साहित्यिक श्रृंखलाको रुपमा देखापरेका भीमनिधि तिवारीलाई समाजले प्राय विर्सन खोजेको देखिन्छ।

प्रश्न नं. ८ - लेखनाथ, देवकोटा र सम पछिका साहित्यकार हरूमा पाँच विधाका कुनै पाँच प्रबुद्ध साहित्यकारको नाम लिन पन्यो भने कोकस्को नाम लिनु हुन्छ ?

त्रिपाठी - निबन्धमा शंकर लामिछाने, समालोचनामा प्रवासमा रहेर लेख्नेमा रामकृष्ण शर्मा र स्वदेशमा यदुनाथ खनाल, नाटककार मा विजय मल्ल। यसैगरी कथामा प्रबुद्ध र तीक्ष्ण दृष्टिकोण भएका कथाकारको रुपमा विश्वेश्वरप्रसाद कोइरालालाई लिएको छु। उनी आधुनिक नेपाली साहित्यमा प्रत्युत्पन्नमति भएकाँ मीठो साहित्यकारको रुपमा गनिन्छन्। सुम्निमा मा ' मित्रे चर्षौ' को प्रयोग गर्नसक्नुलाई उनको प्रत्युत्पन्नमतिको चरम उत्कर्ष मानेको छु। अष्टाध्यायीका हजारौ सूत्रहरूमा त्यस तपोवनको लागि अत्यन्त उपयुक्त हुने सूत्रहो -मित्रे चर्षौ। तर सामाजिक सुव्यवस्था कायम गर्ने सम्बन्धमा भने उनको आदर्श त्यति रुच्दैन। राजनीतिमा उनको जुन स्थान छ त्यसमाथि म चर्चा गर्दिन। किनकि त्यो मेरो क्षेत्र होइन। मीठो र मर्मस्पर्शी कविता लेख्ने कविहुन्- माधव घिमिरे। गौरी, राजेश्वरी र राष्ट्र निर्माताले घिमिरेको स्थान धेरै माथि उठेको छ, तर पछि आएर उहाँले त्यो उत्कर्ष कायम गर्न नसकोको महसुश हुँदैछ।

प्रश्न नं. ९ - धार्मिक, साहित्यिक र भाषिक सेवामा संलग्न भएर यतिका वर्ष बिताउनुभयो त्यसको प्रतिफल तपाईंले के पाउनु भयो ? वा भएन ? तपाईंको सन्तुष्टि वा असन्तुष्टि ?

त्रिपाठी - कसैले मलाई केही गर्नुपर्ने वा दिनुपर्ने त्यस्तो कुनै कुरा मैले देखेको छैन, बरु मैले नै केही गर्न वा दिन सकेको छैन भन्ने मलाई लागेको छ। समाजले एउटा हात हामीतिर दिने मुद्रा मा अघि सारेको हुन्छ भने अर्को हात लिने मुद्रामा। हामी प्रायः समाजको हात आफूतिर दिने मुद्रामा आयो कि आएन त्यसतिर मात्र ध्यान दिन्छौं। तर समाजको लिने मुद्राको आफूतिर बढेको हातलाई उपेक्षा गर्छौं। त्यसकारण समाजबाट केही पाउन समाजलाई केही दिन सक्नु पर्छ।

मलाई एकचोटी एउटा आक्षेप लागेको छ त नभनूँ प्रतिक्रिया प्राप्त भएको छ। श्री ५ महेन्द्रको शुभजन्मोत्सवको उपलक्ष्यमा गो.प.मा छाप्न भनि मैले चार पंक्तिको कविता लेखें र पूर्णप्रसाद ब्राम्हणले पनि चारै पंक्तिको कविता लेख्नु भएछ। दुबै छापिए। दुबैको कवितामा 'युवा वर्ग' भन्ने शब्द परेछ। संस्कृत व्याकरण अनुसार हुन पर्ने थियो - युव वर्ग। पश्चिमी क्षेत्रका एकजना मित्र ले 'व्याकरण कस्को लागि ?' शीर्षकमा एउटै पत्रमा दुवैलाई झटारो मारे। साधारण कविले लेखेको भए मैले यो चिट्ठी लेख्ने थिइन तर उच्च वर्गबाट यस्तो गल्ती भएकोमा लेख्न बाध्य भएँ इत्यादि।

सन्तुष्टि र असन्तुष्टिको सम्बन्धमा यहाँका उच्चस्तरीय संस्थाबाट पनि मैले कुनै चाहना गरेको छैन, भएन भन्ने कुरामा पनि मेरो गुनासो छैन। तर जुन संस्थामा रहेर जस्ले काम गरिरहेकोछ त्यस संस्थाले अन्तर्गतको सेवकलाई सम्मान दिन सक्नु पर्छ। त्यो मैले पाउन सकेको छैन। यस्तो सन्मानित पवित्र संस्था यति धमिलिइसकोको छ कि व्यक्तिको उपयुक्तताभन्दा पनि पक्ष विपक्षको संकुचित स्वार्थपूर्ण घेरामा परेर पदाधिकारीको चयनगर्दा शैक्षिक अराजकता बढेरगएको छ।

प्रश्न नं १० - तपाईंको विचारमा साहित्यिक उत्थानकोलागि के गर्न उपयुक्त होला जस्तो लाग्छ ?

त्रिपाठी - साहित्यिक उत्थान हुनकोलागि अपवित्र गठबन्धन रहनु हुँदैन। आज राजनैतिक मान्यता अनुसार लेख रचनाको कदर एवं सम्मान गरिन्छ। पत्रपत्रिकामा छापिन्छ। आजका कतिपय विशुद्ध साहित्यिक पत्रिकाहरू पनि यो दोषबाट मुक्त हुन सकेकाछैनन्। साहित्य त देशकालातीत हुन्छ। यसलाई राजनैतिक दृष्टिकोणले छोड्नु हुँदैन। अतः साहित्यिक उत्थानकोलागि दृष्टिदोष हट्नु पर्छ। हामीसंग उर्जाको कमी छैन, तर त्यसको सही प्रयोग हुन सकेको छैन। शिक्षितलाई मात्र होइन अशिक्षितलाई पनि साहित्य

आवश्यक पर्छ। उनीहरूले पनि कवितात्मक भाववाट गुनगुनाउँछन् र मानसिक आनन्द लिन्छन्। त्यसकारण साहित्य सर्वकालिक, सर्वसुलभ र सबैले बुझ्ने खालको हुनुपर्छ।

हाम्रा शैक्षिक संस्थाहरू र साहित्यिक संस्थाहरू पनि अपवित्र गठबन्धनबाट संचालित छन्। त्यस्तो उच्चस्तरीय सम्मानित पदहरुमा अपवित्र तरिकाबाट विवादास्पद व्यक्तिहरूलाई स्थापित गराउने प्रचलन बढ्दै गएको छ भने यस्तो अवस्थामा त्यहाँबाट सचालित क्रियाकलापहरू कसरी विशुद्ध हुन सक्छन्।

प्रश्न न. ११- यहाँको अरु कुनै गुनासो वा भन्नु छ कि ?

त्रिपाठी - मैले मनिसकें -समाजबाट केही पाइन भन्ने गुनासो मलाई छैन यस समाजलाई केही दिन बाँकी छ भन्ने मलाई लागेको छ। एउटा उत्कृष्ट व्याकरण लेख्ने आँट म भित्र उब्जिएको छ तर परिस्थिति यस्तो छ कि म लेख्न नसक्ने अवस्थामा छु। किनभने दैनिक दाल भात जुटाउने काममा लागेको मेरो उत्कृष्ट शक्ति निकृष्ट काममा खर्च गर्न परिरहेको छ। त्यसैले म बेफुर्सदी पनि छु। म धार्मिक प्रवृत्तिको आस्थावादी मान्छे भएर हो कि मलाई यस्तोलाग्छ- मैले चाहेको कुरा कुनै न कुनै रुपमा जुटिहाल्छ। तसर्थ म धेरै चाहना वा लालसा राख्दिन।

अध्ययनको क्रममा मलाई अंग्रेजी विद्या आर्जन गर्न निकै गाह्रो पर्‍यो। त्यसैबीच बेलायतका मि. जोनले टर्नरको पत्र लिएर पं.धरणीधर कोइराला मार्फत् फिलोसिफ अन्तर्गत नेपाली भाषा अध्ययनार्थ म कहाँ आए। मैले एउटा प्रस्ताव राखें- उनी ज्यादै खुसी भए र म पनि। अर्थात् हामी दुबैले अंग्रेजी र नेपाली भाषा पालैपालोगरी निःशुल्क सिक्न पाउने भयौं। तर मैले जति सुकै कोसिश गरे पनि अंग्रेजी उच्चारण गरेर मि.जोनलाई सन्तुष्ट पार्न सकिन। मलाई त्यसबाट के अनुभव भयो भने हामी अंग्रेज कहिल्यै हुन सक्तैनौं र उनीहरू पनि नेपाली हुन सक्तैनन्। एउटा भाषाको ध्वनिसंग अर्को भाषाको ध्वनिको सामञ्जस्य हुन सक्तैन भन्ने मलाई विश्वास लाग्यो। मेरो भनाइको तात्पर्य तपाईंले बुझिहाल्नु भयो होला-मेरो कुनै गुनासो छैन, यदि कुनै त्यस्तो अभाव वा आवश्यकता महसुस भयो भने त्यो परिस्थितिले जुटाइहाल्छ।

प्रस्तुतिः- *रामप्रसाद पन्त / ठाकुर शर्मा*

तस्मै श्रमको सहचरी, बुद्धिको बहिनी एवं साहसकी पत्नी हुन् -चाणक्य

कविता

बिहानी म देख्दिं

हरिहर प्रदिप घिमिरे

कहाँ जान्छु भन्दै यहाँसम्म आयें कहाँ जानु पर्ने कि बाटो बिराये।
जहाँ छु त्यहाँ सिद्धका भेषधारी, जति जो सबै नामका छन् पुजारी ।१।

हनुमानका सानका आसनैमा, बसी। पाउ पोषाक राखी मनैमा।
जपी कुर्सिका मुर्तिको नाममाला, ठुला ज्ञानिको ध्यानिको झैं छ चाला ।२।

कही ती बकुल्ला सरी ध्यान धर्ने, भुरा खाई-माछा निराहार गर्ने।
फकाई सताई मुटु हातपार्ने, अहो। इन्द्रको जाल नै मात गर्ने ।३।

न यी कर्मचारी जिमुवाल हैनन्, सदाचारता शिष्टता जानदैनन्।
छ के गर्नुपर्ने सरोकार छैन, दुराचारता दोष नै मानिदैन ।४।

विना घुस सिन्का पनि भाँचिदैन, कमीसन् मिसनको पनि छाडिदैन।
सिसीमा कमीशन् भरी लानुपर्ने, जुठो पाउको त्यै सुरा खानु पर्ने ।५।

न खाने भए कवै खुवाउन्न केही पछी दुर्दशा भोग भोग्ने छ तेही।
बहुमूल्य बाजारमा हार सस्तो, किनी बेचि-ने-ता-ख-सी-कार जस्तो ।६।

गरी चाल बाजी-त-बाजी लगाई, निली पक्ष वि-पक्ष नै विश्व धाई।
करोडौं कमाई जुवा जाँड धोली निमूखाहरूमा गरीबी र गाली ।७।

चलाई सकेसम्मका जाल जेल्ने, अविश्वास-विश्वासको खेल खेल्ने।
दया धर्म सत्कर्मको मर्म जाल्ने, हरु नै लिलामी बनी 'माल' ताम्ने ।८।

दुनीयाँ दुखे दुःखना गाडिने भो, नपाई सुशिक्षा झनै भाँडिने भो।
कहाँ शान्ति औ सिर्जनाको मुहान, कहाँ वीरता धीरताको निशान ।९।

उनै स्वाभिमानी हिमालीहरू हाँ, कठै द्रव्यदासी बनी नास्तिदै छौं।
जहाँ चन्द्रमा राहू गै निस्तिइन्छ, त्यहाँ देश यो काहिले चित्तिइन्छ ।१०।

हरे! देशको दुर्दशा देखने को। सबै स्वार्थमा सर्वनाशी हुने भो।
व्यथा छन् हजारौं कहाँसम्म लेखूं, छिट्टै रात काटी विहानी म देखूं ।११।

कविता

मेरो सौन्दर्य

भरतराज शर्मा 'मन्थलीय'

१. देखें
यस्तो भन्न नसकिने
मैले मेरै सौन्दर्य
विशाल गगनको दर्पणमा !

२. जसको
कस्तो मोहनी !
त्यस्तो लगाउन सक्तिन
कुनै विश्वसुन्दरी निज-अर्पणमा !

३. छैन त्यस्तो वशीकरण मन्त्र
तेरा भाव-भङ्गुर भृङ्ग नयनमा,
तेरा राग-रक्तिम चन्द्र बदनमा
र तेरा विश्वगोलमा, विश्व सुन्दरी !

४. मेरो रुप-लावण्यको जादूमा
मूक प्रेमको मधु-स्राव छ,
अचूक संवित्को प्रभाव छ
र मेरै अस्तित्वको स्व-भाव छ, हे कृशोदरी !

५. मोरो सौन्दर्य प्रस्टिन्छ
त्यही गगनको दर्पणमा,
जहाँ मनको वृत्तिले
एक छाडी अर्को वस्तु नसमातेको
निर्मल अन्तराल रहन्छ ।

६. मैले नियाल्दा-न हुनेहोस् तँ सुरा-स्फर्दिनी !
मैले अँगाल्दा-न हुनेहोस् तँ सुधा-वर्षिणी !
खै तेरो आफ्नै बुता युवति !
मै चाहिन्छ पुरुष तँलाइ, तँ हे सिर्जनाकी प्रकृति !

७. अब जानिहोलिस् तैंले पनि
मेरो सौन्दर्य
मेरो सामर्थ्य
र मेरो अर्थ !

८. अन्यथा भन् तँ-
कहाँ छ तेरो अस्तित्व ?
चाहिन्न पुरुष तँलाई के
आफू जीवन्त रहन ?

९. मोरा अगाडि
नारी ! तँ के गर्व गर्छेस् उग्र !
तेरो नवनीत-सुकोमल छाला त
मेरो सस्पर्शमा हुनेलाई क्यै-न-क्यै ।

१०. सुन्दरी ! नभन् तँ- आफूलाई पुष्प,
पुष्प त म हुँ प्रफुल्ल शतदल !
दिनेछु मकरन्द-प्रेम
तँ आ-न बरु भएर मिलिन्द प्रेमाकुल

११. सुल्टोस्-न उल्टो रीति !
तेरो अन्तर्वेदना
शाम्य पार्ने नै त
म हुँ, हे कामिनी !

१२. सौन्दर्य हो सार ! अपार सुख-सागर !
चाहिन्छ पुरुष प्रकृतिलाई त्यसैको लागि
र प्रकृति पुरुषलाई त्यसैको लागि,
ससार हो मिलनको सफल अभिसार !

१३. मैले देखें
मेरो सौन्दर्य,
तँ पनि देख् तेरो सौन्दर्य, हे भामिनी !
त्यो पनि त हो मेरै सौन्दर्य !

घट्टेकुलो, डिल्लीबजार
काठमाडौं

सयकडौं हातले कमाउ र हजारौं हातले बाँड - *अथर्व वेद*

सत्यको विरुद्ध बहादुरी काम लाग्दैन - *महाकवि देवकोटा*

संस्मरण

कागको प्रतिशोध

मानिस प्राणीहरूमा सबैभन्दा सचेत र विवेकशील प्राणीमा गनिन्छ। मनुष्येत्तर प्राणीमा संवेग चेतना भए पनि विवेक चेतना र त्यस अन्तरगतका अरु सम्वेदना हुँदैनन् र भए पनि ज्यादै न्यून तहमा हुन्छ भन्ने मान्यता छ। यो कुरा विद्वान्हरूको अनुसन्धानवाट सिद्ध भएको ता पनि संवेगका कुनै पक्षमा मानिस भन्दा पनि इतर प्राणिहरू बढी संवेदनशील भएको पाइन्छ। उदाहरणका लागि कृतज्ञता, आत्मीयता, सहनशीलता र इमानमा कुकुरको संवेदना बढी रहेको पाइएको छ। मानिस कृतघ्न, बेइमान र मित्रघाती हुन सक्छ, तर कुकुरमा त्यो प्रवृत्ति पाइँदैन।

त्यस्तै प्रतिशोधको मामिलामा मानिसको भन्दा कागको संवेदनशीलता उच्चो पाएको छु मैले। यसमा मेरो आफ्नै अनुभव छ। मानिसले आफुमाथि कसैले गरेको घात भुलेर आततायीलाई तुरुन्तै माफ गर्न सक्ला, तर कौवाको प्रतिशोध भावना निकै लामो रहन्छ। कुरै निकै अगाडि, अर्थात् १९९७ /९८ तिरको हो। त्यतिखेर म त्यस्तै १२-१३ वर्षको थिए र मेरो दाजु भीम बहादुर (मेरो नेवार्नी कान्छी आमापट्टिवाट जन्मेको र ऊ त्यतिखेर को चलन अनुसार उसले भीमप्रसाद वा भीमनाथ वा भीमानन्द आदि हुने शौभाग्य पाएन; भीमबहादुर मै अड्कियो ।। को उमेर त्यस्तै म भन्दा दुई वर्ष जति जेठो थियो। त्यतिखेर हामी दुवैको भरखर भरखरै एउटै लगनमा विहा भएर हामी दुवै श्रीमतीका धनी भैसकेका थियौं। तर ममा नारी प्रतिको आकर्षण त्यति परिपक्व भैसकेको थिएन। तर दाजु यस मार्गमा निकै परिपक्व भैसकेको थियो। ऊ भाउजुको नारी आकर्षणलाई आफूतिर तान्न निकै विशेष हाउभाउ र साहसिकताको प्रदर्शन गर्दथ्यो। यिनै साहसिक प्रदर्शनमध्ये ऊ आफूलाई एउटा दक्ष शिकारी देखाउन पनि चाहन्थ्यो। त्यसैले ऊ हातमा रबडको गुलेली लिएर चराहरूको शिकार गर्न पनि हिड्थ्यो। यद्यपि म सानैदेखि लडाई झगडा र हिंसा देखि डराउने र सकेसम्म त्यस्ता झ झ देखि परैरहने प्रवृत्तिको थिएं तर पनि म उसको पुच्छर लाग्न भने छोड्दिनथें।

एकदिनको कुरा हो दाजु, भाउजुको अगाडि निकै चुरीफुरी गरेर हातमा गुलेली बोकेर आफ्नो युद्ध मैदान तिर हिंड्यो। स्वभावत: म पनि उसको पछि लागें। मैजुबहालको छेडोबाट निस्केर हामी मूल सडकमा आयौं र चुच्चेपाटीतिर लाग्यौं। त्यतिखेरको चावेल आजको जस्तो थिएन। सडकका छेउछाऊ औंलामा गन्न पुग्ने घरहरू थिए। तिनमा पनि अधिकांश घर कच्ची र पराले छाएका। एकाध मात्र पक्की र झिङ्टी-टायल अथवा कर्कटपाताले छाइएका हुन्थे। घर बजारको सट्टा सडकका दुवै किनारमा माटाको आली लाएर जग्गाधनीले निलकांडा वा सिउंडी नरकर टका बार लगाएका हुन्थे र बारीका छेउमा लहरै कागियो फूलका रुख लगाइएका हुन्थे।

रमेश विकल

कपाल तेल हालेर जुल्फी कोरेको, हातमा गुलेली र छातीभित्र चढ्दो उमेरको रङ्गीन जोस दाजु आफ्नो बेसुरा र बेछन्दे स्वर-लयमा त्यतिखेर प्रचलित, पट्टा पट्टीमा प्रिय, भीमनीधि तिवारीको बयासी र बीस गजले को धुनलाई बडोमस्तसंग झुल्दै गाउँदै हिड्न थालेको थियो। "कमल फूलको बिछ्यौनामा अत्तरहरू छिटी सुत्थे।"

मेरो स्वर दाजुको भन्दा धेरै नै राम्रो, मिठो र लय र सुरको दृष्टिले सुन्दर थियो। तर मलाई त्यसरी खुलामा गाएर हिंडन निकै संकोच लाग्थ्यो। तर दाजू कुनै कुराको पर्वाह नगरी मस्तसंग गाएर हिड्थ्यो। शायद त्यस गीतको बोलसंग उसको कल्पनामा कमल फूलको बिछ्यौनामा भाउजु अत्तरछिटी सुतिर हेकी हुन्थिन्।

हामी सरासर चुच्चेपाटीतिर बढ्दै थियौं। दायांतिर पखांलभित्र तिम्सिनाहरूको बारी (हाल नेपाल बैङ्क भएको घरको स्थल) मा लहरै कागियो फूलका बोटहरू थिए र तिनमा अक्सर कागका बथानहरू कां कां र की की गर्दै हल्ला गरिरहेका हुन्थे। त्यतिखेर एक्कासी मेरो दाजूको पौरुष कसरी जुरमुराएर आयो कुन्नी उसले हातको गुलेली एउटा रुखको हाँगोतिर सोझ्यायो।

त्यस रुखमा एउटा हाँगोमा एक जोडी कागका भाले पोथी आफ्नो भरखर जन्मेको बच्चोलाई अहारा खवाउँदै थिए, एक्कासी दाजुको हातको गुलेलीबाट छुटेको मट्याग्रो गएर कागको बच्चोलाई लाग्यो। बच्चो आकाशबाट झरेर हुङ्गो झैं सोझै जमीनमा झरेर छट्पटाउन थाल्यो।

अनि त्यसका आमा बाबु पीडा र कोधले चित्कार गर्दै बच्चो झरेतिर हानिए। अनि तत्कालै बन्दुकबाट छुटेको गोली झैं हामीतिर झम्टिंदै आए। उनीहरूकै साथमा अरू बीसौं कागको पल्टन दुष्टमाथि जाइलाग्ने गोर्खाली बहादुरझैं दाजुमाथि बैरिए।

अब हामीलाई ज्यान बचाउन मुस्किल पऱ्यो । हामी सुकु भाजु (त्यतिखेरको त्यहाँको प्रसिद्ध साहु) को पसलभित्र गएर जोगियौं ।

त्यसपछि ती कागहरूमा केही, शायद मृत बच्चाका आमाबाबु र नाता कुटुम्बहरू त्यसै लासमाथिको आकाशमा मडारिंदै अत्यन्त हृदयविदारक आवजमा विलाप गर्न थाले र कुनै कुनै मेरो दाजुको खोजीमा उडिरहेका, भौंतारिइ रहेका झैं लाग्थे । त्यसदिन हामीले अर्कै बाटो घुमेर गएर आफ्नो दशाबाट जोगियौं ।

हामीले ठानेका थियौं यो घटना आयो गयो भयो । तर होइन यो सिलसिला त महिनौंसम्म चलिरह्यो । जब जब मेरो दाजु त्यसै बाटो भएर कतै जान लाग्थ्यो काँगियो फूलको बोटमा बसेको कागको फौजले एक्कासी युद्धघोष गरेझैं कां-कां र कौं-कौं गर्दै उसमाथि हमला गर्थ्यो । अनि दाजु हातमा टोपी लिएर छारतोस ठोक्थ्यो । दश बाह्रवटा कागहरू उसलाई नंग्रा र चुच्चाले आघात गर्दै परपरसम्म महाँकाल र बौद्ध छुट्टिने दोबाटो (हाल पासाङ् ल्हामूको शालिक रहेको ठाँउ) सम्म लखेट्थ्यो ।

यसरी पहिले पहिले हमला गर्ने फौजमा दश-बाह्र काग हुने गर्थे । पछि क्रमशः संख्या घट्दै गएर आखिरमा एक जोडी-मात्र बाँकी रहे । यी जोडी शायद मेरो दाजुको हातबाट हत्या भएको बच्चेका आमा बाबु थिए । त्यसैले नाता-कुटुम्ब वा समाजको अरु सदस्यहरूले विस्तार विस्तार त्यस प्रतिशोध अभियानमा साथ दिन छाडेपछि पनि यी दुई भाले पोथीको हृदयमा सल्केको पुत्र हत्याको आगो ठण्डा हुन सकेन । त्यो घेरैसम्म प्रज्वलित रह्यो र प्रतिशोधका लागि बारंबार हमला गर्दैरहे ।

यसरी मेरो दाजुले आफ्नो शोख र लहडबाजीमा एउटा कागको बच्चोको हत्या गरेको पापको प्रायश्चितस्वरुप महिनौंसम्म भारदै हिंड्नु त पऱ्यो पऱ्यो, उसको सङ्गतको फलस्वरुप मैले पनि त्यो साजाय भोग्नु पऱ्यो । अस्तु :

२०५३ पुस
आरुवारी ।

केही मुक्तक

- मोहन बन्जाडे

(१) साइत

मन्त्रीको गाडीमा बसेको
भान्सेलाई नमस्ते गरेर
हाकिम सां'ब मख्ख पर्नु भो
आज त साइत मै हिंड्या र' छु ।

(२) घोटाला

मिलेर काड्दैछन् उनीहरू
देशको छाला
खै ! कसलाई के भयो ?
"मात्र" अखबारको मसाला
घरि घरिका - 'घोटाला'

(३) आतूर

हलक्क बैंस चढेपछि
माछापुछ्रेको पनि केही सिप लागेन
ऊ त बादलको घुम्टो उठाएर
आकासलाई अँगालो हाल्न पो
आतूर आतूर देखिन्छे ।

(४) इमान्दारी

हेलाकी बुहारी
पाहुनासंग सुत् ।

(५) भ्रष्टाचार

बगलीमा राम राम
मुखमा छुरा ।

(अघांखाँची)

प्रकृतिलाई यस्ती-उस्ती नभन, तिनीले आफ्नो कर्तव्य पुरा गर्छिन्, तिमी आफ्नो कर्तव्य पुरा गर्दै जाऊ -मिल्टन

कथा

हीरा

शङ्कर कोइराला

"म कसैको पक्षमा छैन । कसैको पक्ष लागेर बोलेकी होइन । मेरो लागि दुबै छोरा समान छन् । यो जेठीको उ कान्छीको भन्ने कुरा छैन । अंश दुबैको बराबर लाग्छ । यो घर दुबैको हो । मलाई मरेपछि लानु केही छैन । जे मेरो जायज्यथा भन्नु त्यो बाकसमा तिमीहरूले देखेकै छौ । पुराना लुगाफाटा छन् । गर गहना भन्नु यही कानका मुन्द्री हुन् । हातको सुनको बाला पनि जेठी बुहारी र कान्छी बुहारीलाई बुझाइसकेकी छु । मर्नु अघि नै दिनु राम्रो, नत्र घाटमा घाटेहरूले फेला पार्लान्, एक एक तोलाका छन् । कानका मुन्द्री पनि म मरेपछि फुकालेर बाँड्नू । सन्दुसको पोकाभित्र थैलीमा चांदीका रूपियाँ र तामाका पैसाहरु होलान् । मेरो काजकिया गर्नलाई त्यै बेचेपनि पुग्ला । धेरै खर्च किन गर्नु । नपुगे जेठो छोराले आफ्नो दुधको भारा सम्झेर सद्गति गरिहाल्ला नि ! त्यसो त पिंडदान नगरे पनि हुन्थ्यो मलाई त ।" भनेर असी वर्ष पुगेकी थिलथिलिएकी रोगग्रस्त दाहाल्नी बज्यै ओछ्यानबाट जुरुक्क उठ्न खोज्दा ओछ्यानमै लडिन् ।

जेठी बुहारी मन्दाकिनीले कान्छी बुहारी शंखकुमारीलाई बोलाइ ल्याइन् र दुबै मिली बुढियालाई उठाएर भित्तामा बालिस्ट लगाएर अड्याए । अनि सासुको जलग्रह भएको ध्याम्पे पेटमा बांधेको एक थान धोती पटुकाको रूपमा बैरेर कसिदिए ।

"मेरो लौरो खै ?" दाहाल्नी बज्यै अशक्त अवस्थामा पनि कराउन भने सक्थिन् सद्दे बेलामा झैं । घाटे बैद्य बोलाएर शक्तिप्रसाद आइपुगे।

"लौरो मेरो संगै राखिदेऊ । मेरो प्राण जान गाह्रो हुन्छ ।" उनी बोल्दै थिइन्। उनी आफ्नो आउन लागेको मृत्युको आभास पाएर हो कि बुहारीहरूले लौरो उनको संगै राखि दिएपछि केही नबोली घाटे बैद्यलाई हात उठाएर दिइन् । घाटे बैद्यले अझै नाडी छामेर केही निद्यो दिन सकेन ।

"दुई चार दिन अझै बयै भन्न सकिन्न" उसले भन्यो र "प्राणेश्वर" को रसादि खुवाउन दियो । उ गएपछि जेठो छोरा शक्तिप्रसाद अघि सरेर कान्छी आमालाई सन्झाउन र सान्त्वना दिन लागे "म आमालाई जहां लगेर भए पनि ओखती गर्छु, निको पारेर ल्याउंछु । भोलि डाक्टर कहां जान्छु, आमालाई -खेतबारी बेचेर भएपनि उपचार गर्छौं ।" उनके सान्त्वनाका मिठा बोली बचनबाट उनी केही सन्तुष्ट देखिइन् । मुख पनि उज्यालो देखियो ।

"भो अब चाहिन्न । डाक्टर बैद्यले के गर्न सके ? यो शरीरको के माया ! बरू आनन्द सुखसित मर्न देऊ । कति खर्च गरिसक्यौ । कति स्याहार सुसार गर्यौ सौतेनी आमा नभनी । उमेर पनि पुगिसक्यो" उनले स्यां स्यां गर्दै भनिन् । उनलाई दम बढ्न लाग्यो ।

जेठा र जेठी छोरा बुहारीले एकले अर्कोलाई हेरेर केही नबोली चुप लागिरहे । कान्छी आमाले आफ्नो लागि केही पनि ओखती उपचार गर्न मनाही गर्नाको मन्तव्य उनीहरुले बुझेर पनि नबुझे जस्तो गरे । धेरै लामो गन्थन गर्नु पनि फोसो लोलोपोतो उनीहरुले देखे । यसको कारण दाजुभाइहरु उनको एकै पेटका थिएनन् । शंखकुमारी आफ्ना खसम गणेशप्रसादलाई त्यहां केही खासखुस गर्न लागेको देखेर खुसुक्क हिंडिन् ।

सौता सौताकाबीच बर्षौं देखि बैमनस्यता त छंदै थियो । मिल्ने मिलाउने बातावरण कहिल्यै उब्जेन । किनकि कान्छी आफू ज्यूदै छंदै घाटे बैद्य ल्याएर कैले मर्ली र ठूलो भाग खान पाउला भनी हतारिएको देखिरहेकी थिइन् । उनी आफूलाई राजधानीको ठूलै खानदानी परिवारको ठान्थिन् । उनका बाबु अड्डा अदालत देखि दरबारको ढोका भित्रसम्म पहुँच भएका व्यक्ति कसले ठाडा आंखाले हेर्न सक्ने ? त्यस्ता इज्जतदारकी छोरी भएकीले उनी घरमा जेठी सौताको खटन - आज्ञामा किन बस्थिन् ? उनी त कान्छी स्वाल्ली सुन्दरी पनि - लोग्नेकी प्यारी पनि - यही उनको भित्री घमण्ड । यो घरमा प्रवेश गरेदेखि नै पित्तको ढुंगा झैं यस बुढेसकालसम्म बोक्ती आइरहेकी थिइन् । जिन्दगीको भारी बिसाउने बेलामा । ईश्वर को कृपाले भनौं वा बिहान छिटै उठी, नुहाई पाठपूजा गरी नजिकै नैतीदेवी मन्दिरमा पुग्ने जागर अचम्मकै थियो-जाडो गर्मी होस् वा वर्षामास ।

जेठी सौता पूर्व ३ नं. ओखलढुंगाकी थिइन् । नाउं थियो सुधा । सिधीसाधी र आफ्नै गाउंघर पाखाको माटो गुनाको संस्कारमा हुर्केकी र सहरमा आइवस्दा केही तल माथि त भइहाल्छ - त्यसैलाई बैगुन र असभ्यता (पाखेपन) देख्ने बैगुन भने कान्छी दाहाल्नी बज्यैमा हराउन सकेन, झन् त्यै सौतेनी कुसंस्कारको निहु बनिदियो ।

शक्तिप्रसाद जेठीको छोरा थिए तापनि पढाइ लेखाइ क्याम्पस तहसम्म पाएको भएपनि कान्छी आमाको शेषपछि घर

को मूली जेठो बाठो मै हुं भन्ठान्थे । गजक्क परेर घरका अरुलाई उस्ता वास्ता नगर्ने स्वभाव देखिन्थ्यो । तर कान्छी दाहालनी बज्यै उनलाई घरको मूली मान्न तयार थिइनन् । यद्यपि उनले (सुधालाई) मर्ने वेला मुखमा पचपात्रोले गंगाजल तुक्याउँदै बाचा बांधेकी थिइन् - "मेरा लागि त कुन शक्ति कुन गणेश दुवै बराबर लाग्छन् । कुनै पक्षपात छैन दिदी ।" यस्तो बाचाका कुरा बेलाबखत घरमा दोहऱ्याइ रहन्थिन् ।

अब आफूले रामनाम सम्झने वेलामा किनहो अझै जिन्दगीभरको सौतेनी कलकलाई मेट्नतिर नलागी वैमनस्यका बादल फाट्न नसकेको हो ?

आज शक्तिप्रसादको सान्त्वना र विश्वासको ऊर्जा पाएर हो कि उनी केही फूर्तिली देखिन्थिन् । चुप लागेर बस्न नसके झै एक एक थोक कुरा गरिरहेकी थिइन् ।

यस्तो परिवर्तन पाएर शक्तिप्रसादले श्रीमतीलाई बोलाएर "आमालाई भोक लाग्यो होला क्यै खानु हुन्छ कि - जाउलो भएपनि"- भनेर काम लगाए । गणेशप्रसाद त्यहीं थिए । मन मनै जेठो बाठो दाजुले सेवा सत्कारका नाममा केही बहुमूल्य चीज हात लाउने हो कि भनी चिन्तायस्त देखिए ।

जाउलो मन्दाकिनीले ल्याएर खुवाइन् । उनी निदाइन् पनि ।

तर गणेश प्रशाद आफ्नो कोठामा आएर शंका उपशंकाको आगोमा पिलिसन लागे, "आमा मेरी हुन् । हामीले आपनी आमालाई जाउला खुवाउन सक्तैनथ्यौं र ? "

शङ्खकुमारी ले कुरा थपिन्- "हो नि , अश पनि खाने उता आमालाई खुशी पारेर खाली कागतमा औंठाको छाप लाएर सपत्ति गुटमुटाउने दाउ पो छ कि - के थेर । सन्दुशको थैलीमा हीरा पनि देखेकी छु मैले त ।"

* * *

अनेकतामा एकता: हिन्दू संस्कृतिको विशेषता

कविता

रामप्रसाद जोशी

हिन्दू संस्कृति सिन्धु तुल्य सबको हो विश्वको एक यो ।
देख्दामा छ अनेकता तर यहाँ एकै छ यस्को थलो ॥
यस्ले शान्ति दया र प्रेमहरूको सन्देश फैलाउँछ ।
एकै हौं मनुका प्रजा मिलिजुली हामी बसौं भन्दछ ॥
॥१॥

एकै ईश्वर राम गौतम महावीरादिका द्योतक ।
नानारुप लिई भए सब यहाँ सत्धर्मका पोषक ॥
हिन्दू बौद्ध र जैन शिष्यहरूमा हुन्थ्यो कहाँ भिन्नता ।
एकै आंगनमा अनेक हुन गै चम्कन्छ यो सभ्यता ॥
॥२॥

आमा बाबु उमा महेश यसका छानो महाकाश हो ।
यो ब्रम्हाण्ड विशाल एक घर हो बस्ने सबै जातको ॥
यस्तो ज्ञान हुँदा विलीन सबमा एकत्वको नाश भो ।
त्यस्तो ज्ञान दिएर शान्ति छरने हिन्दू महोद्यान हो ॥
॥ ३ ॥

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफमा हार्दिक मंगलमयशुभ-कामना टक्याउदछौं ।

हरिसिद्धि ईंटा तथा
टायल कारखाना लि.
परिवार, ललितपुर

नेपालगञ्ज, पोखरा, भैरहवा, विरगञ्ज, गोरखा, पाल्पा, दाङ, हेटौंडासम्म समयमा पुग्नको लागि एक विश्वसनीय भरपर्दो यातायातको लागि सदैव सम्झनु होस् ।

साझा यातायात
पुल्चोक

समालोचना

नेपाली उपन्यासमा सामाजिक चिन्तनः स्वरुप र दिशा

डा.ऋषिराज बराल

विषयप्रवेश

आधुनिक सन्दर्भमा विश्वसाहित्यको इतिहासमा उपन्यास लेखनको आरम्भको इतिहास पर्गेल्दा यसको इतिहास लगभग तीन सय वर्षको देखिन आउँछ । नेपालका सन्दर्भमा उपन्यास लेखनको मौलिक परम्पराको लेखाजोखा गर्दा यसको इतिहास जम्मा सय वर्षको देखिन आउँछ । पाश्चात्य उपन्यास चिन्तक तथा उपन्यासकारहरूले, उपन्यासले आफ्नो प्रचलित मूल्य र विश्वसनीयता गुमाएको भन्दै यसको मृत्युको घोषणा गरेको भए तापनि नेपालको सन्दर्भमा उपन्यास समाज, सामाजिक अन्तर्विरोध र मानव जीवनलाई बुझ्ने सर्वाधिक महत्त्वपूर्ण तथा लोकप्रिय विधाको रुपमा रहेको तथ्य सहजै अनुभूत गर्न सकिन्छ । यो लेखमा नेपाली समाज, लेखकीय चिन्तन र उपन्यासमा त्यसको प्रयोगको स्वरुपलाई खोज्ने तथा मूल्यांकन गर्ने प्रयास गरिएका छ ।

समाज, सामाजिक चिन्तन र उपन्यास लेखन

उदय र सामाजिक चिन्तन एक- अर्काका पूरकको रुपमा देखापरेका हुन् । वास्तवमा कुनै पनि लेखकले शून्यबाट कुनै पनि कलाकृतिको सिर्जना गर्दैन । समाजको आर्थिक-सामाजिक संरचना, वर्गहरू बीचको अन्तर्विरोध, उत्पादन शक्ति तथा उत्पादनसम्बन्ध बीचको स्थिति, लेखकको विश्वदृष्टिकोण, समाजको सौन्दर्यात्मक अवस्था तथा पाठकको सौन्दर्यबोधात्मकताको मोठ रुप नै कुनै पनि कलाकृतिको सिर्जनाको प्रमुख आधार हो । हरेक विधाको आफ्नै किसिमको विधागत विशिष्टता हुन्छ र आफ्नै किसिमका नियमसंगतिहरू हुन्छन्, तर एउटा कलाकृतिको सिर्जना समाजमा नै र सामाजिक व्यक्तिले नै गर्दछ । त्यसैले एउटा रचना स्रष्टाको कलाचेत र सौन्दर्यको समुच्चय रुप हो । र उपन्यासको सन्दर्भमा पनि यही कुरा लागू हुन आउँछ । जब उपन्यास र चिन्तनको कुरा आउँछ कस्तो समाज ? कस्तो चिन्तन ? संगसंगै गासिनु स्वाभाविक हुन जान्छ । उपन्यासले मनव जीवनको यथार्थलाई प्रतिबिम्बन गर्ने सबभन्दा प्रभावशाली विधाका साथे आधुनिक महाकाव्यको संज्ञा पाएको हो[1] । सामाजिक चिन्तन र नेपाली उपन्यासको कुरा गर्दा मूलतः तीनवटा कुरामा ध्यान दिनु आवश्यक छ ; ती-हुन् (क) नेपाली समाजको उत्पादन सम्बन्ध तथा उत्पादनशक्ति बीचको अन्तर्विरोधको स्थिति, गति र दिशा (ख) यसलाई हेर्ने लेखकीय विश्वदृष्टिकोण (ग) लेखकीय कलाकारिता । विश्वसाहित्यमा उपन्यास आधुनिक युगको जनजागण संगै जन्मियो र यो कुरा नेपालको सन्दर्भमा पनि लागू हुन्छ । नेपाली समाजमा सामाजिक परिवर्तनका सैद्धान्तिक तथा व्यवहारिक क्रमको थालनीसंगै नेपाली साहित्यमा उपन्यास लेखनको थालनी भएको कुरा उपन्यासको इतिहासले प्रष्ट पार्दछ । अर्थात्, नेपाली उपन्यासमा प्रतिबिम्बित समाजिक चिन्तनका विविध पक्ष र पाटाहरू, नेपाली समाज परिवर्तनकालागि गरिएका राजनीतिक, आर्थिक र सांस्कृतिक चिन्तनकै कलागत प्रतिबिम्बहरू हुन् । समाजिक वस्तुयथार्थलाई निश्चित विश्वदृष्टिकोण राखी औपन्यासिक कला-रुप दिने क्रममा अभिव्यक्त चिन्तनको रुप नै सामाजिक चिन्तन हो ।

उपन्यासमा समाजिक चिन्तनको ऐतिहासिक पक्ष

नेपाली उपन्यासमा मौलिक लेखनको कुरा गर्दा "वीर चरित्र" बाट यसको इतिहासको थालनी गर्नु उचित देखिन्छ तापनि सामाजिक चिन्तनका दृष्टिले "रुपमती" अधिका उपन्यासहरूले खास महत्त्व राख्दैनन् । प्रकाशनमा दृष्टिले "रुपमती" को हाराहारीमा देखापरेको "सुमति" पनि तिलस्मी प्रवृत्तिबाट मुक्त हुनसकेको देखिदैन । यस अर्थमा नेपाली उपन्यासमा सामाजिक चिन्तनको क्रम "रुपमती" बाट आरंभ भएको र यो राणा विरोधी आन्दोलनको क्रममा देखापरेको कुरा स्वीकार गर्नु उचित देखिन्छ

१ राल्फ फक्स, उपन्यास और लोक जीवन दो.सं. अनु. नरोत्तम नगर (नईदिल्ली पिपुल्स पब्लिसिङ् हाउस, ई. १९७९) पृ.३१ ।

। परन्तु "रुपमती" राणा विरोधी आन्दोलनगत चेतनाको उपज होइन, यसमा यस किसिमको चेतनाको झिल्काझिल्की पनि पाइदैन । बरु यो उपन्यास भारतीय आख्यान साहित्यको प्रभावको प्रेरणाको द्योतक हो । यसले तत्कालीन समाजको सामन्ती तथा अभिजात्य संस्कृतिको एउटा पक्षलाई यथा चित्रण गर्ने प्रयास गरेको छ तापनि उपन्यासमा निहित आदर्शवादी दृष्टिकोणका कारण यसले चेतनाको नवीन पक्षलाई आत्मसात गर्न सकेको देखिदैन । उनका अन्य उपन्यासहरूका तुलनामा विषयवस्तु तथा शिल्प चेतनाका दृष्टिले यो उपन्यास प्रभावशाली भए पनि सामाजिक चिन्तनको सन्दर्भमा यसले सामन्ती संस्कृतिको मूल्य निषेधको सट्टा त्यसको निर्वाहप्रति जोड दिएको छ । वास्तवमा साहित्य मार्फत् समाजलाई बुझ्ने तथा व्याख्या गर्ने क्रममा २००७ सालअघि उपन्यास होइन कविता र निबन्धलाई अधिसानु बस्तुसंगत ठहर्छ ।

उपन्यास मार्फत् सामाजिक चिन्तन गर्ने र सामाजिक पक्षलाई उपन्यासले सहयोग गर्ने क्रममा २००७ सालको घटना र त्यसपछिको स्थितिको उल्लेखनीय भूमिका रहेको छ । खास गरेर २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि नेपालमा सर्वहारावर्गीय चेतनाको प्रवाहमा प्रसार-प्रचारको तीव्रताले उपन्यास लेखनलाई पनि तीव्रतम रुपमा प्रभाव पार्‍यो । मार्क्सवादी र गैर मार्क्सवादीहरू सबै चिन्तनको यो पक्षबाट धेर-थोर प्रभावित भएका पाइन्छन् । त्यतिबेरमा अधिकांश उपन्यासकारहरूका सोचाइको केन्द्र समाज र सामाजिक प्रगति रहेको पाइन्छ । २००७ सालदेखि २०१८ अर्थात, "मातृत्व र धर्म पुस्तक" देखि "खैरिनी घाट" सम्मका उपन्यासहरू बढीभन्दा बढी समाजकेन्द्रित नै छन् । परन्तु समाज र सामाजिक अन्तर्विरोधलाई हेर्ने दृष्टिकोण भिन्नताले गर्दा तिनमा निहित चिन्तनको स्वरुप र दिशामा भने एकरुपता पाइदैन । र पनि तत्कालीन नेपाली समाजको राजनीतिक-आर्थिक गतिविधि र दिशाका उपजका रुपमा भने यिनलाई लिन सकिन्छ । समाजलाई केन्द्र बनाए पनि सामाजिक चिन्तनका दृष्टिले मुक्तिनाथ शर्मा, भुवनेश्वर कोइराला, मोहनबहादुर मल्ल, खड्गबहादुरसिंह, दौलतविक्रम बिष्ट, लीलबहादुर क्षेत्री, लीलाध्वज थापा तथा हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरुको सामाजिक चिन्तनको स्वरुप र पक्ष समान किसिमको छैन । यस अवधिका अधिकांश उपन्यासकार हरूमा औपन्यासिक कला तथा शिल्प संचेतनाभन्दा सामाजिक समस्या प्रस्तुतिप्रतिको हुटहुटी बढी पाइन्छ । उपन्यासमा समाज जस्तो छ त्यस्तै मात्र देखाउने, तिनमा सुधारको चाहना राख्ने र समाजको आमूल परिवर्तनप्रति प्रतिबद्धता जाहेर गर्ने तीन किसिमका प्रवृत्तिहरू यस अवधिमा देखिन्छन् । सामाजिक यथार्थको सक्रिय र अग्रगामी पक्षलाई संश्लेषण गर्दै वर्गसंघर्षको माध्यमबाट समाज परिवर्तनको आव्हान गर्ने, हृदयचन्द्रसिंह प्रधानका "स्वास्नीमान्छे" र "एक चिहान" सामाजिक चिन्तनका दृष्टिले सबभन्दा अग्रगामी उपन्यासहरू देखापर्दछन् ।

२०१७ सालको फौजीकाण्डपछि सारा राजनीतिक चिन्तनका ढोकाहरु बन्द गरिन्छन् । सारा परिवेश पंचायती व्यवस्थाको सम्वर्द्धनकालागि तयार पारिन्छ । मौलिक अधिकार र अभिव्यक्ति स्वतन्त्रता कुंठित हुन्छन् । एकातिर नवीन विचारको प्रवाहमा रोक र अर्कातिर पाश्चात्य रुग्ण साहित्यिक चिन्तनको प्रवेशले लेखकहरूलाई सामाजिक संसारबाट आन्तरिक संसारमा पुऱ्याउँछ । सामाजिक चिन्तनको पाटा खुम्चिन्छ र कुंठा, व्यक्तिगत अहम्, व्यक्ति-विद्रोह, विसंगति-बोध, नैराश्यबोध र आत्म-पीडन उपन्यासका विषयवस्तु बन्न पुग्दछन् । "अनुराधा" बाट आरंभ भएको यस किसिमको प्रवृत्तिलाई २०३६ सालको जन-आन्दोलनले मात्र बिस्थापित गर्दछ । यस अवधिमा "आशमाया", "चेतनाको पहिलो डाक", "लीलाम" जस्ता उपन्यासहरू नदेखिएका होइनन् परन्तु "शिरीषको फूल", "महत्ताहीन", "डापी", "बालुवामाथि", "तीन घुम्ती", "नरेन्द्र दाइ", जस्ता अस्तित्ववादी र फ्रायडवादी उपन्यासहरूको प्रवाहमा समाज केन्द्रित उपन्यासहरूको स्वर निकै मधुरो प्रतीत हुन्छ । समाजलाई केन्द्र बनाएर त्यस समयमा "आगत", "घामका पाइलाहरू", "उज्यालो हुनुअघि" जस्ता उपन्यासहरू पनि लेखिएका पाइन्छन् तापनि अग्रगामी चिन्तनका दृष्टिले डी.पी. का "धरती अझै बोल्दैछ", "आशमाया", खगेन्द्र संग्रौलाको "चेतनाको पहिलो डाक" र "आमाको छटपटी" विशेष उल्लेखनीय रहेका छन् । खगेन्द्र संग्रौलाको "चेतनाको पहिलो डाक" ले युवा जागरणका साथसाथै राष्ट्रिय चेतनाको भावनालाई विस्तारित गरेको छ ।

२०३४ सालको सेरोफेरो, खास गरी २०३६ सालको जन-आन्दोलनले सिर्जना गरेको वातावरणले फेरि एकपल्ट नेपाली उपन्यासकारहरूलाई आन्तरिक संसारबाट सामाजिक संसारतर्फ प्रवृत्त गराउँछ । पारिजातको प्रगतिवादप्रतिको प्रतिबद्धताले

सामाजिक चिन्तनको फाँटलाई अझ विस्तारित पार्दछ । कुण्ठा र विसंगतिको स्थान यथार्थ र परिवर्तन चेतनाले लिन्छन् । प्रयोग प्रविधिको रुपवादी संसारमा रमाउनेहरू पनि समाजपरक प्रवृत्तितर्फ उत्मुख हुन्छन् । जन-आन्दोलनले सिर्जना गरेको जागरण र चेतनाको प्रभाव उपन्यासमा देखापर्न थाल्दछ । "खदमाको गाउँ" पारिजातको "पर्खालभित्र र बाहिर", "अनिदो पहाडसँगै", संजय थापाको "पूर्वतिर" सामाजिक चिन्तनका दृष्टिले यस अवधिका महत्त्वपूर्ण उपन्यासहरु हुन् । वास्तवमा २०३६ देखि २०४१/२०४२ सालसम्मको अवधि उपन्यास लेखन तथा सामाजिक चिन्तनका दृष्टिले निकै उल्लेखनीय अवधि हो । "डापी", बालुवामाथि" जस्ता विसंगतिवादी उपन्यास लेख्ने ध्रुवचन्द्र गौतम "कट्टेल सरको चोटपटक" (२०३८) र अलिखित (२०४०) का साथ देखापर्दछन् । "सुनौली" लेख्ने रमेश विकल आफ्नो सर्वोत्कृष्ट उपन्यास "अविरल बग्दछ इन्द्रावती" (२०४०) का साथ देखापर्दछन् । "मंजरी" पछि सामाजिक संसारबाट मनोसंसारतर्फ रमाउन थालेका दौलतविक्रम विष्ट "भोक र भित्ताहरू" (२०३८) तथा "हिमाल र मान्छे" का साथ देखापर्दछन । मदनमणिको उत्कृष्ट उपन्यास "माधवी" (२०३९) पनि यसै बेला देखापर्दछ । औपन्यासिक कला र सामाजिक चिन्तनको एउटा विशिष्ट स्वरुप यस अवधिका उपन्यासहरुमा पाउन सकिन्छ । परन्तु जन-आन्दोलनको छ-सात वर्ष नबित्तै यथास्थितिले पारेको नैराश्यतापूर्ण प्रभावलाई यथार्थ ठानी केही उपन्यासकारहरू प्रयोग र प्रविधिका नामना प्रतीक र स्वैरकल्पनातर्फ प्रवृत्त हुन्छन् । कम्युनिस्ट आन्दोलनमा देखापरेको फुट र विभाजनले पनि उपन्यास लेखन तथा चिन्तनको गति र दिशालाई प्रभावित पार्दछ । ध्रुवचन्द्र गौतम पुनः प्रतीक र स्वैर कल्पनाको हतियार लिएर "निमित्त नायक" तथा "स्वर्गीय हीरादेवीको खोजी"मा देखापर्दछन् । विष्टको आलोचनात्मक यथार्थवादी चिन्तनले "ज्योति ज्योति महाज्योति" को अध्यात्मवादी शून्यवादमा शरण लिन पुग्दछ । कम्युनिस्ट पार्टीसितको सांगठनिक सम्बन्धबाट पृथक् रही वैचारिक सम्बन्धमा मात्र सीमित रहेको घोषणा गर्ने पारिजातका पछिल्ला दुई उपन्यासहरू "योनी" (उपन्यास ?) तथा "परिभाषित आँखाहरू" "अनिदो पहाडसँगै" को मूल्यलाई निरन्तरता दिन सक्षम हुँदैनन् । प्रगतिवादी चिन्तनका दृष्टिले यी उपन्यासहरू पारिजातको औपन्यासिक इतिहासमा दुर्घटना सावित हुन्छन् । २०३६ सालपछि देखिएको सामाजिक चिन्तनको अग्रगामी र व्यापक पक्ष एक दशकभित्र चक्रव्यूहमा फसेर अवरुद्ध भए झैं देखापर्दछ ।

सामाजिक चिन्तनको स्वरुप प्रकृतवादी प्रवृत्तिमा फस्न पुगेको अवस्थामा २०४६ सालको जन-आन्दोलनले नयाँ रुप र गति प्रदान गर्दछ । लेखकहरू सामूहिक स्वर लिएर संगठित रुपमा देखापर्दछन् । राजनीतिक उद्देश्यले सीमित घेरा भत्काउँदै अग्रगामी उद्देश्यतर्फ फड्को प्रार्छ । सडकमा सामन्तवाद र साम्राज्यवाद विरोधी गणतन्त्रात्मक नारा घन्किन्छन् । क्रान्तिकारीहरूको नेतृत्वमा जन आन्दोलनले नयाँ दिशा र गति प्राप्तगर्न थालेपछि यो आन्दोलन त्रि-पक्षीय सझौतामा टुंगिन्छ । यो आन्दोलनले मौलिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता र बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरे पनि मूल राजनीतिक-आर्थिक आधारगत संरचनामा परिवर्तन ल्याउन सक्तैन । रुप परिवर्तन भए पनि अन्तर्वस्तु फेरि दैन । वास्तवमा यो एक किसिमको समीकरणको स्थिति थियो । नेपालमा सामन्तवाद र पुँजीवाद एक्लाएक्लै हिड्न सक्तैनन, यिनीहरू एक-अर्कोलाई सहयोग गर्दै अघि बढ्न बाध्य हुन्छन् भन्ने विश्लेषण सही साबिक भयो । यो आन्दोलनलाई हेर्ने, यसका प्राप्तिहरूलाई बुझ्ने दृष्टिकोणको प्रभाव साहित्यमा पनि पऱ्यो । उपन्यास लेखनमा पनि यी पक्षहरूको अनुभूत सहजै गर्न सकिन्छ । केही उपन्यासहरू यो घटनाको चित्रणमा केन्द्रित रहे, कसैले यस्ता घटनाबाट आफूलाई टाढै राखे भने खास गरेर अग्रगामी चेतनाका युवा उपन्यासकार हरुले अन्तर्विरोधको नयाँ पक्षलाई उद्घाटन गर्दै नवीन चेतना र क्रियाशील यथार्थको संवहनमा जोड दिए । प्रकाशनका दृष्टिले पारिजातको "परिभाषित आँखाहरू" सरुभक्तको "पागल बस्ती" २०४६ साल पछि प्रकाशित भए पनि यिनले त्यो मानसिकतालाई प्रतिनिधित्व गर्दैनन् । पागल बस्ती त यथार्थ विरोधी पलायनवादी-शून्यवादी उपन्यास हो । सामाजिक पक्षसित यसको कुनै सरोकार देखिदैन ।

यस अवधिमा, २०४६ सालको जन-आन्दोलनबाट कथावस्तु र परिवेश लिएर हरिराज भट्टराईले "स्वप्नभङ्ग" भीमचरण थापाले "कल्पना" गीता केसरीले "मुक्ति" आदि उपन्यासहरू लेख्नेको पाइन्छ । तर अन्तर्विरोधको गत्यात्मक स्वरुपलाई ठन्याउनु सट्टा प्रकृतवादी वर्णन र घटनावृतान्तमा जोड दिएकाले यी उपन्यासहरू यथार्थको सक्रिय प्रतिबिम्बनका दृष्टिले उल्लेखनीय देखा पर्दैनन् । तुलनामा "कल्पना" ना सामाजिक पक्ष केही उज्यालो स्वरुपका

साथ देखापरे पनि यसले पनि अन्तर्विरोधको उर्ध्वगामी पक्षलाई आत्मसात गर्न सकेको देखिंदैन । संख्यात्मक दृष्टिले हेर्ने हो भने यस अवधिमा प्रशस्त उपन्यासहरू लेखिएका पाइन्छन् तर सामाजिक चिन्तनका दृष्टिले थोरै मात्र उपन्यासहरू चर्चा योग्य देखिन्छन् । यो अवधिमा ध्रुवचन्द्र गौतमका "उपसंहार अर्थात् चौथो अन्त्य", "बन्द कोठाको शहर", "ज्यागा" (ध्रुव सापकोटासित संयुक्त), "दुविधा" नाम गरेका उपन्यासहरू देखापरे पनि सामाजिक चिन्ता तथा चिन्तनका दृष्टिले मात्र नभएर औपन्यासिक कलादृष्टिले पनि यी उपन्यासहरू उल्लेखनीय छैनन् । यस्तो लाग्छ ध्रुवचन्द्र गौतम निर्जन टापूमा रबिन्सन क्रुसोको जीवन बिताइरहेका छन् । आत्मकुंठा र विसगतिबोधलाई सामाजिकीकरण गरेर भ्रम दिने गौतमको प्रयास यहाँ निरर्थक भएको छ । यस अवधिमा देखापरेका मदनमणि दीक्षितका दुई उपन्यासहरू "मेरी नीलिमा" तथा "त्रिदेवी" पनि औपन्यासिकताका दृष्टिले कमजोर र माधवीका तुलनामा फितला, अनुभूत हुन्छन् । वास्तवमा मदनमणि दीक्षित अतीतजीवी उपन्यासकारका रुपमा उभिएका छन् । "अविरल बग्दछ इन्द्रावती" का स्रष्टा रमेश विकलका "सागर उर्लन्छ सगरमाथा छुन" मा यथार्थका केही उज्याला पक्षहरू आएका छन्, तर अविरलको तुलनामा यो उपन्यास त्यति प्रभावकारी देखापर्दैन । विनोदप्रसाद धितालको बहुप्रचारित उपन्यास "योजनगन्धा" ले फेरि एकपल्ट अभिजात्य संस्कृति, हिन्दूवाद र अतीतोन्मुख प्रकृतिप्रति उपन्यासकार हरूको ध्यान पलायन हुन थालेको कुराको पुष्टि गर्दछ ।

यिनै अतीतोन्मुख, यथास्थितिवादी, सुधारवादी प्रवृत्तिहरूका बीच केही युवा पुस्ताका उपन्यासकारहरू यथार्थको सबभन्दा गत्यात्मक र अग्रगामी पक्षलाई संश्लेषण गर्दै मुक्ति चेतनाको उद्बोधनका साथ उपन्यास चिन्तनको क्षेत्रमा देखापर्दछन् । यथार्थ प्रकटीकरणको अर्थ जे छ त्यो मात्र देखाउनु होइन बरु यथार्थको क्रान्तिकारी पक्षलाई नवीन आदर्शसित मेल गराएर यथा संरचनाको विरुद्ध आमूल परिवर्तनको सामूहिक मानसिकतातर्फ सौन्दर्य- आदर्शका पक्षलाई संवहन गर्नमा उद्यत् देखिन्छन् । यसै प्रयासको क्रममा "कामरेड हुतराज राजधानी प्रस्थान", "नयाँ घर " तथा "अमरवस्ती" जस्ता उपन्यासहरू देखापर्दछन् । यथार्थको विश्लेषणमा द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिको प्रयोग गर्दै सामाजिक चिन्तन गरिएका यस्ता उपन्यासहरू समाजवादी यथार्थवादी चिन्तनका वाहक हुन् र वर्तमान समाज र सामाजिक चिन्तनका दृष्टिले सबभन्दा अग्रपंक्तिमा उभिएका उपन्यासहरू पनि हुन् ।

उपन्यासमा प्रतिबिम्बित सामाजिक चिन्तनको स्वरुप

नेपाली उपन्यासमा प्रतिबिम्बित सामाजिक चिन्तनका स्वरुपलाई नेपाली समाजमा भएका राजनीतिक, आर्थिक र सांस्कृतिक चिन्तनले तीव्र रुपमा प्रभावित पारेका छन् । खास गरेर नेपालको कम्युनिस्ट आन्दोलनका विविध मोड र प्रवृत्तिहरूले पारेको प्रभावबाट सामाजिक चिन्तनको गति र दिशा, स्वरुप र प्रकृतिलाई विशेष प्रभाव पारेको देखिन्छ । नेपाली उपन्यासमा प्रतिबिम्बित समाजिक चिन्तनको स्वरुपलाई अध्ययन गर्दा निम्न स्थितिहरू देखापर्दछन् -

१) समाजको यथा चित्रणमा सीमित रहने प्रकृतवादी-यथार्थवादी प्रवृत्ति २) आलोचनात्मक यथार्थवादी प्रववत्ति र ३) समाजवादी यथार्थवादी प्रवृत्ति ।

१). क. "रुपमती" उपन्यासमा समाज र सामाजिक घटना र परि स्थितिको चित्रण छ । सासूले बुहारीमाथि गर्ने दुर्व्यवहार र सामन्ती संस्कृतिमा जल्दावल्दा उदाहरणहरू, चाकडी प्रथा आदि कुराहरू देखाइएका छन् । तर यी सबबाट मुक्त हुने उपायको खोजी भने पुरातन पन्थ नै भएको छ । सामाजिक चिन्तनका दृष्टिले यो उपन्यासले स्थापित मूल्य विरुद्ध संघर्षको त कुरै छाडौं त्यसैको निर्वाहमा जोड दिन्छ । उपन्यास नियतिवाद र भाग्यवादको सहारा लिएर सामन्ती संस्कृतिकै पक्षमा उभिन्छ । समाजलाई केन्द्र बनाएर यो उपन्यासले समाजलाई आदर्शवादी दृष्टिकोणका साथ हेरेका छ र यसको दार्शनिक धरातल अध्यात्मवादी रहेको छ । यस अर्थमा यसको समाजिक चिन्तनको स्वरुप यथास्थितिवादी किसिमको रहेको छ । यसलाई निश्चित आदर्शतर्फ उन्मुख यथार्थवादी अर्थात् "आदर्शोन्मुख यथार्थवादी" उपन्यास पनि भन्ने गरिएको छ ।[२] वास्तवमा हरेक उपन्यास एउटा निश्चित आदर्शतर्फ उन्मुख

२. कृष्णचन्द्र सिंह प्रधान नेपाली उपन्यास र उपन्यासकार दो.सं. (काठमाडौं, साझा प्रकाशन २०४३) यसमा यिनले "रुपमती" लाई आदर्शोन्मुख यथार्थवादी उपन्यास भन्दै "चेतनाको पहिलो डाँक" लाई समेत एउटै कोटीमा राखेका छन् ।

हुन्छ । यस्तो संज्ञा प्रायः गरेर प्राध्यापकीय समालोचनामा पाइने गरिन्छ । यो संज्ञा भ्रमपूर्ण र अवैज्ञानिक छ । "रुपमती"को सामाजिक चिन्तन यथार्थवादी होइन आदर्शवादी रहेको छ ।

देश-काल र परिस्थिति अनुसार एउटै कुरा पनि विषयवस्तु विविधता, नवीन शिल्पविधि र प्रयोगधर्मिताका साथ देखापर्दछन् । पुराना विचारहरूलाई नयाँ रुप, रंग र कलेवर दिएर प्रस्तुत गर्ने स्रष्टाहरू बाध्य हुन्छन् । "रुपमती" ले अंगिकार गरेको आदर्शलाई पछ्याउने उपन्यासहरूको ठूलो संख्या नेपाली उपन्यास भण्डारमा पाउन सकिन्छ । अस्तित्ववाद र विसंगतिवादको केन्द्रमा पनि अध्यात्मवाद नै रहेको छ र पनि यी "रुपमती" को परम्पराको निर्वाह गर्ने उपन्यासहरू होइनन् । यस प्रवृत्तिलाई चालीसको दशकमा जबर्जस्त स्थापित गर्ने काम दौलतबिक्रम विष्टको "ज्योति ज्योति महाज्योति" ले गरेको छ । यो उपन्यास "रुपमती" को आधुनिक संस्करण हो र यसले अध्यात्मवादी-शून्यवाद र निरपेक्ष सौन्दर्यमा जोड दिएको छ । यसको सामाजिक चिन्तनको स्वरुप यथास्थितिवादी पलायनवादी रहेको छ ।[3]

ख) "रुपमती" का झैं सामाजिक चित्रण गर्ने तर तिनको समस्या समाधान प्रस्तुत गर्नमा भन्दा जे छ त्यो देखाउनमा मात्र संतोष गर्ने केही उपन्यास र उपन्यासकारहरु रहेका छन् । समाजिक चित्रणमा जोड दिई चित्रणद्वारा अप्रत्यक्ष किसिमले सामाजिक विसंगतिको भण्डाफोर गर्ने उपन्यासहरू "वसाई" , "उज्यालो हुनुअघि", "घामका पाइलाहरू", "आगत", "यहाँदेखि त्यहाँसम्म" आदि पर्दछन् । यस्तै उपन्यासहरूलाई युरोपीय सन्दर्भमा स्वतःस्फूर्त यथार्थवादको संज्ञा दिने गरिएको छ । "वसाई" को तुलनामा "घामका पाइला" वा "यहाँदेखि त्यहाँसम्म" का सामाजिक चित्रण प्रकृतवादी किसिमको छ । आदर्शवादी उपन्यासको तुलनामा यी उपन्यासहरूको भूमिका महत्त्वपूर्ण रहे पनि यथास्थितिवादको सीमालाई नाघ्ने प्रयास यिनीहरूमा भएको पाइँदैन । यस अर्थमा यस किसिमका उपन्यासहरू यथास्थितिवाद विरोधी चिन्तनमा सहायक बन्न सक्तैनन् । पारिजातको "परिभाषित आँखाहरू" तथा बिकलको "सागर उर्लन्छ सगरमाथा छुन" यसै कडीका पछिल्ला उदाहरणहरू हुन् ।

२) आलोचनात्मक यथार्थवाद नेपाली उपन्यासको महत्त्वपूर्ण पक्ष हो । आलोचनात्मकता हुनु र आलोचनात्मक यथार्थवादी हुनु एउटै कुरा होइन । नेपाली समाजको आफ्नै किसिमको विशिष्टताले गर्दा युरोपीय सन्दर्भमा देखापरेको आलोचनात्मक यथार्थवादको स्वरुप र प्रवृत्तिको सबै आधारहरू नेपाली उपन्यासमा नपाइन पनि सक्छ । नेपाली साहित्यका अधिकांश उपन्यासकारहरू मध्यम वर्गीय परिवारबाट आएकाले, मानवतावाद, देशभक्तिपूर्ण भावना, शोषण, अन्याय- अत्याचार प्रतिको विरोधको भावना स्वतःस्फुर्त रुपमा उनीहरूका उपन्यासमा पाउन सकिन्छ । युरोपमा उन्नाइसौं शताब्दीको दोस्रो दशकदेखि एउटा आन्दोलनकै स्वरुप बोकेर सत्तरी-असी वर्षसम्मको अवधिसम्म यस किसिमको प्रवृत्ति क्रियाशील रह्यो । यहाँ भने २००७ सालको घटनाले मात्र आलोचनात्मकताका लागि वातावरण तयार पारिदियो । वर्तमानसम्म यस किसिमको प्रवृत्ति विद्यमान रहेको पाइन्छ तापनि २००८ देखि २०१८ सालसम्मको अवधि आलोचनात्मक यथार्थवादी उपन्यास लेखनका दृष्टिले विशेष उल्लेखनीय अवधि हो । सामाजिक विसंगतिको तीव्र आलोचना, समाज सुधारको चाहना तर परिवर्तनसम्बन्धी क्रान्तिकारी विश्वदृष्टिकोणलाई आत्मसात गर्न नसकेको लेखन आलोचनात्मक यथार्थवादी लेखन हो । उपन्यासकार समाजको तीव्र आलोचना गर्छ र परिवर्तनको माग गर्दछ तर कस्तो परिवर्तन ? को उत्तर नहुँदा उसले यथार्थको क्रान्तिकारी उद्बोधन गर्ने सक्षमता प्राप्त गर्न सक्तैन । नेपाली उपन्यासमा आरम्भमा आलोचनात्मक यथार्थवाद सामन्ती रीतिरिवाज, सांस्कृतिक पछौटेपन, कुसंस्कार, अन्धविश्वास र आर्थिक पछौटेपनका विरुद्ध सांस्कृतिक चेतनाका साथ देखापरेको छ भने नेपाली समाजको विकासक्रमको संगसंगै सामन्ती तथा पूँजीवादी विसंगति र विकृतिका विरुद्धमा पनि यो क्रियाशील भएको पाइन्छ । वास्तवमा आलोचनात्मक यथार्थवादी प्रवृत्तिको कुशल प्रयोग

३. ऋषिराज बराल "ज्योति ज्योति महाज्योति मा निरुपित सौन्दर्य दर्शन" (समकालिन साहित्य ४: १३ माघ, फागुन, चैत २०५०) पृ.४५-५८ ।

नेपाली उपन्यासको सन्दर्भमा मार्क्सवादी उपन्यासकारहरूले गरेका छन् ।

नेपाली समाजको विशिष्टतालाई समेट्दै आलोचनात्मक यथार्थवादी प्रवृत्तिलाई वहन गर्ने उपन्यासहरूमा पहिलो चरणमा "को अछुत"।, "विद्रोह", "समयको हुरी", "मंजरी" जस्ता उपन्यासहरू पर्दछन् । पछिल्ला उपन्यासहरुमा "लीलाम", "कट्टेल सरको चोटपटक", "भोक र भित्ताहरू" तथा "हिमाल र मान्छे" जस्ता उपन्यासहरूलाई लिन सकिन्छ । पहिलो चरणको प्रमुख प्रहार सांस्कृतिक पछौटेपन छ भने पछि गएर आर्थिक तथा राजनीतिक विसंगतिका विरुद्धमा पनि आलोचना लक्षित रहेको छ । दौलत विक्रम विष्टले "मंजरी" मा कम्युनिस्ट पात्र उभ्याएका छन् तापनि आर्यसमाजी सुधारवादी प्रवृत्ति उनको अधिकतम चिन्तन बनेर देखापरेको छ "मंजरी" मा । आलोचनात्मकता दृष्टिले "भोक र भित्ताहरू" तथा "हिमाल र मान्छे" बढी उल्लेखनीय उपन्यासहरू हुन् ।

समाजको प्रस्तुतिका दृष्टिले ध्रुवचन्द्र गौतमका "कट्टेल सरको चोटपटक" तथा "अलिखित" विशेष उल्लेखनीय उपन्यासहरू हुन् । तिनमा अन्य उपन्यासहरूका तुलनामा आलोचनात्मक पक्ष पनि बढी उजागर भएको छ । तर यति हुँदाहुँदै पनि उनको प्रमुख चिन्तन आलोचनात्मक यथार्थवादी बन्न सकेको छैन । उपन्यासकारको रुपमा ध्रुवचन्द्र गौतम "डापी" "अलिखित" र "दुविधा" बाट बढी चिनिन्छन् । "कट्टेल सरको चोटपटक" अगाडि उनको समग्र चिन्तन अस्तित्ववादी तथा विसंगतिवादी रहेको छ । उनको चिन्तनले इतिहास चेतनालाई निषेध गर्दछ । ध्रुवचन्द्र गौतमका राम्रा भनिएका उपन्यासहरूको पछाडि विश्वसाहित्यका महत्त्वपूर्ण उपन्यासहरू गाँसिएका छन् । यस अर्थमा उनका उपन्यासहरूलाई छायाँ उपन्यास भन्न सकिन्छ । समाजका साथ आलोचनात्मकता आए पनि उनका उपन्यासमा यौनको भूमिका पनि उल्लेखनीय किसिमको रहेको छ । संयुक्त उपन्यास "ज्यागा" मा समेत उनी भूटानी शरणार्थीहरू शरणार्थी बन्नु पर्ने मूल कारण राज्यसत्ताको कुकृत्यमा भन्दा यौनको खोतलखातलमा बढी केन्द्रित देखिन्छन् र भूटानी शरणार्थीहरू भनेका नैतिक चरित्रका दृष्टिले पतन व्यक्ति हुन् भन्ने कुरामा बढी केन्द्रित देखिन्छन् । "उपसंहार अर्थात् चौथो अन्त" मा त उनी हरफैपिच्छे बा, पेन्टी, पेटीकोट, हुक, क्लिप, फास्नरको कुरा मात्र कोट्याउँछन् । गरीबीले गर्दा फाटेको चोलो र सारीबाट देखिने अङ्गबाट पनि उनी यौनतृप्ति लिन्छन् "अलिखित" मा । यौन र छाडापनको चित्रण नगरे उपन्यास नै अधुरो ठान्ने गौतमले सामाजिक चिन्ता गरेजस्तो गरी "अलिखित" मा भ्रमको खेती गरेका छन् । यो उपन्यास विसंगतिवादको सामाजिक प्रयोग हो । डार्विनवादी मत्स्यन्याय र विसंगतिवादी-शून्यवादी भ्रम, महाआतंक र भयबोधको मिश्रण "अलिखित" हो । गरीबहरू धनीका हातका खेलौना मात्र हुन् , उनीहरूको आफ्नो भन्नु केही छैन, नियतिलाई सहनु नै उनीहरूको एक मात्र जीवन तथा कल्याणको बाटो हो भनेर उनीहरूलाई सधैं भय र आतंकमा बाँच्न दिशाबोध गर्ने गौतमले "अलिखित" मा सिसिफसको कथाको पुनरावृत्त गरेका छन् । उनी गरीब तथा शोषितहरूप्रति दया र सहानुभूति देखाएजस्तो गरी प्रयोग र पुष्टिद्वारा सम्पन्नहरुको पक्षमा उभिन्छन् । उनको सामाजिक चिन्तन समाज विरोधी, मुक्ति विरोधी बनेको छ । यसै अर्थमा उनको सामाजिक चिन्तन यथास्थितिवादको सहयोगी बन्न पुगको छ ।

आलोचनात्मक यथार्थवादको चर्चा गर्दा रमेश विकलको पनि चर्चा गर्नु नितान्त आवश्यक छ । उपन्यासकारको रुपमा उनलाई चिनाउने र प्रतिष्ठापित गर्ने कृति "अविरल बग्दछ इन्द्रावती" नै हो । विषयवस्तु र सामग्रीका साथै द्वन्द्वका दृष्टिले यो उपन्यास महत्त्वपूर्ण छ । विकल "सुनौली" का विपरीत यस उपन्यासमा आञ्चलिक जीवनवृत्त मार्फत् सामाजिक अन्तर्विरोधलाई प्रस्तुत गर्न प्रयत्नशील देखिन्छन् । एक-दुई ठाउँका विवादास्पद प्रसङ्गलाई छाडेर अन्य पक्ष हेर्दा यसले शोषित- पीडितहरूको एउटा महत्त्वपूर्ण पक्षलाई प्रकाशमा ल्याएको कुरा स्वीकार गर्नु आवश्यक छ । यो उपन्यासले रमेश विकलको लेखन आलोचनात्मक यथार्थवादमा मात्र सीमित रहन चाहँदैन भन्ने कुराको पुष्टि गर्दछ । आलोचनात्मक यथार्थवाद, झुसी भएर पोखिएको छ यसमा । सोभितेले सघर्षको घडीमा गाउँ छाड्छ । कहाँ जान्छ सोभिते ? ठूला-बडाको भय र आतङ्कबाट पलायन भएर गाउँ छाड्छ वा नयाँ शक्ति संचय गर्ने योजना र कार्यक्रम लिएर अन्त कतै जान्छ ? या भूमिगत बस्छ ? यो कुरा स्पष्ट छैन

उपन्यासमा । उपन्यासको गतिले उसलाई भूमिगत बनेर संघर्ष संचालन गर्ने आह्वान गर्छ । तर ठीक यही ठाउँमा उपन्यासकार मौन बसेर आफूलाई सुरक्षित राख्दछन् । उपन्यासकारले समाजवादी यथार्थवादको खुला ढोका आफैले बन्द गरेर आफ्नो परिचयलाई आफैले अस्पष्ट पारेका छन् । कलाकृतिमा विचार को प्रष्टता, यथार्थसित जुझ्ने र सामना गर्ने साहस, राजनीतिको उच्चतम पक्षलाई स्वीकार गर्ने इच्छा-शक्तिको भूमिका कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा विकलको औपन्यासिकताले प्रष्ट पार्दछ । विकलभित्रको कमजोर मान्छेले उपन्यासकार विकललाई नियंत्रण गर्दा देखापरेको कमजोरीका कारणले नै "अबिरल बरदछ इन्द्रावती" ले समाजवादी यथार्थवादको भरपर्दो धरातल प्राप्त गर्न नसकेको कुरा सहजै स्वीकार गर्न सकिन्छ ।

३) समाजवादी यथार्थवादको दार्शनिक आधार द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण हो । द्वन्द्वात्मक भौतिकवाद आफैमा साहित्य सिद्धान्त नभएर समाज र साहित्यलाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने आधार हो । यो यथार्थलाई ग्रहण गर्ने सिद्धान्त र पद्धति हो । नेपालमा २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापना पश्चात् र २००७ सालको घटनाले सिर्जना गरेको वातावरणमा यस किसिमको लेखन तथा चिन्तनले विकसित तथा विस्तारित हुने स्थिति पाएको हो । प्रगतिवादलाई सबभन्दा उन्नत सर्वोत्कृष्ट सिद्धान्त मान्ने[४] हृदयचन्द्रसिंह प्रधान नै नेपाली उपन्यासमा समाजवादी यथार्थवादी चिन्तनका प्रथम प्रयोक्ता हुन् र उनका "स्वास्नीमान्छे" तथा "एक चिहान" यसै प्रवृत्तिका उदाहरणहरू हुन् । विषयवस्तु, पात्रहरू, द्वन्द्व तथा पक्षधरता र परिवर्तन दिशाका क्रममा उनी सदैव शोषित-पीडित जनताका पक्षमा रहेका छन् र उनीहरूकै मुक्तिकालागि आवाज उठाएका छन् । तत्कालीन कम्युनिस्ट आन्दोलनको स्थिति, वर्गसंघर्षको स्वरुप, मार्क्सवादी साहित्यको प्रचार-प्रसारको कमी आदिले गर्दा उनमा प्रशस्त कमी-कमजोरी रहेका छन् । परन्तु प्रगतिवादप्रतिको उनको निष्ठामा प्रश्न उठाउनुपर्ने स्थितिचाहिँ कतै देखापर्दैन । कतिपय समालोचकहरुले उनलाई आलोचनात्मक यथार्थवाद वा प्रगतिशीलतामा मात्र सीमित पारेको पनि पाइन्छ ।[५] परन्तु यसो गर्नु भनेको उनको वैचारिक सीमालाई सांघुरो घेरामा सीमाबद्ध गरी उनलाई सुधारवादमा मात्र सीमित गर्नु हो । उनको वैचारिक धरातलले आलोचनात्मकताबाट माथि उठेर आमूल परिवर्तनको दिशालाई छोएको छ । यो कुरा सत्य हो कि प्रधान एउटा कुशल कलाकारभन्दा एउटा सचेत र अग्रगामी चिन्तक हुन् । हृदयचन्द्रसिंह प्रधानलाई बुझ्न स्वयम् एउटा सचेतक र चिन्तकसमेत बन्नु आवश्यक छ । विषयवस्तुको छनौट, चिन्तनको अग्रगामिता र व्यापकता "एक चिहान" मा जुन आयामका साथ जसरी प्रस्तुत गरिएको छ आफैमा उदाहरणीय छ ।[६]

हृदयचन्द्रसिंह प्रधानले बसालेको समाजवादी यथार्थवादी उपन्यासको जगलाई डी.पी. अधिकारी र खगेन्द्र संग्रौलाले विस्तारित गरेका छन् । पंचायती निरंकुश शासनमुनि दबिएको युवा आवाजका विद्रोहात्मक स्वरहरू र भारतीय अतिक्रमण विरुद्ध देशभक्तिपूर्ण भावना र मुक्ति-चेतनालाई "चेतनाको पहिलो डाँक" मा विशेष महत्त्व दिइएको छ । "आशमाया", "आमाको छट्पटी" र "धरती अझै बोल्दैछ" जस्ता उपन्यासहरू सामाजिक चित्रणमा मात्र सीमित नरही परिवर्तनको आह्वानलाई पनि उजागर गर्दछन् । समाजवादी यथार्थवादी उपन्यास-चिन्तनलाई अग्र गति दिने र यसको फाँटलाई विस्तारित गर्ने काममा पारिजातको भूमिका उल्लेखनीय रुपमा रहेको छ । पारिजातको "उसले रोजेको बाटो" यात्राको थालनि मात्र हो भने "पर्खालभित्र र बाहिर" उनलाई प्रगतिवादी चिन्तकको रुपमा स्थापित गराउने उपन्यास हो । नेपाली उपन्यासमा पहिलोपल्ट सचेत र योजनाबद्ध ढङ्गले मजदुर संघर्ष र कम्युनिस्ट आन्दोलनबीच एकातात्मकता स्थापित गर्ने काम यस उपन्यासमा भएको छ । पारिजातको वैचारिक उच्चताको स्वर "अनिदो पहाडसंगै" मा मुखरित भएको छ ।

---

४. हृदयचन्द्र सिंह प्रधान, नेपाली काव्य र उनका प्रतिनिधि कवि (काठमाडौं: साझा प्रकाशन २०२६) पृ. १०-११ ।

५. इन्द्रबहादुर राई, नेपाली उपन्यासका आधारहरू । दार्जिलिङ्ग: नेपाली साहित्य परिषद् २०३४)

६. विस्तृत अध्ययनका लागि ऋषिराज बराल "प्रगतिवादी उपन्यासका मूल प्रवृत्ति" (विद्यावारिधि-सोध प्रबन्ध) त्रि.वि.वि. २०४८ ।

२०३६ सालको जन-आन्दोलनको पृष्ठभूमिलाई केन्द्र बनाएर लेखिएको यो उपन्यासले पारिजातको सर्वहारावादी मानवतावादी चेतनालाई उजागर गरेको छ । पारिजातका पछिल्ला दुई उपन्यास "वोनी" (उपन्यास ?) र "परिभाषित आँखाहरू" ले उनको समाजवादी यथार्थवादी चेतनालाई धान्न सकेका छैनन् । प्रगतिवादी चेतका दृष्टिले मात्र नभई औपन्यासिकताका दृष्टिले पनि यी उपन्यासहरू एकाकिसिमका दुर्घटना हुन् । चालीसको दशकमा संजय थापाको "पूर्वतिर" तथा "देउमाईको किनारमा" नामका उपन्यासहरू प्रकाशित भएका पाइन्छन् । उनका अन्य उपन्यासहरुका तुलनामा यी दुई उपन्यासहरु चर्चायोग्य छन् तापनि आफूले आर्जन गरेको मूल्य विरुद्ध उभिएर सामन्तवाद तथा साम्राज्यवाद- विस्तारवादको दलालको रुपमा परिचित संजय थापा उर्फ प्रदीप नेपाल अब इतिहासको सन्दर्भमा मात्र संझनलायक बनेका छन् ।

समाजवादी यथार्थवादी उपन्यासहरुको धरातल र गहिराईलाई अझ विस्तारित रुप दिने काम २०४६ सालपछिका उपन्यासकारहरूले गरेका छन् । यस अवधिमा देखापरेका राजनीतिक अन्तर्विरोधहरू, कम्युनिस्ट आन्दोलनमा भएका विखण्डनहरूको प्रभाव पनि यस अवधिका उपन्यासमा पाउन सकिन्छ । यस अवधिकामा उपन्यासमा पहिलोपल्ट कम्युनिस्ट आन्दोलनको प्रवाहवाट जन्मेका पात्रहरू, भूमिगत कार्यशैली, सांगठनिक अन्तर्विरोध र बलिदानका लागि प्राणोत्सर्ग गर्न तमतयार नायकहरू सिर्जना गर्नेतर्फ उपन्यासकारहरुको ध्यान गएको पाइन्छ । यस प्रवृत्तिका उपन्यासहरू जे-जति मात्रामा देखिनु पर्दथ्यो त्यसो हुन सकेको छैन तापनि "कामरेड हुतराज राजधानी प्रस्थान", "नयाँ घर" "अमर बस्ती" यस प्रवृत्तिका उल्लेखनीय उपन्यासहरू हुन् । आकारका दृष्टिले सानु तर ग्रामीण परिवेशलाई लिएर लेखिएको "कामरेड हुतराज राजधानी प्रस्थान" ले २०४६ सालको जन-आन्दोलनपछि द्रिजोका गाउँका जाली-फटाहा, साहु-महाजन, पंच-प्रधानपंच कसरी कांग्रेस र कामरेड भएर पुनः जनतामाथि शोषण गर्न उद्यत् रहन थाले भन्ने तथ्यलाई एकातिर उद्घाटित गरेको छ भने अर्कोतिर बलबहादुरजस्ता नायक पात्रको सिर्जना तथा निर्माण गरी क्रान्तिकारी राजनीतिलाई निरन्तरता दिने काम गरिएको छ । यो उपन्यासले कम्युनिस्टको नाम धारणा गरेर सामान्त तथा साम्राज्यवादको चाकडी गर्ने तथाकथित कम्युनिस्ट पार्टी र यसका नेताहरूप्रति तीव्र व्यंग्य गर्दै जनताको मुक्तिका निम्ति यिनीहरु विरुद्ध पनि संघर्ष गर्नुपर्ने आवश्यकता बोध गराएको छ । "नयाँ घर" उपन्यास कम्युनिस्ट आन्दोलनको विगत इतिहासदेखि २०४६ साल पछिको वातावरणसम्म तन्किएको छ । यसले कम्युनिस्ट आन्दोलनभित्रका कतिपय विसंगत पक्षलाई उधिन्ने काम गरेको छ । रागात्मकतावाट मुक्त हुन नसक्नु जस्ता कमी-कमजोरीहरूलाई पर सार्ने हो भने यो उपन्यासले केही विशिष्ट पक्षलाई उद्घाटित गर्नुका साथै केही प्रतिनिधी पात्रहरूको सिर्जनातर्फ पनि सङ्गानीय प्रयास गरेको छ । उनका अन्य उपन्यासहरूका तुलनामा भाष्करको "अमर बस्ती" विषयवस्तु र विचारका दृष्टिले उल्लेखनीय उपन्यास रहेको छ । नेपालको कम्युनिस्ट आन्दोलनलाई नयाँ दिशा र गति दिने क्रममा जनसमरको रुपमा देखापरेको नयाँ यथार्थलाई मूल कथाधार बनाएर लेखिएको यो उपन्यासमा कतिपय प्रसङ्गहरू मनोगत र कृत्रिम जस्ता लागेपनि जतिसुकै दमन र राज्यआतंक चलाइए पनि अमर बस्तीका जनताहरू झुक्ने छैनन् वरु सदैव अगाडि बढिरहने छन् भन्ने कुरालाई यसले स्थापित गर्ने प्रयास गरेको छ । पोखरेली उपन्यासकार सरुभक्तको "पागल बस्ती"का विपरीत भास्करले अमरबस्तीको पक्षमा आफूलाई उभ्याएका छन् । तर भास्करसित आफूले लिएको कथावस्तु र कच्चा सामग्री बारे अझै सम्यक् ज्ञान नभएको र कच्चा सामग्री भित्रका काम नलाग्दा, अनावश्यक कुराहरू फाल्नुपर्ने तथ्यप्रतिको संचेताका अभाव भने सहजै अनुभव गर्न सकिन्छ । उपन्यासकार भास्करमा केही भन्ने तथा केही आग्रहलाई बलात् प्रस्तुत गर्ने हुट्हुटीले कथावस्तुको प्रभावकारिता, चरित्रको प्रारुपीय निर्माण र संरचनाको संगठित प्रभाव उपन्यासमा खुदिलो र दरिलो किसिमले प्रस्तुत हुन सकेको छैन । शायद उपन्यासकार भास्कर आफ्ना कमजोरी स्वीकार गर्ने, गल्तीवाट सिक्ने आफूलाई सुधार्ने, पाठकहरूले प्रस्तुत गरेका सुझावहरूलाई गम्भीरताका साथ लिने कुरामा त्यति साहो विश्वास गर्दैनन् । उच्चविचारका लागि चाहिने उच्च कला-प्रविधि,शिल्प, कलाकारिता र संरचनागत वैशिष्ट्यको कति साहो महत्त्व हुन्छ भन्ने कुराप्रति उपन्यासकार भास्कर

सचेत देखिंदैनन् । संरचनागत शिथिलता, त्रुटीपूर्ण वाक्य-विन्यास, शैलीगत सपाटपन, निरस विवरणले उपन्यासले अंगालेको कथावस्तु र विचारको उदात्त पक्षलाई विफल तुल्याएकाछन् । नयाँ यथार्थप्रतिको उपन्यासकारको प्रतिबद्धता, लेखनधैर्य, सामग्रीको जोडजाम प्रतिको उत्साह सहानीय छ तर भाषाशैली र कला-सीपको अभावमा यो उपन्यास नराम्रो गरी दुर्घटित भएको छ । समाजवादी यथार्थवादले शिल्प-प्रविधि र कलाकारितालाई महत्त्वहीन ठान्दैन ।

चिन्तनको दिशा: निष्कर्षगत खोजी

उपन्यास र सामाजिक चिन्तनको ६३ वर्षको इतिहास एक अर्थमा विचारको इतिहास पनि हो । यो लेखकको विश्वदृष्टिकोण र कला चेतनाको इतिहास पनि हो । यो इतिहास निरपेक्ष रुपमा रहेको छैन, यसलाई आधारको स्थिति र इतिहासले निर्धारित गरेको छ । नेपाली समाजको परिवर्तनका लागि राजनीतिक, आर्थिक र सांस्कृतिक क्षेत्रबाट गरिएका संघर्ष र आन्दोलनका रुपहरूद्वारा नै नेपाली उपन्यासमा सामाजिक चिन्तनका प्रारुप, स्वरुप र दिशा निर्देशित भएका छन् भन्ने कुरा माथिको विश्लेषणबाट अवगत गर्न सकिन्छ । यथा चित्रणलाई सम्पूर्ण ठान्ने, सुधार चाहने र आमूल परिवर्तनको उदात्त भावना राख्ने प्रवृत्तिसम्म नेपाली उपन्यासको सामाजिक चिन्तनको फैलावट बिस्तारित भएको छ । आज पनि "रुपमती" को दर्शनलाई केन्द्र बनाएर उपन्यास लेखिन्छन् , लेखिंदैछन् । तर तिनले नेपाली समाजको वर्तमान चिन्तनको प्रतिनिधित्व गर्न सक्तैनन् । दौलतविक्रम विष्टको आलोचनात्मक यथार्थवाद "ज्योति ज्योति महाज्योति" को शून्यवादमा शरण लिन पुगेको छ । ध्रुवचन्द्र गौतमको २०४६ सालपछिको उपन्यास लेखन, विषयवस्तु र समाजपरकताका दृष्टिले झन् ह्रासोन्मुख बनेको छ र पछिल्लो उपन्यास "दुविधा" सम्म आइपुग्दा उनी फेरि कुंठा र विसगति बोधको तीसको दशकतिर पश्चयात्रामा क्रियाशील रहेका छन् । यस्ता प्रवृत्तिहरूले वर्तमानको सौन्दर्य पक्षको नभई कुरुप पक्षको मात्र प्रतिनिधित्व गर्दछन् ।

रमेश विकलको चिन्तन र कलाकारिता दुवैको उच्चतम प्राप्ति "अविरल बग्दछ इन्द्रावती" हो । पछिल्लो उपन्यासले प्रमाणित गरेको सत्य यही हो । आलोचनात्मकताबाट मात्र संतुष्ट नहुने र यथार्थको गत्यात्मक र उर्ध्वगामी पक्षलाई पनि आत्मसात् गर्न नसक्ने अन्तर्द्वन्द्व पनि अहिलेको प्रतिनिधि चिन्तन होइन । विकलले आफ्नो यात्राको सीमांकन आफैले गरेका छन् । मदनमणि दीक्षित कुशल शिल्पी र आफूले लिएको विषयवस्तु र सामग्री बारे राम्रो ज्ञान भएका उपन्यासकार मानिन्छन् । उनका पछिल्ला उपन्यास विषयवस्तु र सामाजिकताका दृष्टिले त्यति महत्त्वपूर्ण अनुभूत हुँदैनन् भने "माधवी" पनि नेपाली समाजको चिन्तन होइन । पुराण र इतिहासलाई लिएर नवीन दृष्टिकोणका साथ प्रस्तुत गर्न सकिन्छ भन्ने कुरा भारतीय उपन्यासकारहरूले प्रमाणित गरेका छन् । तर नेपाली उपन्यासकारहरू भने इतिहास र पुराणमा आफ्नो पुरातन चिन्तनको सुरक्षा खोजिरहेका छन् । अतीतको तयारी माललाई यथा प्रवृत्तिमा रुप दिन सरल र सहज हुन्छ । समकालीन यथार्थवाट भाग्न यो भन्दा सहज उपाय अरु केही हुन्न । "योजनगन्धा" जस्ता उपन्यासहरू यस्तै प्रवृत्तिका उदाहरणहरू हुन् । वर्तमानका यस्ता जल्दाबल्दा समस्याहरू हुँदाहुँदै पनि अतीततिर फर्कने यो प्रवृत्ति पलायनवादी प्रवृत्ति हो र स्वयम् "योजनगन्धा" अभिजात्य संस्कृतिको वाहक उपन्यास हो ।

नेपाली समाजमा समाजिक चिन्तनको अग्रगतिको प्रतिनिधित्व आमूल परिवर्तनकारीहरूले गरेकै उपन्यास माफंत सामाजिक चिन्तनको गतिलाई उर्ध्वगामी प्रवाह दिने काम समाजवादी यथार्थवादीहरूले गर्दै आइरहेका छन् र गरिरहेका छन् । यसलाई हिजोका सन्दर्भमा हृदयचन्द्रसिंह प्रधान , डि.पी. अधिकारी र पारिजातले गति दिएका थिए र आजका युवा उपन्यासकारहरूले यसैलाई निरन्तरता प्रदान गरिरहेका छन् । भन्न त सबैले आफूलाई क्रान्तिकारी र अग्रगामी चिन्तनका पक्षधर भन्दछन् तर व्यवहारमा तिनै उपन्यासकारहरू र क्रान्तिकारी प्रवृत्तिप्रति प्रतिबद्ध देखिएका छन् जसले सैद्धान्तिक तथा राजनीतिक दृष्टिले माक्सदेखि माओसम्मका सौन्दर्यशास्त्रीय प्रस्थापनालाई आत्मसात् गर्दै यथार्थको सबभन्दा उर्ध्वगामी पक्षको संश्लेषण गर्दै प्रारुपीय स्वरुपमा प्रस्तुत गरेका छन् । अझ भनौं त्यस्ता उपन्यासकारहरू नै अहिलेको सामाजिक चिन्तनका प्रतिनिधि उपन्यासकारहरू हुन् । जसले जनसमरले निर्देशित गरेको दिशा र यथार्थलाई अहिलेको प्रतिनिधि यथार्थ ठान्दै आख्यान लेखनमा क्रियाशील छन् । यस सन्दर्भमा "कामरेड हुतराज राजधानी प्रस्थान" "अमर बस्ती" जस्ता उपन्यासहरूका स्रष्टाको नाम लिनु सर्वथा उचित देखापर्दछ । यी र यस्तै प्रवृत्ति बोकेका उपन्यासकारहरु नै सामाजिक चिन्तनका दृष्टिले अहिलेका अगुवा र प्रतिनिधि उपन्यासकारहरू हुन् ।

काठमाडौं

२०५३/९/६/७

थोरै बोल्नु, अधिक सोच्नु, कम पढ्नु अधिक गुन्नु, बुद्धिमान बन्ने उपाय हो । – टैगोर

त्यो भन्दा दुःखी कुनै छैन, जो सबै थोक चाहन्छ तर गर्न केही सक्तैन । – क्लाडियस

कविता

प्रलयपछि

मञ्जु कांचुली

तिमीले भिषण प्रलय
देख्यौ!
क्षितिजभित्रको अग्नी
देख्यौ !
चट्याङले भरिएको
शान्त आकाश
देख्यौ !
गर्भमा शिशु छटपटाएको
देख्यौ !
तिमीले पनि यस्तै गर्भ
शायद मस्तिष्कले
बोकेका थियौ ।
पीडा कस्तो हुन्छ
शायद तिमीले पनि
भोगेका थियौ !
प्रलय मनको पहिरोले थाम्न
कति गाह्रो हुन्छ ।
कसरी पृथ्वी लड्यो !
आकाश भत्क्यो !
समुद्र छताछुल्ल भयो !
कसरी आधी संगै
भुकम्प गयो
भुकम्प संगै
बाढी उल्यो
बाढी संगै
पहिरो खस्यो
प्रकृति र मान्छे
दुई अजङ्का सांढे झा राँगा भएर
सपनाकै
हरियो गलैंचा बिछ्याएको
चौर माथि
प्रशस्त जुधे
निर्दोष समय भरि
नील डाम पर्‍यो
हरिया रुखपातहरु
खंग्रङ्ग भएर सुके
कसैले कसैमाथि पनि
विजय वा पराजय
प्राप्त गरेन
आराम बिछ्याइने
धरतीको
कुहिरोमय तन्नामाथि
चित्कारको
रातो असिना
पोखियो
यसको अविच्छिन्नता
रोकिएन
चित्रकारले
त्यही चित्कारका दानाहरु
तन्नामाथिका
अरू थुपै भित्ताहरुमा
कुंदेर गयो
ओठहरुमा
अलिकति उदासिनताको
झरि
पोतेर
एउटा पारदर्शी पर्दाले
तिनलाई ढाकेर
गयो
प्रलयहरुको
अकल्पनीय
अविच्छिन्नता
अपरिहार्य हुँदै गयो
धरतीमाथि
चित्कारको कलेटी खाटा
चुपचाप
बस्दै गयो
श्रीखण्ड र रक्तचन्दनका काठमा
देवालयमा सिन्धुघाँटीको सभ्यताभरी
मन्दिरको भित्री छानामा
चित्र कोरियो
चर्तुभुजी लक्ष्मी कोरियो
फरियामय द्रौपदी कोरियो
भित्ते काठमा महाकाव्य
कोरियो
बाढी वा लहरको
तरंगलाई
तौलिने गरियो
अर्के अध्यायमा
हुरी वा बतासको
समयलाई
मापिने गरियो
अर्के अध्यायमा
धौजा वा कम्पनको
आयतनलाई
नापिने गरियो
अर्के अध्यायमा
तिनका रंगलाई
आकृतिलाई
रसायनका अन्नत गुणलाई
जांचिने गरियो
अनि भोज पत्रमा
ताम्रपत्रमा
शिलापत्रमा
ताडपत्रमा
प्रलय पढिने गरियो
हामी सबै
हृदयमा
संभावित प्रलयको
लहरको
अलिकति पानी लिएर

आंखाको मुन्तिर
किरणको अलिकति आकाश
खोज्छौ
प्रलयको बतासको
अलिकति हावा लिएर
शान्तिको
अलिकति स्वास
खोज्छौ
सभावित प्रलयके कंपनको
अलिकति धरती लिएर
माटोको
अलिकति स्थिरता
खोज्छौ
प्रत्येक दिन
विहान आउँदा
विहान नै
बगैचामा
फूलदानमा
लटरम्म फूल फुल्दा
फूल नै
खोजी हिंड्छौ
भोक लाग्छ
स्वाद हुँदैन
वास्ना खोजि हिंड्छौ
हामी हिंडिंड्छ र टिमासमा
स्वादको यथार्थ
खोजिहिंड्छौ
प्राप्तिको
कुनै संतुष्टि हुँदैन
सगरमाथा एउटै हुँदैन
हामी अरु नै सगरमाथा
खोजिहिंडेका हुन्छौ
कुनै नौलो आस्थाको
नौलो बसाईको
उत्कण्ठा हुन्छ

आकाशको चन्द्रमा जहेको
कुनै त्यस्तो
रमाइलो फुलमुट्ठे रुमाल जस्तो
भुस्थल हुँदैन
आंखाको जालोमा
टासिएको
नीलो आकाशे धरतीमा
हामीले टेक्न सभव
जुनकुनै
धरतीको
अर्को सानो कुना
हुँदैन
पखेटे आकाशको
पैदले धरतीको
कुनै सुमधुर
चांदनीको
झोलुङ्गे चादी पुल हुँदैन
अंधेरी रातको
कालो ग्यापमा
एउटाको आवाज
अर्कोसम्म पुग्ने पाउँदैन
कि त सलहको
भीड हुन्छ
कि त अंध्यारोको
बिर्गाबिगी हुन्छ
आकाशे धरती
सधै नीलो
तरल हुन्छ
र माथि माथि गहिरिन्छ
पाइलाले
छुने धरती
सधै खैरो ठोस मात्र हुन्छ
र सभ्यताको माटोमुनि
गहिरिन्छ
आंखाको आलीभित्र

ओठको हिलभित्र
एउटा ठूलो हल्ला
कर्कश बज्न थाल्छ
एउटा भिषण मुक्तिहीन
भित्री हल्ला
आंधीले
वाडीले
भुकम्पले
भित्री मुनी
छिनविन्न हुन्छ
भित्री फूल झर्छ
हांगा भांचिन्छ
मुटुको मांसपेशीको
पहिरो खस्छ
वाडीले कैयौं
भित्री वस भत्काउंछ
टुक चपाउंछ
आंधीले कैयौं
भित्री छाना उडाउंछ
डढेलो लगाउंछ
भुकम्पले
भत्री थांजा
फाट्छुटुकै मांसपेशी
चिरा रिरा पर्छ
अनि एकासि
सबै अनिष्ट
अडे पछि
प्रलय हुँदैन
आंधी हुँदैन
भुकम्प हुँदैन
बाडी हुँदैन
पहिरोले हुँदैन
त्यतिखेर
नलाई शायद आकाशवाट
ओर्लने नन हुन्छ

त्यति नै खेर
तिमीलाई शायद
धरतीबाट
उक्लने मन हुन्छ
कतै यस्तो ठाउमा
भेट्ने
रहर हुन्छ ।
जहा सभ्यताको कोटिक
खुइलिएको
कुनै अस्त्रको बस्त्र नहोस्
जहां डुबाउने पन्चालो आकाश नहोस्
जहां ठेस् लाग्ने ठोस् धरती नहोस्
अत्यन्त गाढा रंगी बिरंगी
रंगको धार नहोस्
कुनै कडा बास्ना नहोस्
कुनै चर्को स्वर नहोस्
प्रकृति र मान्छे
आपसमा
धेरै काल जुधे
अब सिर्जना
त्यसै अलपत्र नहोस्
रङ्गहरूले लडाई गरेर
एक अर्कालाई
परास्त गर्दै रंगीन पारे
अब आपनो रंग स्पष्ट होस्
तर मान्छेको रग बचोस्
अब त प्रलयपछिको
शान्ति छ केवल
मान्छेले प्रकृति संग
हात मिलाएको
सुमधुर
शिष्टताको
धमेली बास्ना छ
केबल
सभ्यता र प्रकृतिको
खुल्ला संग्रहालयमा
सिर्ई पृथ्वी
बन्द कमलको एउटा फूल
वा बन्दकोबीको
सिर्जनामय
पत्रेदिक्को एक स्थूल
हाम्रै लागु
टेबुल माथि
तेसिएको छ
ब्रेकफास्टका लागि
मानव सभ्यताको
आरोहणको
सुमधुर धुनमा
कृतिले
संन्तुलनको कंवल
ओढाइदिएकी छ
जाडोले कांपेर
मेचना बसेका
तिमीलाई
तर ज्यालबाहिर
अझै समुद्रछ
नदीनाला छ
अझै भुखण्डको
हरियो जंगल छ
वायु मण्डलको
वृहद् अस्मिता छ
अझै पहाड छ
मैदान छ
भौतिक विकासको राक्षस
सडक भरि
शहर भरि
बन भरि
जंगल भरि
आगलागी सरह
फैलिएको छ
पर्यावरणीय असन्तुलनको
अर्को दानव
अचम्मको
अद्भुत् नृत्य गर्दैछ
त्यसको खुट्टा
भास्सिदा
पहिरो जान्छ
चिप्लिंदा
नदीले
बाटो फेर्छ
ढल्किंदा
लाभा अबीरको
ढिस्को उभिन्छ
उन्नति र पर्यावरण
आपसमा
भीषण युध्द गरिरहेको
वेला छ यो
अजीबको
त्यसैको छवैमा
प्रकृतिले मान्छेलाई
अगालो मारेर
चुपचाप सुतेकी छ
सबैको सामुन्ने
कोठाको भित्तामा
सजाउन मिल्ने
सुन्दर सजीवको दृष्य
सिर्जिएको छ
लामो छलफलले
दुवै थाकेका छन्
झरिपछिको सडक
चुपचाप छ
प्रकृतिको विहंगम स्वरूपको
अव
लोहरी संगितमा
भिजेर

परेला लहिएको छ
मिलाएर कोरेको कपाल
छहरा झै
बगेको छ
आंधीपछिको
झरीपछिको
असिनापछिको
सडकले
शान्तिको कालोपल ओढेर
पदयात्रीलाई
कांध थापिरहेको छ
फाट्टफुट गर्दै
धमाधम मानिसहरु
घरघरबाट
सडकको कोधमा
ओलेर बस्दैछन्
अफिसकालागि
कारखानाकालागि
विद्यालयतिरकालागि
कर्मचारीहरु
मजदूरहरु
विद्यार्थिहरु
फइलमा
कलपुर्जामा
किताबकापीमा
कमिलाहरुको
स्थिर शान्त यात्रा
शुरु भएको छ
प्रलयपछि
आंधी बेहरीपछि
भुकम्पपछि
बाढीपछि
फेरी
जीवन यात्रा

पद यात्राबाट
शुरु भएको छ
तलाउ माथि
छालको अब शायद
रंगीचंगी पखेटा
उमेको छ
त्यस्तै निर्मल पानी नभएर
पो हो की
त्यसको पखेटा
निसासिएको छ
बगैचामा
फूलले
शायद फेरि मीठो बास्ना
छर्दैछ
त्यस्तै कुनै नयाँ माटो
नभएर पो हो कि
त्यसको बास्ना
अतासिएकोछ
अब त्यो मीठो पराग
शायद रंगीचंगी
पखेटामा
उडदैछ
त्यसलाई उड्ने
खुला आकाश नभएर हो कि
त्यो हामै कौसीमा
फट्फटाउदैछ
जन्म दिएर
रक्षा गर्न नसक्दा
भ्रूण हत्या भन्दा पनि बढ्दा
ठूलो पाप हुन्छ
उ, वामे सर्दै आइरहेछ
हामीलाई हेर्दै
बिर्स एकछिन
सडकका कुराहरु
कुर्सीका कुराहरु

बरु यसका भिना हातहरुमा
अलिकति हरिया
हागाहरु
राखिदेऔं
शिरमा
एउटा तेजिलो सूर्ज
राखि देऔं
गोडामा मन्दिरको सिंढी
राखिदेऔं
मनमा आस्थाको
सानो आकाश
राखिदेऔं
त्यसलाई अब नरोक
पूर्ण सुरक्षामा आफ्नै गतिमा
हिंड्न देऔं
तिमो बाटो चाहिदैन
उसलाई हिंड्ना
बाटो आफै बन्छ
अब प्रलय
आंधी
भुकम्प
बाडसबै रोकिएको छ
रुंदा र चिच्याउदा
थाकेकी मृदुवालाले
एक चोटि मुख धोएर
ऐनामा हेर्दै
मुस्कुराएकीछ
जाडो याममा
कौसीमा त्यानो घामको
पहेलो सुकुल बिछिएको छ
मृदुबाला त्यसैमाथि
कोल्टो फर्केर पल्टेकी छ
एकैछिन् ।

बालकथा

---नीलो आकाशपारि

-तेजप्रकाश श्रेष्ठ

टह टह जून लागिरहेको थियो । ज्यालमा बसेर समन जूनको उज्यालोमा आकासतर्फ हेरिरह्यो ।

ऊ आकाशमा गोलो आकारको सेतो चन्द्रमा उदाएको हेरिरहेको थियो । उसले चन्द्रमाको आफ्नो उज्यालो (प्रकाश) हुन्न भन्ने सुनेको थियो । तर यो जूनको उज्यालो कसरी आयो ? ऊ छक्क परिरह्यो । सूर्यको किरण चन्द्रमामा ठोक्किएर फर्किएको उज्यालो नै जून हो भन्ने कुरा उसले बुझिसकेको थिएन ।

आज उसले चन्द्रमा ज्यादै राम्रो देख्यो । पूर्णिमाको साँझ भएकोले चन्द्रमा पूर्ण गोलाकार थियो । अघिपछि चन्द्रमा यस्तो गोलो देखिदैनथ्यो । रोटीको टुक्राजस्तो मात्र देखिन्थ्यो । चन्द्रमा १५ दिनसम्म बढ्दै गयो र १५ दिनसम्म घटेर गएको देखेको थियो । यो कसरी भएको होला ? नजिकैबाट चन्द्रमा कस्तो होला ? त्यहाँ जान पाए कति मजा हुँदो हो । भन्ने सोच्दै उ एक टकले चन्द्रमा हेरिरह्यो । चन्द्रमा सरर अगाडि बढिरहेको देखियो । ऊ बादलझैं उडेर चन्द्रमालाई भेट्नुउन चाहन्थ्यो । साँच्चै उसको पनि पखेटा भएको भए चरा झैं भुर्र उडेर चन्द्रमामा पुगिसक्दो हो ।

नभन्दै ऊ आकाशमा उड्न थाल्यो । उसको पखेटा थिएन तर पनि ऊ उड्दै उड्दै धेरै माथि पुग्यो । माथिबाट उसले आफ्नो घर साथै सानो देख्न थाल्यो । ऊ डाँडाको टुप्पाभन्दा पनि माथि पुग्यो ।

ऊ चारैतिर हेर्दै थियो । तल गाउँबस्ती र डाँडा पनि नदेखिने भयो । ठूलठूला खाल्टा खुल्टी जस्तो मात्र देखिन थाल्यो ।

उसले तल हेर्न छाडेर माथितिर हेऱ्यो । आकाशभरि तारा हरू टिलपिल टिलपिल गरेर चम्किरहेका थिए । उज्यालो चन्द्रमा उसैलाई हेरेर मुसुक्क हाँसिरहे झैं लाग्यो । उसलाई चन्द्रमामा पुग्न झन हत्तारो लाग्न थाल्यो ।

समनले पछाडि फर्केर हेऱ्यो । त्यहाँ कोही पनि थिएन-न घर न डाँडाकाँडा । बरु त्यहाँ अर्को चन्द्रमा जस्तो ठूलो डल्लो देखा पऱ्यो । उसले देखेको त्यो डल्लो अरू केही थिएन, उसको आफ्नो घर भएको पृथ्वी थियो । उसलाई पृथ्वीको डल्लो चन्द्रमाभन्दा ५० गुना ठूलो लाग्यो । ऊ मुसुक्क हाँस्यो र अगाडि बढ्यो । उसलाई आकाशमा उड्न साह्रै रमाइलो लागिरहेको थियो ।

ऊ पृथ्वीबाट जति टाढा पुग्थ्यो-पृथ्वी सानो र चन्द्रमा ठूलो हुँदै गएको देखिन्थ्यो । पृथ्वीमा झैं चन्द्रमामा पनि खाल्टा खुल्टी र डाँडाकाँडा जस्तो ठाउँ देखियो । अब उसले सिंगै चन्द्रमा देख्न नसक्ने भयो । उ चन्द्रमाको नजिकै पुगिसकेको थियो ।

एकैछिनमा ऊ चन्द्रमाको जमीन टेक्न पुग्यो । उसको अगाडि एउटा फराकिलो मैदान थियो । न त्यहाँ रुखपात थियो, न घर आँगन । नत त्यहाँ चराचुरुङ्गी थिए न बाघ भालु । ऊ छक्क परेर केहीबेर चारैतर्फ हेरिरह्यो ।

उसलाई आफ्नो जीउ हलुंगो भए झैं लाग्यो । उसको जीउ नै उडिरहेझैं थियो । राम्रोसंग जमीनमा टेक्न पनि सकेको थिएन । ऊ धेरै बेरसम्म यताउती घुमिरह्यो । त्यहाँ उसले पानी पनि पाएन । उसलाई साह्रै गर्मी लाग्यो । घामले चरक्क पोल्यो ।

घाम लागिरहेको थियो तर पृथ्वीको जस्तो नीलो आकाश थिएन । त्यहाँको आकाश कालो देखिन्थ्यो ऊ ज्यादै छक्क परिरहेको थियो ।

पृथ्वीमा झैं चन्द्रमामा वायुमण्डल थिएन । वायुमण्डल नभएपछि हावापानी हुँदैन । हावा र पानी नभै कुनै पनि जीव जन्तु र रुख बिरुवा बाँच्दैन । झन् मानिस बाँच्ने त कुरै थिएन । वायुमण्डल नभएकोले नै चन्द्रमाको आकाश कालो देखिएको रहेछ । घामको किरणमा सातवटा रंग मिसिएका हुन्छन् । घामका किरणहरू वायुमण्डलका ससाना कणहरूमा पर्दा नीलो प्रकाश निस्कन्छ । त्यसैले पृथ्वीबाट आकाश नीलो देखिन्छ । तर वायुमण्डल नहुँदा घामको किरण सीधै चन्द्रमामा पर्ने हुँदा यहाँ सधै आकाश कालो हुँदो रहेछ । त्यसैले चन्द्रमामा दिउँसो ज्यादै गर्मी र राती ज्यादै चीसो पनि हुन्छ । यसरी नै वायुमण्डल नभएकोले चन्द्रमामा जुनसुकै चीज पनि हलुंगो भएर उड्ने गर्छ । समनको जीउ पनि रुवा जस्तै हलुंगो भएर उडिरहेको थियो यो कुरा उसले ठम्याउन सकिरहेको थिएन ।

ऊ एक्लै थियो । तर पनि उसलाई कुनै डर लागिरहेको थिएन । हलुंगो जीउ उडाउँदै उसले चन्द्रमाको धेरै ठाउँ घुम्यो । उसलाई थकाइ पनि लागेको थिएन । उसले ससाना ढुंगाहरू र नाउँदै बटुल्न थाल्यो । उ नमूनाकोलागि आफ्नो घरमा लैजान चाहन्थ्यो । त्यत्तिकैमा उसले कालो आकाशमा एउटा अनौठो

चम्किलो चीज देख्यो । त्यो अनौठो चीज आफूतर्फ आउदै गरेको देख्यो । उसले सोच्न थाल्यो त्यो के होला ? त्यसमा के होला ? कहाँबाट आएको होला ? मलाई पो केही गर्ने होकि ?- ऊ झसङ्ग भयो । केही डर पनि लागेर आयो, तर उसले त्यो चीजलाई हेरिरह्यो । हेर्दाहेर्दै त्यो ऊ भएकै ठाउँमा पुगेर अडियो ।

त्यसबाट एउटा अनौठो जीव निस्क्यो । टाउकोमा हेल्मेट र जीउभरि बाक्लो लुगा लगाएको मान्छे देखिन्थ्यो । जीउभरि जतातै यन्त्रहरू टाँसिएको झैं लाग्यो उसलाई/ त्यो मानिस एक एक पाइला चाल्दै उ नजिकै आएर ठिङ्ग उभियो । समन ठूलाठूला आँखा पारेर आश्चर्य मान्दै उसैलाई हेरिरहेको थियो ।

'नमस्कार, - समनको कानमा मीठो आवाज पऱ्यो ।

'नमस्कार, - समनले पनि सकिनसकि नमस्ते भन्यो । दुवै हात जोड्यो ।

तिमी यहाँ के गरिरहेछौ ? तिमी को हौ ? तिमी पृथ्वीकै बालक त होइनौ ? हेर्दा त त्यस्तै लाग्छ , - त्यसले भन्यो ।

'हो म नेपालबाट आएको हूँ । तिमी को हौ ?' उसले सोध्यो । म पनि पृथ्वीकै मानिस हूँ मेरो नाम नील हो । म अन्तरिक्ष यात्री हूँ । चन्द्रमाको अध्ययन गर्न आएको हूँ । तिमी त मभन्दा अगाडि आइसकेछौ । कसरी आयौ ? -नीलले छक्क पर्दै सोध्यो ।

'तिमी कसरी आयौ नि ? किन त्यस्तो लुगा लगाएको' - समनले पनि सोध्यो । म यो अन्तरिक्षयानमा चढेर आएको नि । यो अन्तरिक्ष यात्रीले लगाउने लुगा हो । यो लगाएपछि जाडो पनि हुँदैन गरम पनि । आम्मै ! तिमी त घर बस्ने लुगामै पो आएका रहेछौ त केही अप्ठेरो लागेन । उसले जवाफ दिंदै सोध्यो पनि !

तिमीलाई भोकपनि लागेन ? केही खायौ ? नीलले सोध्यो । 'अहँ' उसले भन्यो । 'अहो !' नखाएर हुन्छ । खानुपर्छ केही खानेकुरा खाऔं आऊ, अनि गफ गरौंला । मलाई त भोक लागि सकेको छ, हुँदैन त ?- नील समनको हात समातेर यानतर्फ तान्न थाल्यो । समन के गरुँ कसो गरुँ गर्दै थियो । ऊ झसङ्ग भयो । 'ए समन भोक लागेन भन्या ? के ट्वाल्ल आकासतिर हेरिरहेको, आइज'- आमाले उसको हात समातेर तानिरहनु भएको रहेछ । ऊ छक्क परेर आमाको मुख हेरिरह्यो ।

कुलेश्वर, काठमाडौं ।

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५२ औं शुभ जन्मोत्सवमा
पुनीत अवसरमा मौसूफ सरकारको सुस्वास्थ्य
एवं दीर्घायुको लागि हार्दिक मंगलमय
शुभ-कामना टक्याउंदछौं ।

ए.सी.गार्मेन्ट्स इन्डष्ट्रिज
वानेश्वर, काठमाडौं

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५२ औं शुभ जन्मोत्सवमा
पुनीत अवसरमा मौसूफ सरकारको सुस्वास्थ्य
एवं दीर्घायुको लागि हार्दिक मंगलमय
शुभ-कामना टक्याउंदछौं ।

एस.पि. गार्मेन्ट्स इन्डष्ट्रिज
ठिमी, हनुमन्तो पुल, भक्तपुर
फोन नं. ६५२२७५

कविता

श्रद्धाञ्जली

कैलाशसिंह ठकुरी "आंसु"

उषा निरन्तर निशा निरन्तर ,
प्रभात सायं दिन-रात निरन्तर ॥
तर ज्यादै महत्व भयो आज नै किन ?
महाकविको शुभ-जन्मदिन ॥

रचना विलक्षण प्रतिभा विलक्षण ।
कथा र काव्य कविता विलक्षण ॥
नेपाली साहित्यका अग्रदूत ।
नेपाल आमाका यी सपूत ॥

नेपाली सबका हृदयमा तिमीछौ ।
कविताका पंक्तिहरूमा तिमी छौ ॥
वनकुसुम तिमी, शाकुन्तल तिमी भई ।
महाकवि चीर अमर तिमी छौ ॥

श्रद्धाञ्जली गर्छु तिमीलाई अर्पण ।
अरुणाञ्जली गर्छु तिमीलाई अर्पण ॥
श्रद्धाले सम्मानमा आंसु आज ।
हार्दिक म गर्छु तिमीलाई अर्पण ॥

(८५ औं लक्ष्मी जयन्ति समारोहमा प्रथमस्थान प्राप्त)

गजल

सम्पन्नतामा मानव विचलित भएको देखें ।
कर्तव्य, धैर्य, सयम् बिसिंदिएको देखें ॥

यथार्थ पथमा दुनियाँ लम्की रहेछ आज ।
आदंशको गारेटो भल्किसकेको देखें ॥

बेचैन हुन्छ हृदय सम्पूर्णतामा झन्-झन् ।
जीवन अभावमा नै पुलकित भएको देखें ॥

मदिराको मदमा मानिस मातिन्छ आँसु केवल ।
ऐश्वर्य मदले आँखा छोपीदिएको देखें ॥

कविता

पुल

-मंजुल

मन फाटेर
आंसुको खोला बगिसकेपछि
दुई किनारको बीचमा
पुल कहाँ त्यसै अडिन्छ र ?

त्यसका बलिया लट्ठाहरूलाई
ठूलठूला ढुङ्गामा खोपेर,
छिराएर बाँध्नुपर्छ

दुबै किनारामा ठूलठूला खाडलहरू खनेर
ती ठूलठूला ढुंगाहरूलाई पुर्नुपर्छ
अरु ढुंगाहरूले किच्नुपर्छ
माटो र ढुगाको गाडो लगाउनुपर्छ

त्यति मात्र कहाँ हो र ?
कहिलेकाही सिमेन्ट प्लास्टर पनि गर्नुपर्छ

धर्तीको मन फाटेर
आंशुको खोला बगिसकेपछि
दुई किनार जोड्ने पुल टिकाउन
पुल भन्दा बलिया पकडहरू तयार पार्नुपर्छ

(गाउँ श्रृङ्खलामा लेखिएको बाह्रौं कविता)

Long live our King

HOTEL CASTLE

Lake side-6 Santi Patan
P.O. Box. No. 328Pokhara
Tel: 977-61- 21539

निबन्ध

मनका रागहरु: भावनाका छालहरु

इन्दकनार 'श्रेष्ठ' सरित

❑ सबैलाई थाहा छ सबै मान्छेको छातीमा एउटा मन हुन्छ । त्यो मन सुखमा हाँस्छ र दुःखमा रुन्छ । ज्यूँदो मान्छेभित्र सलबलाएर बाँच्ने सम्बेदनशील मनको भावुकता कतै चर्को हुँदो हो त कतै अलिनो त कतै मात्रा मिलेको हुँदो हो । तर आफ्नो मनमा सलबलाउने मान्छेको मनको यो भावुकता कति मात्रामा ठीक र कति मात्रामा बेठीक भनेर छुट्याउने कुनै मापदण्ड नभएको सत्यलाई स्वीकार गर्दा मान्छेको मनभित्र पलाँपिने भावुकताको कुनै निश्चित आकार वा रंगरुप नहुने तथ्य छलंङ्ग हुन्छ । त्यसैले पो हो कि नदेखिने तर अनुभव गर्न सकिने यो भावुकताको लहरोले मलाई जिन्दगीमा सधैं नै पेण्डुलम जस्तो बनाएर हल्लाएको छ - डोऱ्याएको छ । निरीहस्थिति बोधलाई खपेर जीवनका हरेक क्षण, घटना, सफलता-असफलता भावुकताको सिउनुले लिप्दै जाँदा भावुकताको पराकाष्ठामा मलाई जीवन केही होइन केवल व्यर्थजस्तो लाग्न थाल्छ ।

❑ बिहानीपख जब म ऐना अगाडि उभिएर आफ्नो मुहार हेर्छु त्यसबेला मलाई मेरै सुन्दरताले लोभ्याउँछ । तर जब म यो सुन्दरताको अर्थ खोज्न थाल्छ यस्तो लाग्छ, यो जवानी, यो सुन्दरता खहरेको बाढीझन्दा कति पो दीर्घायु हुन्छ र ? हरे । यो क्षणभंगुर जवानी मलाई किन यो विधि माया लागेको होला? एकदिन मेटिएर जाने, नासिएर जाने यो भौतिक, अस्तित्वलाई माया गर्नुको के अर्थ ? यो निःसार मायाको महत्ता नै के छ र ? मलाई आफ्नै उपस्थिति असहनीय हुन थाल्छ । सुन्दरताको अर्थहीनता र महत्ताहीनतामा डाको छाड्दै रोएर मन शान्तपार्ने चाहना प्रबल हुन्छ ।

❑ मन कहिले लेकमा डुल्छ, कहिले बेसीमा फुल्छ । फूलै फूलबीच नाच्ने रमाउने मनलाई काँढाहरूले तर्साउँछ - धरफराउँछ । काँढादेखि टाढा रहेर फूलै फूको माझमा मान्छेले स्वप्न देख्न थाल्छ, रंगीन जीवनको कल्पना गर्न थाल्छ । त्यसमा पनि म जस्तो अत्यधिक मात्रामा चलचित्र हेर्ने र साहित्य पढ्नमा रुचि राख्ने मेरो बानीले नै मलाई सुखभन्दा बढी दुःख नै दिएको छ । जब म चलचित्र हेर्न थाल्छु, चलचित्रको पर्दामा एउटा दुब्लो पातलो नायकले बीस पच्चीस जना मुष्टण्डे खलनायकहरूलाई सजिलै पराजित गर्छ र नायकको पराक्रमबाट प्रभावित भएर धनी बाउकी एक्ली सुन्दर षोडशी छोरी निर्धन नायकप्रति मरिमेट्छे । त्यस्तो बेलामा मलाई फेरि चर्को हीनताबोधले आक्रमण गर्छ मन भावुकताको पोखरीमा पौडी खेल्न थाल्छ । हरे । किन मेरो वैसले यस्तो नायकत्व कहिल्यै प्रदर्शन गर्न सकेन ? किन कुनै षेडशी मेरो जीवनमा नायिका बनेर आइन र किन मैले जीवनमा कुनै तरुणीसग लठारिंदै फूलबारीमा 'अम्बल डम्बल खैलेपा' भन्दै प्रणयगीत गाउँने मौका पाइन ?के जीवनको यो नीरसता, वैसको निस्सारता मजस्तो भावुक मनलाई रुवाउन पर्याप्त छैन त ?

❑ म पनि भन्छु जीवन थोत्रो कल्पना वा फोसो भावुकतामात्र होइन । जीवनमयको मात वा चुरोटको घात पनि होइन । जीवन कतै जय र पराजय हो भने कतै हाँसो र रोदन हो । त्यसैले त भन्छु, जहाँ जीवन हुन्छ त्यहाँ मृत्युको छायाँ पनि हुन्छ । साहित्यमा पनि त यिनै अनुभव र अनुभूतिहरू लिपिबद्ध भएका हुन्छन् । त्यसैले साहित्यको कुन विधामात्रै मैले पढिन ? माओत्सेतुङ,व्लादिमिर इलिच लेनिन, कार्ल मार्क्स, दस्तोवस्कीका दर्शनहरूदेखि लिएर बर्डस्वर्थको लुसी, देवकोटाको मुना मदन, म्याक्सिम गोर्कीको आमा, लियो टालस्टाय, फणीश्वरनाथ रेणु, प्रेमचन्द, महादेवी वर्मा, पर्ल.एस. बक आदि आदिलाई पढ्दै जाँदा र युद्ध र शान्ति, अपराध र दण्ड, अग्निदीक्षा आदिमा हराउँदै जाँदा साहित्यिक कृतिहरूको स्वादले मलाई तृप्त नगराएको होइन । तर जीवनमा आफूले चाहिं केही गर्न सकिएन, आफूलाई चर्चाको शिखरमा न्याउने कुनै देन दिन सकिएन भन्ने पिरलोले भावुक मनलाई मच्याक्क गाँज्छ र एउटा उदास मन झनै उदास भएर कौसीमा बसेर परेवाको 'माकमाकधुर' सुन्नुबाहेक दोसो कार्य गर्न नै के

सक्छ र ? हरे ! मनले मनलाई नै धिक्कार्छ, म पनि त साहित्य सृजना गर्न सक्थें, नाच्न सक्थें, अभिनय गर्न सक्थें अथवा आफूलाई चर्चाको संसारमा ल्याउने कुनै न कुनै बाटो समाउन सक्थें । तर किन मैले त्यस्तो कुनै सुमार्ग अवलम्बन गर्न सकिन ? के मनका रागहरूले चाहनाका छालहरूलाई दृढताको पहाड बनाउन नसक्नुको परिणति नै जिन्दगी झुत्रो र आँसु भएको हो त ?

- म आफैलाई थाह छैन यो मन किन यसरी पिन्चे र पिलन्धरे भएको हो किन यो मन खेलाडीको पाखुरीझैं बटारिएको हुन सकेन ? तर सधैं सधैं भावुक भएर मलाई रुवाउने यो मनलाई मैले नियन्त्रण गर्ने प्रयत्न नगरेको त कहाँ हो र ? चलचित्रका नायकहरूझैं हाँस्दै गाउँदै जिन्दगीलाई हरेक रुपमा स्वीकार गर्ने निश्चय नगरेको पनि कहाँ हो र ? तर कठै ! यो भावुक मन बैरी भएर खुशीको अगाडि उभिदिन्छ र दुःख जत्ति मेरो थाप्लोमा फालिदिन्छ । मैले पनि छ फुटको शरीर, पैतालीस इन्चको छातीलाई जिन्स र छालाका ज्याकेटमा सजाएर, मोटरबाइकको पछाडिपट्टी सिने तारिकाभन्दा पनि रामी प्रेमिकालाई राखेर जीवनको लीकमा छुकछुक छुकछुक गर्दै हिंड्न नखोजेको त पक्कै पनि होइन । तर यो ससारमा मान्छेले जे चाहँदैन उसले त्यो प्राप्त गर्दोरहेछ र जे कुरा प्राप्त गर्न मान्छे लालायित हुन्छ त्यो कुरो उसले आजीवन प्राप्त गर्न नसक्दो रहेछ । नत्र रहरै रहरहरूको भारी बोकेर जीवन काकाकुलसरी किन बिताउनु पर्थ्योहोला ? के मनले राग अलाप्नु र त्यो राग भावुकताको पोखरीमा खसेर मर्नुको नाम नै जिन्दगी हो त ?
- म पनि धुपै धुपै साथीहरू बनाउन चाहन्छु र नठाँटी भन्नुपर्दा मेरा प्रसस्त साथीहरू छन् पनि । तर तिनीहरूले मेरो मनलाई कहिल्यै बुझेनन् । मायाको प्यासी मेरो चाहना र भावुकतालाई कहिल्यै चिनेनन् । उनीहरूले बुझ्न सकेनन् मलाई बनावटी हाँसो होइन आत्मीय माया चाहिन्छ भनेर । हरे ! दुर्भाग्यको कुन कुन कथा हालौं, जीवन आफैमा धागो चुँडिएको चंगासरी बनेपछि जिन्दगीको योभन्दा ठूलो दुर्भाग्य अर्को कुन होला त ?
- हतास, निरास र असफल जीवनले दिएको मानसिक यातनालाई कहाँ लगेर बिसाउँ र कहाँ किनौं एकमुष्ठी शान्ति जसले यो अशान्त जीवनलाई शान्त पार्न सकोस् । कुन कुन कुराबाट बुझाउँ यो असन्तुष्ट मनलाई ? सबैका श्रीमतीहरू सिने तारिकाझैं टाँसिएर र सिंगारिएर हिंडेको देख्छु तर आफ्नी श्रीमतीलाईभने 'यसो स्लीबलेस टिसर्ट र मिनीस्कर्ट लगाएर आधुनिक पाराले हिंडन' भन्योभने उसलाई त्यस्तो लुगा लाउन नै लाज लाग्छ अरे । हरे यो अभागी खप्पर ! कुन जुनीको पापले यो जीवनमा आघातै आघातको खात लाइदियौ नि प्रभु । यसरी घात र आघातरुपी जीवन दिनुभन्दा त बरु किन यो जीवनलाई मृत्युको लात प्रदान गरेनौ ?
- जीवन कतैबाट उभो लाग्न नसकेको देख्दा कहिले राजनीतिमा प्रवेश गरौं कि भन्ने लाग्छ भने कहिले आफ्नो सम्पूर्ण जीवन नै समाज सेवामा होमिदिउँझैं लाग्छ । त्यसैले एकमुष्ठी प्राण धान्न आफ्नो निर्दोष बालापन होटेलका जुठा भाँडाहरूसंग साटिरहेका बालकहरू, गलैंचाका तानसंग सघर्ष गरिरहेका किशोर किशोरीहरू, ठेला र रिक्साहरूसंग कुश्ती खेलिरहेका जीवनहरू देख्दा मन त्यसै चरक्क चिरिन्छ । हरे ! यिनीहरूको जीवनकालागि केही गर्न पाए पनि हुन्थ्यो भन्ने भावनाहरू भावुक मनको मझेरीमा खुईय गरेर थपक्क बस्छ । एकमुठी खान र एक झुत्रो लाउनकै लागि ओंठ निचोरे दूध आउने ओंठमा सस्तो लिपिष्टक दलेर र ननिस्केको छातीलाई जबर्जस्ती तिखो बनाएर आफूलाई बेच्न तैयार ती कलिली केटीहरू देख्दा मन मस्तिष्कमा हाहाकार मच्चिन्छ । हरे ! जीवनको यस्तो अवमूल्यन ? चरित्रको यस्तो अवमूल्यन ? सरकार प्रति पनि मेरो मनमा तीव्र रोष उत्पन्न हुन्छ । विद्रोह गर्न मन लाग्छ, ती निमुखाहरूको भलाईको नाममा । तर सबै व्यर्थ ! मन यी विविध घटनाहरूबाट त्यसै त्यसै द्रवित हुन्छ र आँखाहरू रिमझिम रिमझिम बर्सिन थाल्छन् । हरे ! ए मन किन यत्ति कमजोर भैदिएको होला ? किन यत्ति भावुक भैदिएको होला ? कठै ! यस्तो मरन्च्याँसे, पिलन्धरे र ह्याउहीन भावुक मन बोक्ने शरीर साँच्चिकै लोग्नेमान्छेकै होला त ?

तरहरा (सुन्सरी)

हाल:– काठमाडौं

कविता

केही भन्नु छैन ।

बी.पी. शाही

तिमी मदेखि रिसाउनु वा खुसाउनु
त्यसमा मलाई केही भन्नु छैन
तिमी रिसाउँदा तिम्रो अनुहार
कालो बादल जस्तो लाग्छ
तर एकै क्षणको वर्षा पछि त्यो
कालो बादल हटेर जान्छ
तिमी खुसाउँदा लाग्छ मलाई
फूलै फूलले सजिएको बाग जस्तो
जसले धेरै कालसम्म खुसी र
रमाइलो वातावरण दिइरहन्छ ,
तिमी अलिक रिसाउँछ्यौ धेरै खुसी हुन्छ्यौ
त्यही नै मलाई रमाइलो लाग्छ
म रिसाउँदा तिमीलाई धेरै दुःख लाग्छ
म खुसी हुँदा तिमीलाई धेरै खुसी लाग्छ
म बुझ्न सक्छु तिम्रा कुराहरू
तर तिमी बुझ्दिनौ मेरा कुराहरू
तिमी बेकारमा रिसाउने गछ्र्यौ कुरै नबुझी
तिमीलाई सुख दिन तिम्रा पीर व्यथा सब लिन्छु म र
तैपनि तिमी त किन हो कुन्नि त्यसै पनि पीरैमा देख्छु म
पीर व्यथा सबलाई बिर्सी सुखमा जिउन सिक
त्यही नै जीवन हो, जीवनको सार्थकता पनि त्यही नै हो
रिसाउन किन पर्‍यो र खुसाउनु नै किन पर्‍यो ।
यदि तिमीले जीवनलाई बुझेको भए ।
त्यसैले फेरी म भन्छु -
तिमी म देखि रिसाउनु वा खुसाउनु
त्यसमा मलाई केही भन्नु छैन ।

मित्रपार्क, ग्रावहिल

कविता

अक्षर

गोकल अधिकारी

अक्षरहरूको सन्तुलन भत्कन थालेपछि
शब्दका स्वरुपहरु फेरिन्छन्
उपेक्षाको तातो रापलअक्षरहरू
छरपस्ट भएपछि
भाषाका आकृतिहरू बदलिन्छन् ।
कुनै त्रासकोकुइरो फैलदैमा
अक्षरहरू मासिन्नन् ।
अक्षरहरु लहर मिलेर जोडिए भने
डरलाग्दो अर्थपूर्ण शब्द बन्नसक्छ
सेतो टिपेक्सको कालो पर्दाभित्र
अक्षरहरू कहिल्यै पुरिन्नन् ।
आकाशबाट इन्द्रेणी नमेटिएजस्तै
तोक्सानीको भूतले अक्षरको गन्तव्य भत्कदैन
सूर्य चन्द्र र पृथ्वीको गन्तव्य नरोकिए जस्तै
प्रदूषणको सेपले समुद्रको पानी
रित्तिएको कहाँ छ र ?
अक्षर त पवित्र हिमालको बरफ हो
जो धर्तीको आहार भएर रित्तिनुमा नै
सधै हाँस्छ र
परलनुमा रमाउँछ ।

गोग्राहा- ३
विराटनगर

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५२ औं शुभ जन्मोत्सवको
पावन अवसरमा मौसूफ सरकारको सुस्वास्थ्य
एवं समृद्धिको कामना गर्दछौं ।

वावुसा एपेरेल्स
महाराजगञ्ज, काठमाडौं
फोन नं. ४१५७०७

कृति-परिक्रमा

नेपाली भाषा साहित्यको उत्थानमा करीब ३ दशक देखि लागिपरेका नवपुस्ताका युवाकवि हुन् धीरेन्द्र मल्ल । कवि मल्लले कविता, गजल र कथामा बढी कलम चलाएको देखिन्छ भने अन्य विधामा पनि यदा कदा कलम चलाएको हामी पाउँछौं । गद्य कविताको बाहुल्यता उनमा पाइन्छ । मनका कुराहरुलाई आफ्नै शैलीमा सरल भाषाको प्रयोगद्वारा आफ्ना रचनाहरू पाठकको सामु पुऱ्याउनु उनको विशेषता हो । अनेक फुटकर कविता यत्र तत्र पत्रिकामा देख्न पाइन्छ । उनी स्वयं भन्दछन्- "यी संगालोको रुपमा राख्न सके अथवा पुस्तकाकारमा पाठक सामु पुऱ्याउन सके हुन्थ्यो , के गर्ने ? साहित्यिक संस्थाहरूले पनि त्यति ध्यान दिंदैनन्" । यो यौटा नेपाली साहित्यको क्षेत्रमा समर्पित व्यक्तिको भनौं वा हरेक साहित्यिक व्यक्तित्वको पीडा हो । यो क्षेत्रमा देखिने पीडादायी कथा-व्यथा हो ।

कवि- धीरेन्द्रले आफ्नै प्रयासमा कविताको यौटा कृति (संगालो) पाठक सामु उभ्याएका छन् । सुन्दर आकारको सानो पुस्तकको नाम हो- 'सिफारिस एउटा रोगीको रोग' । यो शीर्षक दिएको यस पुस्तकका ३४ वटा कविताका शीर्षक मध्येकोयौटा शीर्षक हो -१६ औं कविता । वर्तमान समयको यथार्थस्थितिको नमूना पनि हो यो कविता । कवि समाजको यथार्थता बोल्छ, कवि प्रत्यकको भावनालाई खोतल्छ, भावनालाई बोल्छ, यो आफ्नो मात्र पीडा होइन प्रत्येकको पीडा हो । कवि धीरेन्द्र स्वयं सरल छन्, उनका कविता पनि सरल छन् तर अन्तर्हृदयको वेदना, कुण्ठा, पीडाको अनुभूति व्यङ्ग्यात्मक रुपमा भन्दा अभिधात्मक रुपमा प्रस्तुत भएका छन् कविता ।

कवि धीरेन्द्र- चेतनाको संवेग भन्दा सामाजिक मान्यता र मूल्यमा स्थीर रहेर कविता लेख्छन्- अरुलाई घच्घच्याउन खोज्छन्,केही दिन खोज्छन् । धेरै जसो कविता छोटा छन्, लामो श्रृखलाबाट मुक्त छन्, आफ्नो भावना व्यक्त गर्न सफल पनि छन् तर जीवनको उच्चतातिर त्यति उन्मुख हुन भैने सकेका छैनन्, अवश्य पनि कविले त्यतातिर प्रयास गर्नु अति आवश्यक देखिन्छ । अब यस कविता संग्रहका कविताहरूलाई सरसर्ती हेरौं- प्रत्येक कवितामा पीडा छ, व्यक्तिको हैन समाजको । कवितामा अन्तर्द्वन्द छ दुर्बोध्य छैनन् कुनै पनि कविता-

मेरो निम्ति - एउटा रोगीको रोग जस्तो भएको छ,
त्यो रोगी - जसको औषधी किन्ने सामर्थ्य छैन .....,

'मेरो दुःख' देखि 'मान्छे/राक्षस' सम्मका हरेक कविताहरूमा समाजकै पीडा छ - 'शङ्खनाद' 'मध्यमवर्ग' 'बजार भाउ बिना लगामको' 'नेता' 'श्रद्धाञ्जली' आदि अनेक देख्न सकिन्छ । अन्य केही कवितांश-

मान्छे कैद हुन सक्छ
तर आवाजलाई कैद गर्न सकिंदैन (आवाज -४४)
एउटा आमाको कोख बचाउन
अर्को आमाको कोख खोसिरहेछ
एउटा घर बसाउंन- अर्को घर ध्वस्त बनाइरहेछ
(मान्छे/राक्षस ६३)

यसरी कवि धीरेन्द्रका कविताहरूमा सुगम्य, सरल, जनसाधारणले प्रयोग गर्ने भाषाको प्रयोग प्रसस्त रुपमा देखिएको छ, तसर्थ पाठक वर्गले अवश्य पनि रुचाउने छन् ।

१) कृति - सिफारिस एउटा रोगीको रोग (कविता-संग्रह)
२) कवि- धीरेन्द्र मल्ल
३) सम्पादक- रोशन थापा 'नीरब'
४) प्रकाशक- गायत्री- प्रकाशन (मालीगाउं, काठमाडौं)
५) संस्करण- प्रथम - २०५३
६) प्रति- १०००
७) मूल्य- २५ - (पच्चीस)

-ठाकुर शर्मा

Long Live Our King

GRAND HOTEL
BABA RESTAURANT

P.O. Box: 5741 PCN-005 Old Bus Park,
Bagbazar, Kathmandu, Nepal
Phone: 226278, Fax: 0977-1- 225277

यात्रा सस्मरण

अज्ञात युवति

-रामप्रसाद पन्त

यात्राको दौरानमा म एकदिन तम्घास - काठमाडौं रात्री बसको प्रतिक्षामा एउटा स्टपमा बसिरहेको हुन्छु । मसंग दुईवटा केटाहरु हुन्छन् १२ देखि १५ वर्ष बीचका । तिनीहरुलाई बुटवल छाडेर म काठमाण्डौंतिर लाग्नु पर्ने थियो । समय बेलुकाको ४ बज्दै थियो । पारीपट्टी डांडामा एउटा बस आइरहेको देखियो । त्यही नै रात्री बस त होइन ? मैले अनुमान गरें । एउटा केटोले भन्यो - के हुन्थ्यो रात्री बस । रात्री बस एकदमै नयाँ र गतिप्रदायक (स्पीडवाला) हुन्छ । अनी त्यो आउने बेला पनि भएको छैन । वास्तवमा मभन्दा त्यो केटो बढि अनुभवी छ त्यो रुटको बससंग । कुरा गर्दागर्दै त्यो बस हामी छेउ आएर उभियो । सांच्चै नै त्यो दिवा सेवा रहेछ । मैले ड्राइभरलाई सोधें - रात्री बस कतिबेला आइपुग्ला ? उसले सहशा जवाफ दियो - ब्रेक फेल भएर थन्किएको छ आज आउदैन । रात्री सेवाका कति यात्रुहरु यसै बसमा आएका छन्, तपाई आजै जानु छ भने यसै बसमा छिडे हुन्छ । अन्यथा धोका पाउनु होला ।,

म ज्यादै अप्ठ्यारो स्थितिमा परें - कति विश्वास गरुं कति नगरुं, उसको बोलीमा । ड्राइभरहरु यस मामिलामा बढि चलाख हुन्छन्, यात्रुहरुलाई सकेसम्म आफ्नो गाडीमा चढाउने परिस्थिति सृजना गर्छन् । म एकछिन घोरिएको देखेर ड्राइभरले फेरि भन्यो - नपत्याए अरु यात्रुहरुलाई सोध्नुस् । यसैबीच कन्डक्टर बाहिर निस्क्यो - जाउं, जाउं यहां जानुहुन्न भने आफै धोका पाउनु हुन्छ । त्यसै बेला भित्रबाट एक जना यात्रु करायो -"रात्री बस आउदैन कुनु बेकार छ । बुटवलबाट कुनै न कुनै रात्री बस पाइहालिन्छ नि ।" त्यो पनि ड्राइभरले सिकाएको कुनै यात्रु थियो कि । जे होस् त्यसपछि नलागुं ।

कुरा त ठिकै हो, घर फर्कनु भन्दा बरु बुटवल गएर अर्को बस बदल्नु बेश । हामी बसमा चढ्यौं । म बसेको तीनजनाको संयुक्त सिट सांगुरो त छदैथियो , त्यसमाथि पनि बच्चा लिएकी महिलाले गर्दा अरू अपठ्यारो महसूस भैरहेको थियो । पल्लो लाइनको दुईजनाको संयुक्त सिटमा दुईवटी तरुनी केटीहरु बसेका थिए । केही परको स्टपमा एउटी केटी ओर्लेपछि अपठ्यारो लागिलागि म त्यही खाली सिटमा सरें । त्यो केटीले के सभी, केटाहरुले के सोचे ! अन्य दर्शकहरुले के नजर अन्दाज गरे ! वास्तविकता बुझ्न सके कि सकेनन् ! जे भएपनि म स्त्री-सकासको गलत फाइदा उठाउन पक्कै बसेको थिइन । एकछिन त म सीधा गरेर पनि बस्न सकिन र त्यो केटीको मुखतर्फ पनि हेरिन । स्पष्टिकरण दिई राख्न पनि आवश्यक नदेखेकोले चुप्प लागेर पारीपट्टी हरियाली परिदृश्यमा आंखा लगाइरहें । मलाई सबभन्दा अप्ठ्यारो आफ्नै केटाहरुदेखि लागि रहेको थियो । यो सुन्दर जवानीको मीठो स्वाद भोग गर्ने प्रकृतिगत नियम पालन गर्दै नवयौवनको आह्वानमा अग्रसर लक्का जवान केटाहरुले मेरो समस्या बुझे कि बुझेनन् । बुझेर पनि उल्टो अर्थ त लगाएनन् ! उनीहरुको आलो दिमागमा कतै मेरो सुनियतलाई दुर्नियतपूर्ण चालमा परिणत गर्ने आभासको उत्सृजन त भएन ! ठूलो चाहिले नजर लगाइरहेको थियो, मैले कुनै बखत मौका पारेर कुराको प्रशंग जोडी तिनीहरुको शंका दूर गराउने र सगै बसेकी नवयौवनाप्रति पनि मेरो दुर्भावना नभएको विश्वास दिलाउने आवश्यकता महसुश गरिरहें ।

बस आफ्नो नियमित दौडाइमा एउटा हाट बजारनिर पुगेर अडियो । यात्रुहरुले चिया खाने मौका पाए तर हामीले त्यो आवश्यकता ठानेनौं । सिट मै बसिरह्यौं । मसगै बस्ने केटी पनि तल ओर्लन मन नगरेर झ्यालमा टाउको अड्याएर झोक्रिएर बसिरही । उ किन त्यसो गरिरहेकी छ मलाई बुझ्न खुल्दुली लाग्यो र अप्ठ्यारो मानीमानी सोधें-बहिनी कहांसम्म पुग्ने ? उसले विस्तारै टाउको उठाएर पुलुक्क हेरी र थकित स्वर निकाली - हजुर ! मैले प्रश्न बदलें - बहिनीलाई सन्चो छैन कि ? उसले भनी - भन्भनी रिंगाएको छ, टाउको दुखेको छ , बमिट होला जस्तो छ ।

म खुशी भएं यस अर्थमा कि - उ नम्र स्वभावकी रहीछ । छलकपट रहित सिधा सोधाइमा उल्टो जवाफ दिने मान्छे साथमा परिदियो भने यात्रा बडो खल्लो हुन्छ । मलाई यस्तै डर लागिरहेको थियो । जमाना उल्टो छ , सिधा सोच्दा उल्टो आइलाग्छ । उसले छड्के नजर प्रहार गरेर उल्टै प्रश्न गर्न पनि त सक्थी 'तिमीलाई के मतलब' ! मान्छेको स्वभाव न हो ।

त्यसो भएको भए सीट खोज्दै टासिन जाने मलाई कति नमज्जा हुन्थ्यो होला । मैले क्रमैसंग एकपछि अर्को प्रश्न गरेर पुरा परिचय लिने विचार गरें ।

पहिलेको प्रश्न दोहोऱ्याएं - "बहिनी कहां सम्म पुग्ने" ?

'काठमाण्डौ'

"यता कहांबाट आउनु भा' को ?"

"बीरवास बाट ।"
"काठमाण्डौमा पढ्नु हुन्छ ?"
"होइन, घुम्न जाने ।"
" यसको मतलब तपाई पहिलोपल्ट जाँदै हुनुहुन्छ ?"
" हजुर ।"
" कति जना हुनुहुन्छ ?"
'दुईजना । मेरो एकजना दाजु पछिल्तिर बस्नु भएको छ ।'
मैले हठात् पछाडिको सीटतिर एक नजर दौडाएं , त्यहाँ कोही पनि थिएन ।
दाजु ! कस्तो दाजु ? जसले बहिनीलाई कस्तो छ ' केही खाने कि ? भनेर सोध्न पनि आएन । एक्लै सुटुक्क निस्केर कुन्नि कतातिर लाग्यो ।

एकैछिन पछि बस स्टार्ट भयो, यात्रुहरु एकाएक आएर बसे । त्यो केटीको दाजु पनि आएर बसेहोला ।
कुन चाही हो ! कहाँनिर बसेको छ ! कुन उमेरको र कस्तो छ ! निदीखुंदी गर्न आवश्यक ठानिन, केटी पनि दाजु आयो आएन फर्केर हेरिन ।

म तिनीहरुको आपसी सम्बन्धलाई देखेर असमञ्जसमा परिरहेको थिएं केटी अस्वस्थ मनस्थितिमा बाहिर हेर्दै थिई । मैले पनि बेला वखत झुक्याएर उसको सक्कली रुप नियाल्ने कोशिस गर्दै थिएं । रातो भुइ भएको फूलबुट्टे कुर्ता सुरुवाल माथि स्वीटर लगाएर उत्तरिया फन्को मारेकी, सामान्य रुपमा कपाल मुठारेर रवरव्याण्डले बाँधेकी , केही लाम्चो अनुहार र गोरो वर्ण भएकी , करिब १५/१६ वर्षकी त्यो केटी रामै थिई । बसको कुदाई संगसंगै नराम्रो मुख लगाएर थुक्ने क्रम उसको बढ्दै थियो । आखिर उसले रोक्न सकिन, झ्याल बाहिर मुण्टो निकाली हवाल्ल ओकली हाली । पछि मैले उसलाई सोधें - वमिट रोक्ने ट्याब्लेट खानु भएन ? 'खाएकी थिएं तर छैन' ।

तुरुन्तै फेरि उसले मुण्टो बाहिर निकाली र बलपूर्वक वमन गरी । क्रमैसग उसले छिनछिनमा ओकल्दै रही । एकछिन सुस्ताउने र फेरि ओकल्ने क्रम निरन्तर जारी रह्यो - यात्राको समाप्ती सम्म । कागती चुसेर रोकिन्छ कि भनेर मैले उस्लाई निःशुल्क दुईबटा कागति उपलब्ध गराए । त्यसको चुसाइले अलिकति आराम त मिलेको हो तर पूर्णतः रोकिएन । उसले पछ्यौराले टाउको कसी र मुख छोपेर सीटमा ठाउको अड्याई रही । त्यो दिनले सन्ध्यालाई पनि पछाडि धकेलेर रात्रीको आह्वान गर्दै थियो । काठमाण्डौ पुग्ने केही यात्रुहरुले राती नौ बजेसम्म चुटवल पुग्नु पर्ने अन्यथा नेपालगञ्ज - काठमाण्डौको बस कुराइमा ११ बजेसम्म बस्नु पर्ने र सीट पनि मिल्न नसक्ने समस्या ड्राइभरसमक्ष राख्दै थिए ।

त्यो केटीको करुण अवस्थाले गर्दा म हैरान भैरहेको थिएं - यसर्थ कि मानवीयताको नाताले उसको वेदनासंग म भावनात्मक रुपमा संवद्ध थिएं र संगै बसेपछि उसको दुखाईसंग दुखित हुनु मेरो मानवीय धर्म र कर्तव्य पनि थियो । क्षणक्षणमा झ्याल खोलेर टाउको बाहिर निकाल्दा अर्को विपत्ति आइलाग्ने हो कि भन्ने डर ले उसलाई सचेत गराउँदै थिएं । उ बिचरी के गरोस्, पेटमा केही नभएपछि त नउम्ले हुन्थ्यो नि ! एक धुप्की अमिलो पानी निकाल्दा आन्द्रा नै चुडिएला जस्तो बल गर्नुपर्ने । उ थकित थिई , आफ्नो शरीर आफैलाई भार भएको महसूश गर्दै थिई । कहिले झ्यालमा टाउको अड्याउथी,कहिले मेरो कुममा । उसले चप्पल फुकालेर सीटमा खुट्टा राखेर छटपटाइरहेकी थिई । मेरो जघनस्थलमाथि टाउको ढल्काएर आराम लिन पनि वाध्यतावश उस्लाई संकोच लागिरहेको थिएन । व्याप्त अंध्यारोमा एउटी अपरिचित तरुनी केटीलाई काखमा शयन गराउनु एक नैतिकवान् पुरुषकालागि सांच्चै नै अशोभनीय हुन्छ । उसको दाजु वा अरु कसैले पनि त्यस अवस्थामा उल्टो सुल्टो प्रश्न गरेर जाइ लागेमा मैले नैतिकता वा मानवीयताका कुरा गरेर छुट्कारा पाउन अप्ठ्यारो पर्थ्यो । जमाना यसै दिशातिर उन्मुख हुँदैछ । यस दृष्टिले म ठूलो अन्तर्द्वन्द्वमा फंसिरहेको थिएं । एक प्रकारको भयले म कातर हुँदै थिएं । मेरा सहयात्री केटाहरुवाट पनि म लज्जित भएको महसूश गर्दै थिए ।

हातमा घडी भएता पनि बेलाबेलामा त्यो केटीले मलाई सोध्थी - 'कति बज्यो ? कहाँ आइपुगियो ? कति बाँकि छ' ? टायम नदिएर हो कि हेर्न अल्छी लागेर हो मलाई थाहा भएन । प्रयोजन रहित कुराहरुमा मैले पनि प्रश्न खडा गरिन । यतिसम्म कि उसको नामसम्म पनि मैले सोधिनछु । पछि पो सम्झना भयो ।

मलाई एउटा महान् आश्चर्य त के लाग्दै थियो भने - जोसंग उसले दाजुको नाता जोडेकी छ - त्यो कहाँ छ । बहिनीको अवस्था देखिरहेको छ कि छैन ? मैले सोध्न चाहेर पनि सोध्ने आवश्यकता महसूस गरिन । किन सोध्ने ? उसले आएर पनि के नै गर्न सक्छ र । फेरि बहिनीलाई नै दाइको जरुरत छैन भने मलाई के को खसखस । उसले पनि त मलाई तिरस्कार गऱ्यो वा घृणा गऱ्यो भनेर आफू अपहेलित भएको अनुभूत गर्ली, चित्त दुखाउली ! त्यसै भएर म चुप्प लागिरहें ।
मेरो शंकाले भने लंका डोल्दै थियो - यहाँ कुनै रहस्य त लुकेको छैन ! त्यो दाजु नै यहाँ छ कि छैन ?

त्यो केटीको छटपटी र उत्पीडनको अनभिज्ञता वा

बेवास्ताको पछाडी उब्जिएको तर्क वितर्कको निष्कर्षमा पुगेर म करुणाले द्रवित भएँ, उसप्रति मेरो दया र माया दुई गुना बढेर आयो । यथार्थ वस्तुतथ्य बुटवल पुगेपछि अवगत हुने नै भएकोले चुप लागेर वस्नु नै सर्वोत्तम बुद्धिमत्ता ठानें ।

बुटवल पुग्नुभन्दा दश मिनेट अगाडि प्रहरी चौकिमा बस रोकियो , वत्ती वल्यो । केटीले मेरो कुममा अड्याइराखेको टाउको उठाई, उसका आँखा आँशुले भिजेका थिए । उसले सोधी-यात्राको अन्तिम विन्दु । उत्तर दिएं- यो बसमा यात्रा गर्ने समय अब दश मिनेटमात्र बाकि छ । साथै यो पनि बताएं कि हामीले नौ बजेको बस पाउन मुश्किल पर्नेछ । नौ बज्न लागि नै सक्यो ।

बसपार्क पुग्नु भन्दा अलिकति अगाडि मेरा सहयात्री दुई जना केटालाई ओरालेर त्यो बस नै बजेर सात मिनेट जाँदा बसपार्क पुग्यो । त्यहीं नजिकै एक जना कराउँदै थियो - काठमाण्डौ लाष्ट बस छुट्न लागि सक्यो, जाने जति आइहाल्नुस् ।

म संगसंगै त्यो केटी पनि तल ओर्लें । मैले उसलाई यसो भन्दै झोला बोकेर हिंडें - आउँदै गर्नुस् है, म गएर सीट रोक्दै गर्छु ।

काठमाण्डौ जाने बसमा पछिल्तिरको दुई लाइन मात्र बाकि रहेछ । एउटा सिटमा झोला र अरु दुईवटा सिटमा रुमाल फिजाएर करिब पांच मिनेट पछि म तल ओर्लें । अझ पनि त्यो केटी र उसको दाजु आइपुगेका थिएनन् । म बस रोकिएको ठाउँतिर नै हेरें । तर त्यो केटी देखिइन । मेरो शंका कता कता सत्यतामा परिणत हुनथालेको अनुभव हुन थाल्यो । बस छुट्ला भन्ने डरले म डाइभरलाई सोधेर फेरि निस्के । नजिकको चिया कफि पसलमा हेरें । टिकट काउन्टर पुगें, सडकतिर नजर दौडाएं, नदिसेले फिजाइराखेका फलफूलका थुप्राहरुतिर आँखा घुमाएं, औषधि पसल चहारें तर त्यो केटी देखिइन ।

म केही आश्चर्य र केही अपसोचमा पर्दै फर्कें । बसले मलाई पखिंरहेको थियो । केही यात्रुहरु डण्डी समातेर उभिएका थिए । तीनवटा सिटले मात्रै मेरो मूर्खतापूर्ण सोचाइको उपहास गर्दै थिए । मैले रुमाल उठाएर खालि सिटमा उभिएका यात्रुहरुलाई बस्न अनुरोध गरें । बस चल्यो ।

त्यो रातभर मैले त्यहि केटीलाई सम्झिरहें - त्यो कहाँ गई होला ! त्यो दाजु को थियो होला ! सज्जन थियो होला कि दुर्जन ! मानव थियो होला कि दानव ! त्यसलाई चिन्न पनि त पाइन मैले ! त्यो केटीको जीवन यात्रा कता मोडिए होला । नारकीय यातनामा त धकेलिन उसले आफ्नो प्रस्फुटित यौवनलाई । अब फेरि मैले देख्न पाउंला कि नपाउंला त्यो केटीलाई ? कतै यो सबै स्वयं कटीले सिर्जेको नाटक त होईन । जुन नाटकको हास्य पात्र (विदूषक) म हुन पुगें । यिनै सोचाइ र अन्तरद्वन्द्वमा रौंदै म काठमाण्डौ पुगें ।

त्यो दिनको यात्रा संस्मरण गर्दा अहिले पनि म त्यस केटीको अनुहार संझन्छु र नामसम्म पनि नसोधेकोमा पश्चात्ताप गर्छु । त्यो केटी के उद्देश्य लिएर वा कस्को लोभ लालचमा फसेर कहाँ जान हिंडेकी थिइ र त्यसरी बेपत्ता भई ।

***

गजल

-पाण्डवराज कार्की

आफैलाई भुमरीमा हालेको छु मैले
काम चलाउन अलिकति टालेको छु मैले ।
चाहे जति परपक्व हुन नसकेर
फोहोरसंग राम्रा कुरा फालेको छु मैले ।
अकालमै बिते पनि मेरो गुरु धाम हो
उस्कै विचार जस्तो पाइला चालेको छु मैले ।
आपनै कारण अलिकति खुम्चिएको छु म
एक किसिमको डर त्रास पालेको छु मैले ।
जुन बाटोमा मैले आफ्नो आस्था गाँसेको छु
सुनलाई जस्तो आगो हाली गालेको छु मैले ।
बस्नै नसकेर होइन मनै नलागेर
शहरबाट गाउँमा पाइला हालेको छु मैले ।
सकिएछ गर्न भने शहर आउँला फेरी
छातिभित्र तातो आगो वालेको छु मैले ।

(मकवानपुर)

साहित्य, संगीत र कलाबाट हीन मानिस सिङ् पुच्छर नभएको पशु हो – नीति सूत्र

विवाह, जन्मोत्सव आदि अवसरमा तपाई के उपहार दिनु हुन्छ ?
आखिर जे दिएपनि सर्वतन उपहार त पुस्तक नै हो ।
साझा प्रकाशनका पुस्तकहरु उपहार दिने बानी बसालौं ।

साझा प्रकाशन
पुल्चोक, ललितपुर

आत्म संस्मरण

आफ्नै खोजका पाइला सार्दा

- सूर्य सेन

गुल्मी जिल्ला भित्री पहाडी जिल्ला । रिडी, थोर्गा, मानकोट तथा धुरकोटका केही व्यक्तिहरूले पाल्पाको सपर्क, सस्कृतको पढाइ, पुरोहित्याई, तीर्थवास आदिका कारणले र केही विदेशमा नोकरी गरी बस्नेका छोराहरूले मात्र पढेलेखेका थिए । सर्वसाधारण गुल्मी बासीले पढेलेखेका थिएनन् । खेती पाती बाहेक अन्य व्यवशाय जानेका थिएनन् । परम्परा र रुढीवादीमा आश्रित, मानसिक तथा आर्थिक पछौटेपन र गरिबीले ग्रसित जिल्ला थियो गुल्मी ।

जगबहादुरद्वारा रचित कोतपर्व, भण्डारखाल पर्व, जुद्ध शमशेरद्वारा शहीदहरूको हत्या, सात सालको क्रान्ति र सत्र सालको परिवर्तनमा भाग लिन नसकेको केन्द्रीय निर्णयलाई सम्मति दिंदै आएको जिल्ला गुल्मी । बाइस सालतिर आइपुग्दा पनि यहाँ जनजाँगर बाहेक अरु गति अगाडि बढ्न सकेको थिएन ।

पचायती संस्थाहरूको स्थापना र विकास द्रुत गतिमा भए पनि सामाजिक मानसिक र आर्थिक विकासका क्षेत्रमा विकासको गतिलाई अगाडि बढ्न पनि जिल्ला विकासकोलागि प्राप्त अनुदान रकम पनि हरेक पंचायतलाई बराबर बाँड्न अंश जस्तै गरी गरेर दिइएन । खुदुरा-बाटो, कुलो, गौंडा, डोहा, गाँगु जस्ता काममा नेतृत्व वर्ग लागेकोले निकासा रकमको दुरुपयोगका उदाहरणहरू पनि देखिन थाले । सर्वसाधारण हट्ने त कुरा नगरौं, घट्ने पनि हुन सकेन ।

शर्मा सर्वश्री काशिनाथ गौतम, श्री गोकर्णराज शास्त्री दयानिधि शर्मा, गुणनिधि शर्मा, युवराज शर्मा, एकदेवजीहरूले राजनीतिक परिवर्तन र सुधारका लागि संघर्ष गर्नुभयो । जिल्ला भित्रको समाजमा व्याप्त जाली फटाही, अन्याय र शोषणको विरुद्धमा जानु भएन । श्री प्रयागलाल श्रेष्ठले समाज सुधार र जाली फटाही विरुद्धमा पनि सघर्ष गर्दै आउनु भएको थियो । तर पछि पछि ब्राम्हण विरोधी नयाँ पिढीले त्यो बाटो नलिएकोले जिल्लाको जाली फटाही हट्न र घट्न सकेको थिएन ।

यही अवस्थाको अध्ययन गरी राजनीति गरेरमात्र जिल्लाबासीलाई जाली फटाही, शोषण र अन्यायबाट मुक्त गर्न नसकिने र पछौटे समाज हुँदा कुनै पदाधिकारमा बसेपछिमात्र प्रभावकारी ढंगले कामगर्न सकिने बुझी जिल्ला का सही पाका अग्रजहरू, युवाहरू, पढा लिखा व्यक्तिहरूको राय सल्लाह लिई २०२३ साल बैशाख २६ गते हुने जिल्ला पंचायतको सभापति पदकालगि उम्मेदवार बन्ने निर्णय गरें । त्यसबेला काठामाडौंमा बस्ने मा. गोकर्णराज शास्त्री र युवाहरूमा हेमराज ज्ञवाली, दिगम्बर बहादुर बस्नेत, तथा जिल्लामा मु.कृष्ण बहादुर कुंवर, डि.टेक बहादुर कुंवर, वि. हिरा बहादुर कार्की, उत्तर कुमार श्रेष्ठ, खड्ग बहादुर खड्का, सिद्धिनाथ ज्ञावाली, डा. राजकुमार श्रेष्ठ, चिन्तामणि पोखेल, केशरबहादुर थापा, लव विक्रम शाह आदिको प्रोत्साहन र सहमति पाएर बुवा मुमाको आशिर्वाद लिएर गुल्मी, गुल्मीबासीको सेवा र विकासकालागि आफ्नै खोजका पाइलासार्ने सन्दर्भमा २०२२ साल चैत्र १९ गते पुरकोट बाँजकटेरीबाट निस्कें ।

आठवजे मरभुङ्ग पोखरा पुगें । मुखिया रुद्रबहादुर थापा-यसभेगका प्रभावशाली व्यक्ति हुनुहुन्थ्यो । उहाँसंग कुराकानी गरें । सल्लाह, सुझाव, समर्थन लिएर उत्तर लागें । ठाडो-गौडा गौंडी बाटो, उकालो, जंगल, चिसो कालो पातल, बन, छिचल्दै तिस्केर तिम्लेको लेक काटी डाँडापारि मुलावारी पुगें । यहाँ नरसिंह खत्रीजीसंग भेट घाट र रामोसंग कुरा कानी भयो । उहाबाट पनि समर्थनको आश्वासन मिल्यो ।

लेकाली भेग भएपनि ढिक काल्नामा घांस राउराका रुख विरुवा, जंगल नजिक, ठाडा खोला-खोल्सा छुयाल्ब्याल पानी-हरियो बलियो बातावरण पार गर्दै झरें । उत्तीसका रुखका गाँजभित्रबाट बग्ने हुवाड्दी खोलो तरी अलिकति बाटो छेउं सानो चौर उक्लेर दलसिंह थापासंग भेट गरें । उहाँले विशेष चासो राखेर मेरो समर्थन र प्रोत्साहन जनाउनु भयो । पश्चिम फर्केको लामालामा बाटाको बारी भएको, जतातत्तै पानी पंधेरा पहुल भएको, प्रसस्त रुख विरुवाले शोभा दिएको हुवाड्दी थापा गाउं रमाइलो-सुन्दर गाउं रहेछ । एक छिन बसी उहाँहरूसंग विदाबादी भएर पौंदी अमराईकालागि हिंडे । अलिकति तिस्केर, चौरपार गरेर डाँडो काट्दै डाँडा हिडेर दार्लिङ नेटा भएर डाँडाबाट तल गहिरामा एकापट्टि निस्ती खोला, अर्को पट्टि बडीगाड खोला हेर्दै अगाडि बढें । बडीगाड खोलामा खेतका राम्रा फाँटहरू दुवैतिर

रमणीय बस्तीहरू हेर्दै हिडें । प्रशस्त ठाडाखोला, प्रशस्त पानी टारीखेत, हराभरा बारी हेर्दै अगाडि बढें साथमा गोरे भाइ थिए । सोधेको जवाफमात्र दिंदै हिंड्थे । यस्तो रहेछ, उस्तो रहेछ मात्र भन्थे । दुइभाइ हिंडिरहेका थियौं तापनि शारिरिक रुपमा मात्र । मानसिक रुपमा मैलेमात्र सोंच्दै अध्ययन गर्दै हिडें । साँझ सात बजे पौंदी मिडिल स्कूलमा पुगें, हेडमास्टरजीसँग भेट भयो । विद्यालय बारे कुरा भए । भवन, फर्निचरको राम्रै व्यवस्था भएपनि आर्थिक स्थिति मजबुत रहेन छ । शिक्षकहरुको कमी रहेछ ।

उहाँकासाथमा जिम्मेवाल थापाजीकहाँ गएँ । त्यहाँ अमराइबाट प्रधानपञ्च टोपबहादुर रायमाझी आउनु भयो । एकछिन पछि एम.सी. पदमबहादुर हितानजी पनि आउनु भयो । उहाँहरू यतातिरका अत्यधिक प्रभावशाली व्यक्ति हुनुहुन्थ्यो । कुरा कानीमा "पढेलेखेका मान्छेहरुले आपनो गाउँठाउँ हेर्दैनन् । अलि मताहा हुन्छन् । के के न भयो भन्ने ठान्छन् पढें भनेर । केही दिन पढाएर खर्चपर्च जोरजाम पारेपछि शहर पस्छन् । विद्यार्थी पनि अलिकति पढ्योकि घरको कामै गर्दैनन् ।" भन्नु भयो उहाँहरुले । 'यो सब आर्थिक कमजोरीका कारणले भएको हो । धनीहरुले ब्याजमा लागनी गर्ने पैसा । सञ्चालक समितिले दिई त्यसबाट उब्जाउ जमिनहरुमा खेती गरी आर्जन गर्ने, गरीबहरूलाई बाखा-भोडा, गाई अँधिया पाल्न दिने, व्यापारीलाई महँगो ब्याजमा ऋण लगानी गर्ने, बाटोमा डोरी टिकी मरमसाला, कपडाका पसलहरू खोल्ने-चलाउने आदि कामगरी स्कूलको आर्थिक अवस्था उठाउनु पर्यो । शिक्षकलाई राम्रो तलब दिनु पर्यो । यसो भएमा उनीहरूले विद्यार्थीलाई राम्री पढाउँछन्- राम्रो तालिम दिन्छन् । स्कूल छोडेर अन्तपनि जाँदैनन् । विद्यार्थीलाई पढाएर मात्र हुँदैन, घरको काम छोडाउन पनि हुँदैन । समयले भ्याएसम्म र सकेसम्म-सबै प्रकारका काम गर्ने-गराउने बानी पारेर हुर्काउनु पर्छ । जे जस्तो काम पनि गर्न सक्ने बनाउनु पर्छ । मान्छे ठूलो होइन-उसको काम ठूलो हो भन्ने भावना जगाउनु पर्छ उनीहरूमा । तबमात्र उनीहरू स्वावलम्बी बन्दछन्' भनें ।

अबेरसम्म यस्तै कुराहरू गरेर बस्यौं । खाना तयार भएको खबर आएपछि उहाँहरू आ-आपनो घरतिर लाग्नु भयो । हामी त्यहीं बस्यौं । खाना खायौं । जिम्मावाल थापाजी सरल समाजसेवी व्यक्ति हुनुहुन्थ्यो । अबेरसम्म कुराकानी गरी बस्यौं ।

मैले बिहान आतिथ्यकालागि जिम्मावाल साहब, साहबनीलाई धन्यवाद दिई विदा लिएर अलिकति झरी नारायण गिरीजीकहाँ पुगें । डाँडामा पनि सम्मो मैदान परेको रसिलो बारीमा बसेका गिरीजी त्यतातिरका प्रभावशाली व्यक्तिमध्येका एक हुनु हुँदो रहेछ, उहाँकहाँ बस्दा मेरो पनि चिनाजानी भयो धेरैसँग । 'जिल्लाको फटाहीं र अन्यायलाई दमन गर्न र सर्वसाधारणलाई न्याय र इज्जत दिलाउन पुरानो शोषक प्रवृत्तिको नेतृत्व वर्गमा परिवर्तन ल्याउनु पर्ने आवश्यकता छ, मिलेर काम गरौं । गुल्मीवासी जन साधारणको मनोबल उठाऔं' भनें ।

मेरो प्रस्तावमा उहाँकोसमर्थन र सहयोग प्राप्त हुने वचन लिई तीन बजेतिर त्यहाँबाट हिडें । बडीगाड खोलाको तीरमाथि सुतेर बसेको सम्मो उब्जाऊ भूमि अरेबा गाउँलाई बायाँ पारी झरें, झोलंगे पुल तरें । साँझसम्म घामपर्ने पल्लो भित्ताको तातो ताप्दै राम्रा खेतका फाँट माथि लामा लामा पाटाको बारी तेर्छो ग्वालीचौर गाउँमा पुगें, जनार्दन आचार्यजीकहाँ बास पारें, उहाँसँग कुरा भयो साँझ रातीसम्म । उहाँ आँटिलो, साहसी र सुझबुझ भएको मानिस हुनुहुँदोरहेछ - जिल्लाको विकास निर्माण र सर्वसाधारणलाई पुऱ्याउनु पर्ने न्यायको विषयमा स्पष्ट दृष्टिकोण र इच्छा राख्ने व्यक्ति हुनुहुँदोरहेछ । लायक छोरै छोराका बाबु जनार्दनजी उज्ज्वल भविष्य र उन्नत इज्जतको महत्त्वाकांक्षी पनि हुनुहुँदोरहेछ । त्यो बास मेरो खोजकोलागि उत्साहप्रद रह्यो ।

उहाँको जेठा छोरा विश्वनाथ प्रवेशिका परीक्षा दिएर बसेका रहेछन् । उनीसँग पढाइका, भविष्यका कुरा गरें । उनी पनि होनहार विद्यार्थी-चिल्लोपात जस्तो लाग्यो । आपनो अनुभवले उनलाई पनि प्रोत्साहन गरी बसें ।

भोलिपल्ट बिहान आचार्यपरिवारसँग विदा भई विश्वनाथलाई लिएर जिल्ला सभासद् छविलालजीका घर गएँ, भेटे, कुराकानी गरें । उहाँबाट पनि मेरो सहयोग र समर्थनमा काम हुने आश्वासन पाएर भाइ विश्वनाथलाई 'बाइ बाई' गरी जिमीतिर लागें, बडीगाडको बायाँ पट्टिको बाटो हुँदै आपनै खोजका पाइला सारें ।

***

गाई, हात्ती र चाण्डाल, कुत्ता सर्वज्ञ बाहुन, ज्ञानीका दृष्टिमा एकै ठहर्छन् बुझ अर्जुन । - गीता

कथा/

कस्तो विवशता.....?

गरुभक्त धिताल

कुकुर रुन्छ । बढो नरामरी रुन्छ ।

भन्छन्– कुकुर रोए नराम्रो घटना घट्छ । समयले एउटा निहुँ पारेर घटना क्रम रच्छ । हुन पनि त्यो लामकाने कुकुर यसरी नमज्जासँग रोएको कसैलाई थाहा छैन । कृतज्ञ कुकुरको अन्तर -अन्तर छ अस्थिर र बेचैन ।

घटना चक्र चल्दा बुझ पचाएर ज्यान जोगाउन आँनिदो बसेका छिमेकीहरुको टोल्हाएका र राता धसां परेका आँखा-आखाँमा बनावटी विश्मय टड्कारो र प्रष्ट छ । कुकुरको एकतमासको अलच्छिने रुवाइमा घरका आँगनमा टुपुल्किन थालेका छिमेकीहरूको मुहारमा सत्रासको अभिनय स्पष्ट छ ।

चारोटा लाश । छताछुल्ल रगत र रगतका फाल्सा । वतासमा एकतमासको मानवरक्त साँदिएको गन्ध । आतुर कुकुर प्रत्येक लाशको छेउमा गएर कुई-कुई गर्छ । गोहीका आँसु झार्नेहरू हरेकको सहानुभूतिका शब्द सुन्छ र सुँघ्छ ।

छिमेकीहरू फगत पहरोसरह अमूर्त छन् ।

कति स्वार्थी र आत्मघाती हुन्छ हगि मान्छेको मन ।

डर र आतंक आच्छादित बिस्मित निर्धा आँखाहरू । कौतुहल समेटेर लोलाएका असहाय संगमर्मर दृष्टिहरू .....।

बिचरा कुकुर मात्र रुन्छ । फन्को मारिमारी थाकेको हुन्छ । मुडा मुर्दाहरू .....। कुनै आततायिले प्रत्येकलाई मानं अंघि नृशसताको परिचय दिएको प्रष्ट छ । कुनै बौलाहा शिकारीले ख्यालख्यालमा दुई-चार कुकुर ढुकुर मारि दिए जस्तो छ । कठै.....यहाँ मानिसको भाउ पानीभन्दा पनि सस्तो छ । यहाँ माल्फा-आल्फा-खाल्सा दिनहुँ जन्मँदैछन् .....।

रक्षक कमजोर र भक्षक बलवान हुँदैछन् .....।

बज्दै आइरहेको साइरन.....अडिएको जीप साथ बज्न छोड्छ । खाकी पोशाकमा.....,सिपाहीहरू र इन्सपेक्टर झर्छ । इस्सपेक्टर हातको छडी घुमाउँदै घटना स्थलतिर लम्कन्छ .....। यहाँ यस्तै हुन्छ .....। घटना घटि सकेपछि पुलिस झन्टन्छ....। ठडेर खाक भइसकेपछि फायर बिगेड टप्कन्छ । कुकुर कुईकुई गरिरहन्छ । इन्सपेक्टर पञ्चनामा लेख्छ । बुझो हालेका छिमेकीलाई केर्छ ।

कुकुर दौडन्छ ....। ऊ सिपाहीसहित कुकुरका पछि लम्कन्छ । कुकुर एउटा अट्टालीको फलामे द्वारवाहिर उभिएको छ । गेटभित्र अजको भोटेकुकुर 'ड्यारड्यार' गर्दै ठडिएको छ .....।

माननीय हुतबहादुरको हवेली । जमानाका महान् जाली र झेली । एउटा भयानक व्यक्तित्व । तर छैन ऊ सर कारको दृष्टिमा संदिग्ध । भ्रष्टाचारको राजा हो हुतबहादुर तर उजुरनामाको फायलमा उसको उल्लेख छैन । उसको पहुँचमा कायल अफसरहरू, मानो गुडिया हुन् प्राण छैन ।

हतविम्व इन्सपेक्टर सोच्छ । निधार हत्केलामा जोतेर, बुढी औंलाको नङ् टोक्छ । मर्ने परिवारलाई ऊ रामरी जान्दछ । गत चुनाउ, उनको हत्याको कारण ठान्दछ .....।

विपक्षी पार्टीका नुमाइन्दा धिताल मास्टर । बिचरा राजनैतिक प्रपञ्चका शिकार । उनी कुत्सित बदलाको भावनामा परिवार सहित सखाप भए ।.....अनि बली काजी हुतबहादुर बन्दुकको नालमा सधै बिजयी रहे ।

यस्तै हुन्छ यहाँ .....। गरीबको निसाप हुन्छ कहाँ ?

अजिंगरले मृग निल्छ सुस्तरी, एउटा अस्तित्व मेटिन्छ । थाहै नपाई निधो अक्टोपासको जालीदार बाहुपासमा तड्पन्छ ।

उसको कर्तव्य अपराधीलाई पक्नु । तहतहका अपराधीलाई समातेर कानूनलाई अर्पनू । तर अपशोस उसको क्षेत्र सिमित छ । ऊ पनि कसैको संकेतमा जीवित छ ।

हिजस्ति हो.....। एयरपोर्टमा..... ठूलो भूमिगत तश्कर पकडाउ पर्यो । डि.आइ.जी. जस्ताको पनि सेखी झर्यो ।

सत्य.....अन्तर्राष्ट्रिय डाँकाका चम्चाहरूको बेग्लै धाक छ । तिनको मुखौटो उदांग्याउनु अभिशाप छ .....। भनौं ....नबोलाएको आपद या स्वयको हत्या गरेजस्तो पाप छ ।

कुकुर कुई-कुई गरेर उसको उपहास गर्दै छ । बिबेकी इन्सपेक्टर भित्रभित्रै उसिनियर छटपटिंदैछ । ऊ आफूलाई लाचारिताको चरमसीमाना पाउँदैछ । फलास भएका बा-आमा र तरुनी स्वास्नीको सम्झनाले उसका हातगोडामा नेल लगाउँदैछ ।

माननीयमाथि हात हाल्नु.....जागीरबाट बर्खास्त.....सरुवा वा/यस्तै मरण । बेफ्वाँकमा आफूलाई जञ्जालमा पार्नु अलपत्रिनुकोहो लक्षण ।

लामो हात भएकाले नगर्न के सक्दैनन् ! भ्वाङ् परेको व्यवस्थामा सच्चा मानिस टिक्दैनन् । ऊ आफ्नो भित्री मान्छेलाई बुझाउँछ । गगन चुम्बी अट्टालिकातिर नुन्टो उठाउँछ र खल्ल लागेको टोपी समातेर निलाउँछ ।

डिगबोई, असम